साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १५८औं दिन
वर्ष ४३, अंक ३७, २०८२, फागुन ४ गते, सोमबार (Feb. 16, 2026) मूल्य रू. १०।-

# रास्वपामा चर्कियो प्रधानमन्त्रीको बहस
# बालेनको विपक्षमा को को ?

**काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा अबको प्रधानमन्त्रीका लागि दुई धार देखिने सम्भावना बढेको छ । सभापति रवि लामिछाने सहकारी ठगी तथा संगठित अपराधसँग जोडिएको मुद्दामा रहेका कारण उनी निर्वाचित भए पनि संसदीय दलको नेता हुने मौका पाउने छैनन् । उनी सांसदको शपथ खाने मौका पनि पाउने छैनन् । त्यसैले उनको विषयमा अहिले धेरै चर्चा भएको छैन ।**

उनी संसदमा छिर्न नै नपाउने भएका कारण बालेन शाहलाई प्रधानमन्त्रीको रूपमा अघि सारिएको छ । त्यसो गर्दा रास्वपाभित्र दुईवटा धार देखिएका छन् ।

एकथरी बालेनको पक्षमा देखिएका छन् भने अर्कोथरी बालेनको विपक्षमा उभिएका छन् । जितेर आउने सांसदको संख्या लामिछाने पक्षका धेरै हुने छन् । त्यसैले अबदेखि नै बालेनको पक्ष र विपक्षमा मत देखिन थालेको हो । त्यसो त बालेन मात्र होइन, रास्वपाभित्र बालेनको विकल्प को हुने भन्ने पनि चर्चाको विषय रहेको छ ।

कदाचित बालेन चुनाव हारे भने वा अन्य कुनै कारणले बालेन नभएको अवस्थामा को हुने संसदीय दलको नेता भन्नेमा पनि रस्साकस्सी रहेको छ । रास्वपाभित्र चलेको चर्चा अनुसार अहिले उपसभापति स्वर्णिम वाग्ले र डीपी अर्यालबीच शीतयुद्धजस्तो छ । यो शीतयुद्ध पहिलादेखि नै थियो । तर, अहिले चुनावमा पनि



पोखिन थालेको छ । उनीहरू एकले अर्को हारोस् भन्ने चाहनामा रहेको रास्वपाभित्र चर्चा भइरहेको छ । यद्यपि एकले अर्कोलाई असहयोग गर्ने गरी नै काम भने गरिनसकेको पनि भनाइ छ । अर्याल र वाग्लेबीच संसदीय दलको नेतामा चासो राखेका कारणले पनि रास्वपाभित्र नयाँ तरंग भने ल्याएको छ ।

रास्वपाभित्र बालेनको पक्षमा ठूलो पंक्ति बनिसकेको छैन । बालेन समूहबाट टिकट पाएका उम्मेदवारको संख्या पनि धेरै नभएको र उनीहरूमध्ये अधिकांश 'रेड जोन' मा रहेका कारण दलमा बालेनको संख्या भने कम हुने बताइन्छ । त्यस्तो संख्यामा भने डीपी अर्यालकै संख्या ठूलो हुने पनि नेताहरूको भनाइ छ । वाग्लेको सार्वजनिक चासो भए पनि पार्टीभित्र भने उनको प्रभाव खासै बढेको छैन । उनीनिकटमध्ये केहीले पार्टी छोडेका छन् र केहीले चुनावमा गतिलो प्रभाव देखाउने सम्भावना कम रहेको बताइन्छ ।

त्यसैले वाग्लेको समूह भने डीपीले हारिदिए हुन्थ्यो भन्ने चाहना राखिरहेको रास्वपा नेताहरूको तर्क रहेको छ । यसमा पछिल्ला दिनमा लामिछाने भने अर्यालभन्दा पनि वाग्लेसँग निकट देखिन थालेका छन् । पहिले वाग्ले र लामिछानेको ट्युनिङ मिलेको थिएन र अर्याल नै लामिछानेको विश्वासपात्र थिए । अहिले भने अर्यालभन्दा वाग्ले नजिक भएर लामिछानेले काम लिन थालेको पनि बताइन्छ । त्यही कारण नै अर्थमन्त्री हुने गरी केही दिनअघि संकेत गरेर सार्वजनिक कार्यक्रममा बोलेको पनि बताइन्छ ।

# निर्वाचन कि व्यवस्थाको अन्तिम अग्निपरीक्षा ?
# फेरि पनि अस्थिर गठबन्धन : जोखिमको संकेत !

**काठमाडौं । नेपालको वर्तमान राजनीतिक परिदृश्यलाई सूक्ष्म रूपमा नियाल्दा, आगामी २०८२ फाल्गुण २१ गतेका लागि तय गरिएको निर्वाचन केवल सत्ता परिवर्तनको माध्यम मात्र नभई विद्यमान राजनीतिक व्यवस्थाकै 'अग्निपरीक्षा' सावित हुने देखिन्छ । परम्परागत शक्तिहरू (नेपाली कांग्रेस, एमाले र नेकपाप्रति बढ्दो जनवितृष्णा र 'जेन-जी' (Gen–Z) पुस्ताको राजनीतिक उदयले गर्दा यसपटक त्रिपक्षीय प्रतिस्पर्धा हुने प्रायः निश्चित छ ।**

दलीय प्रक्षेपणका आधारमा कुनै पनि एक दलले स्पष्ट बहुमत ल्याउने सम्भावना निकै न्यून देखिन्छ । यस्तै, दुर्गा प्रसाईंको अभियानले एमाले, कांग्रेस र प्रचण्ड दलको 'भोट बैंक' मा गर्ने क्षतिले राप्रपा वा राष्ट्रि स्वतन्त्र पार्टीका उम्मेदवारहरूलाई प्रत्यक्ष फाइदा पुग्न सक्छ । यसैबीच, २०८२ फाल्गुण ७ गते पूर्वराजा ज्ञानेन्द्र शाहबाट हुन सक्ने सम्भावित "ठोस घोषणा" ले राजनीतिक उथलपुथल ल्याई निर्वाचनको माहोललाई अनिश्चित बनाउन सक्ने आंकलन गरिएको छ ।

नेपाली कांग्रेस र एमाले दुवै ६० देखि ६५ सिटको हाराहारीमा खुम्चिन सक्ने अनुमान छ । अर्कोतर्फ, बालेन शाह र रवि लामिछाने नेतृत्वका नयाँ शक्तिहरूले ३० भन्दा बढी सिट जितेर संसदमा निर्णायक 'किङमेकर' का रूपमा उदाउने प्रबल सम्भावना देखिन्छ । यसैगरी, प्रचण्ड र माधव नेपाल नेतृत्वको एकीकृत वामपन्थी मोर्चाले अधिकतम् करिब २० देखि २५ सिट ल्याएर आफ्नो अस्तित्व जोगाउने संघर्ष गर्नेछ भने हिन्दू राष्ट्र र राजसंस्थाको मुद्दा बोकेको राप्रपाले शहरी तथा असन्तुष्ट मत तान्दै आफ्नो उपस्थितिमा केही सुधार गर्ने अनुमान छ ।

कांग्रेस, एमाले र प्रचण्ड नेतृत्वको नेकपा अघिल्लो निर्वाचन २०७९ भन्दा खुम्चिने र बाँकी सानातिना र क्षेत्रीय दलहरुले २५ देखि ३० सिट हातमा पार्न सक्ने विश्लेषण पनि गरिएको छ । यसले आगामी संसद् झनै मिश्रित र अस्थिर गठबन्धन संस्कृतिको चपेटामा पर्न सक्ने खतरा बढाएको छ । यस्तो अवस्थामा पुष्पकमल दाहाल 'प्रचण्ड'ले बालेन र रविसँग बढाएको निकटताले सत्ताको 'जादुमयी साँचो' आफ्नै हातमा राख्न सक्ने अनुमान पनि गरिदैछ ।

## राप्रपामा प्रत्यक्ष प्रधानमन्त्रीको विवाद

*काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको मुद्दाले तनाव सिर्जना गरेको छ । राप्रपाले पहिलादेखि नै प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको कुरा गर्दै आएको थियो । अध्यक्ष राजेन्द्र लिङ्देनले यो मुद्दालाई निकै चर्को गरी उठाएका थिए । अहिले उक्त मुद्दाबाट पछि हटेको देखिएको छ । राप्रपाले चुनावी घोषणापत्रमा उक्त कुरालाई अटाएको छैन । सोही कारण राप्रपा यो मुद्दाबाट पछि हट्यो कि भन्ने चासो बढेको छ । चुनावी घोषणापत्रमा यो कुरा नअटाएपछि राप्रपाभित्र दुई खाले कुरा हुन थालेका छन् । एकथरीले प्रत्यक्ष प्रधानमन्त्रीको मुद्दाबाट राप्रपा पछि हट्यो भन्ने गरिरहेका छन् भने अर्कोथरीले मौन रहेर कायम रहेको संकेत गर्न खोजेका छन् ।*

*त्यसैले अहिले यो मुद्दाले राप्रपालाई दुई धारमा लैजान खोजेको छ। एकथरीले अध्यक्ष लिङ्देन 'ब्याक' भएको भन्दै आलोचना गरिरहेका छन् । यो आलोचनाका कारण उनी मौन बसेका छन् । उनका मौनताको अर्थ 'ब्याक' भएको भन्नेमै हुनेछ । यता, रविन्द्र मिश्रहरूले भने 'ब्याक' भएको अर्थमा हेरिरहेका छन् । उनीहरूले पहिलादेखि नै विरोध गर्दै आएका थिए । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको मुद्दा बोक्न नहुने मिश्रहरूको लाइनमा थियो । त्यसमा अरू राप्रपाका नेताहरू पनि थिए । त्यसैले अहिले राप्रपाभित्र प्रत्यक्ष निर्वाचित कार्यकारी* (बाँकी पृष्ठ ८ मा)

**केपी ओलीको 'घेराबन्दी' र 'सेफ ल्यान्डिङ' चर्चा**

यो निर्वाचन मुख्यतः नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको शक्तिलाई कमजोर बनाउन "घेराबन्दी" स्वरूप डिजाइन गरिएको र डिजाइन अन्तरगत नै बालेनलाई झापा पाँचमा पठाइएको चर्चा राजनीतिक वृत्तमा व्याप्त छ । विगतका संसद् विघटन र विवादित निर्णयका कारण ओलीमाथि लागेको "प्रतिगमन" को ठप्पालाई आधार मानी उनलाई निर्वाचनमार्फत नै सजाय दिने वा 'सम्मानजनक बहिर्गमन' (Safe Landing) को बाटो दिने भित्री सहमति भएको अड्कलबाजी भइरहेको छ ।

**पुराना खेलाडी र 'प्रयोजित नाटक' को आशंका**

गगन थापालाई नेपाली कांग्रेसको सभापति स्वीकार गर्न नसकेका निवर्तमान सभापति शेरबहादुर देउवा 'पर्ख र हेर' को रणनीतिमा देखिन्छन् । कांग्रेस पार्टीभित्र युवा नेतृत्वको चर्को दबाब झेल्दै गर्दा पनि विदेशी शक्ति र बालुवाटारको समन्वयमा कांग्रेसलाई सबैभन्दा ठूलो दल बनाएर आफ्नै नेतृत्वमा पुनः सत्ता सम्हाल्ने दाउमा रहेको विश्लेषण छ । यस निर्वाचनको भित्री पक्षलाई कतिपयले 'जेन-जी' आन्दोलनलाई निस्तेज पार्ने र पुराना दलहरू, खासगरी एमालेलाई किनार लगाउन वाह्यशक्तिबाट रचिएको एक "प्रयोजित नाटक" का रूपमा व्याख्या गरेका छन् । राज्यका शक्तिहरूले सडकको आक्रोशलाई मतपत्रतर्फ मोडेर तत्कालको संकट टार्न खोजेको र वास्तविक शक्ति सन्तुलन २०८४ को निर्वाचनमा मात्र देखिने योजना रहेको चर्चा पनि व्यापक छ ।

**२०३६ को जनमत संग्रहको पुनरावृत्ति ?**

वर्तमान राजनीतिक घटनाक्रम २०३६ सालको विद्यार्थी आन्दोलनलाई मत्थर पार्न घोषणा गरिएको २०३७ सालको (बाँकी पृष्ठ ८ मा)

## प्रचण्डको बोली किन बदलिँदैछ ?



काठमाडौं । केही दिनदेखि नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को बोली फेरिएको छ । चुनावी अभियानमा रहेका प्रचण्डले केही दिनदेखि एमाले अध्यक्ष केपी ओलीको भाषा बोल्न थालेका छन् । त्यसैले यो विषयमा निकै चर्चा र चासो बढेको छ । प्रचण्डले अहिलेको जेन-जी विद्रोहलाई 'जलाउनेहरू'को भन्दै आउने चुनाव जलाउने र बनाउनेहरूको प्रतिस्पर्धा भएको बताएका छन् ।

केही दिनअघि चुनावी घोषणापत्र जारी गर्ने बेलामा होस् वा निर्वाचन क्षेत्र रुकुमपूर्व पुगेर होस्, प्रचण्डले रास्वपालाई लक्षित गर्दै 'जलाउनेहरू' को समूहको अर्थ लगाउने प्रयास गरेका छन् । त्यही प्रयासमा उनले अन्तर्राष्ट्रिय घटनाक्रमको पनि विश्लेषण गर्न थालेका छन् ।

नेपाललाई युक्रेन बनाउन खोजिएको, 'जेलेन्स्की' जन्माउन खोजिएको भन्दै प्रचण्डले केही नेता र पार्टी लक्षित टिप्पणी गरेका छन् । यो कुरा पहिले केपी ओलीले भन्दै आएको भाषासँग मिल्दोजुल्दो छ । रुकुम पुगेर पनि उनले अहिलेको चुनाव जलाउने र बनाउनेहरूको भएको भन्दै आरोप लगाएका छन् । बंगलादेशको उदाहरण दिँदै प्रचण्डले जलाउनेहरू पराजित हुने र गणतन्त्रका पक्षधरहरूले जित्ने दाबी गरेका छन् ।

यसले प्रचण्ड र ओलीबीच निकटता बढाउन खोजेको हो कि भन्ने आशंका पनि बढाएको छ । त्यो आशंकालाई बल दिने काम प्रचण्डकै अभिव्यक्तिले गरेको छ । यसबीच (बाँकी पृष्ठ ८ मा)

## वैदेशिक रोजगार ठगी किन रोकिएन मन्त्रीज्यू ?

काठमाडौं । वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार कार्यालय काठमाडौंमा अनियमितताका उजुरीहरुको चाङ लागेको समाचार छ । विभागबाट हुने गरेको ढिलासुस्ती, बिचौलियाको बिगबिगी, घुसखोरी र ठगी नियन्त्रणका लागि भन्दै पीडितहरुले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमासोत गुनासो पुऱ्याएको जानकारी हुन आएको छ । अझ रोचक विषय त प्रधानमन्त्री सुशीला कार्कीले स्वयम्ले आफ्नै चाहना बमोजिम तत्कालीन श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्कर कर्णलाई कडा निर्देशन दिंदै युवा महिला सहसचिव मिरा आचार्यलाई विभागको महानिर्देशकको जिम्मेवारीमा खटाइएको थियो ।

तर, उनी महानिर्देशक भएर गएको दुई महिना बित्दासमेत अनियमितता, घुसखोरी, बिचौलियाको बिगबिगी र ठगी नियन्त्रण नभएको गुनासो पीडितहरूले गर्दै आएका छन् । यसअघि तत्कालीन सचिव पुस्करले प्रधामन्त्री कार्कीलाई समेत झुक्याएर वैदेशिक रोजगारको स्वास्थ्य परीक्षण शुल्कलाई ३५ सयबाट तीन गुणा बृद्धि गर्दै रु. ९ हजार ५ सय पुऱ्याइएको थियो । उक्त निर्णयलाई उल्टाउने काम मन्त्री राजेन्द्र सिंह भण्डारीले गरिसकेका छन् । त्यतिमात्र नभएर बैदेशिक रोजगारमा जान लागेका कामदारलाई थप लागत बढाउने निर्णय गरेर आफ्नो स्वार्थपूर्ति गरेको आरोप तत्कालीन सचिव कर्णमाथि लागेको थियो ।

त्यसपछि मन्त्री भण्डारीले सचिवलाई सरूवा गरी डा. दीपक काफ्लेलाई मन्त्रालयमा भित्र्याएका थिए । सचिव काफ्लेले पनि यतिखेर विभाग र वैदेशिक रोजगार कार्यालय काठमाडौंको सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्न नसकेको आरोप खेप्दै आएका छन् । मन्त्री भण्डारीको निर्देशनमा सचिव काफ्लेले सरूवा गरेका उपसचिवहरूलाई प्रशासनिक (बाँकी पृष्ठ ८ मा)

## भ्रष्टाचारका मुद्दा सर्वोच्चमा स्वाहा !
## विशेष अदालत बिलखबन्दमा !!

● साँघु टिप्पणीकार

काठमाडौं । जेन-जी आन्दोलनका क्रममा गरिएको आगजनीमा परी सर्वोच्च अदालतमा पुगेका एक हजार भन्दा बढी भ्रष्टाचारसँग सम्बन्धित मुद्दाका मिसिल डढेपछि यतिबेला विशेष अदालत बिलखबन्दमा परेको छ ।

सर्वोच्च अदालतमा रहेका २५ हजारभन्दा बढी मुद्दासँगै भ्रष्टाचारका फाइल पनि जलेर नष्ट भएका थिए । यतिबेला सर्वोच्चलगायत अदालतमा २०८२ भदौ २४ गतेको आगजनीमा परी नष्ट भएका मिसिल कागजातको पुनर्प्राप्ति र प्रमाणीकरणको कार्य चलिरहेको छ । तर, हजार भन्दा बढी भ्रष्टाचारका फाइल फेला परेका छैनन् । विचाराधीन मुद्दा, फैसलाको पूर्णपाठ तयार हुन बाँकी, फैसला कार्यान्वयनको क्रममा रहेका, अभिलेखको रुपमा राखिएका मुद्दाको मिसिलहरु जलेर खरानी भएका थिए ।

सर्वोच्चले विशेषबाट फैसला भएपछि अख्तियार र प्रतिवादीका तर्फबाट सर्वोच्चमा परेको दोहोरो पुनरावेदनमा विशेष अदालतबाट मिसिल मगाएको थियो । अख्तियार (बाँकी पृष्ठ ८ मा)

## नयाँ सरकारलाई रित्तो ढिकुटी !

काठमाडौं । २०८२ फागुन २१ गते बिहीवार प्रतिनिधि सभा निर्वाचन सम्पन्न हुन गइरहेको छ । सोही निर्वाचनमार्फत निर्वाचित भएर आउने राजनीतिक दलहरुमध्ये ठूलो दलले सम्भवत नयाँ सरकार गठन गर्ने अवसर प्राप्त गर्नेछ । जसका लागि नेपाली काग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, मधेशवादीलगायतका धेरै दलहरु यतिखेर चुनावी मैदानमा उत्रिएका छन् । उनीहरुले दावी गरे अनुसार नयाँ सरकार गठनको अवसर र भाग्यको फैसला फागुन २१ गतेका दिनमा आम नेपाली मतदाताले गर्ने मतदानले तय गर्ने छ ।

उल्लेखित जुनसुकै राजनीतिक दलको नेतृत्वमा नयाँ सरकार गठन भएपनि आर्थिक र राजनीतिक दुवै हिसावले कम चुनौती भने देखिंदैन । किनकि, मुलुकको आर्थिक अवस्था दिन प्रतिदिन ओरालो यात्रामा रहेको छ । सरकारको चालु खर्च धान्नका (बाँकी पृष्ठ ८ मा)

## सिंहदरबारमा 'जेन-जी' आतंक

काठमाडौं । कर्मचारी वृत्तमा अहिले जेन-जी अगुवाको नाममा वा रास्वपाका मान्छेका नाममा आतंक भइरहेको छ । यो आतंकको खास सीमा कति हो भन्ने स्पष्ट छैन, तर कर्मचारीहरूले जेन-जीको नाममा पैसा माग्ने र नियुक्तिमा लफडा गर्ने क्रम बढेको छ । पुराना भनिएका दलहरूजस्तै अहिले जेन-जीको आतंकले पनि सिंहदरबारमा कर्मचारी त्रसित बनिरहेको जानकारी हुन आएको छ । त्यसैले अहिले आउँदो चुनावी नतिजाको डरमा पनि रहेका चर्चा हुन थालेको छ । मन्त्रीहरूलाई नै अहिलेदेखि कर्मचारीहरूले असहयोग गरिरहेको चर्चा पनि भइरहेको छ ।

सिंहदरबारमा कर्मचारीहरूले रास्वपाले चुनाव जित्यो भने के (बाँकी पृष्ठ ८ मा)

## असफल नेतृत्वले थला परेको एउटा मन्त्रालय !
## तीन सहसचिवले किन पाएनन् जिम्मेवारी ?

● साँघु संवाददाता

**काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत हाल तीनजना सहसचिवहरु जिम्मेवारीविहीन अवस्थामा रहेका छन् । वरिष्ठ डिभिजनल इन्जिनियरबाट ०८२ माघ महिनामा सुपरीटेन्डेन्टमा बढुवा भएका राजेश पौडेल, विजय महतो र धर्मेन्द्र झालाई मन्त्रालयले जिम्मेवारी नपाएको गुनासो पीडितहरुले गरेका छन् ।**

जवकि, सोही समयमा बढुवा भएर शहरी विकास र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा पुगेका कतिपय सहसचिवहरुको भने पदस्थापन भएर पनि जिम्मेवारीमा खटिइसकेका छन् । मन्त्री माधव प्रसाद चौलागाई र सचिव केशवप्रसाद शर्मा बिडारीले निर्वाचन आचारसंहिताको कारण देखाउँदै समयमा पदस्थापन नगरेकोमा आलोचना भएको छ ।



सचिव केशवप्रसाद शर्मा बिडारी, मन्त्री माधवप्रसाद चौलागाईं र डिजी डा. विजय जैशी

उल्लेखित तीनै जना सहसचिवहरुले समयमै मन्त्रालयको नेतृत्वले जिम्मेवारी नदिएकोप्रति आक्रोश व्यक्त गर्दै आएका छन् । यसअघि संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय पोखरामा कार्यरत सिडिई पौडेल जेष्ठताका आधारमा सहसचिवमा बढुवा भएका थिए । यसैगरी, सूर्यविनायक-धुलिखेल सडक योजनामा निमित्त प्रमुख रहेका महतो पनि सोही आधारमा बढुवा भएका हुन् । सिडिई झा पनि सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत रहेकै बखत कार्यसम्पादन मूल्यांकनका आधारमा सुपरिटेन्डेन्ट इन्जिनियर (सुई) मा बढुवा भएको बताइन्छ ।

बढुवा भएका सुईत्रयमध्ये पौडेलले २०८२ माघ १४ गतेदेखि भौतिक मन्त्रालयमा हाजिर गर्दै आएका छन् भने र महतो र झाले माघ १८ गतेदेखि हाजिर गर्दै आएका छन् । तरपनि मन्त्रालयको नेतृत्वले आजका दिनसम्म पनि उनीहरुलाई जिम्मेवारी दिएको छैन । जसले गर्दा उनीहरु दैनिक मन्त्रालयमा गएर हाजिर गर्दै बस्ने कोठा समेत उपलब्ध नहुँदा घर फर्किने गरेका छन् । रोचक विषय त मन्त्रालयमातहतको सडक विभाग अन्तर्गतको तीनवटा निकायमा सुईस्तरका दरबन्दीमा कामुलाई जिम्मेवारी दिइएको छ । सहसचिवहरुलाई कार्यालयको करिडोरमा राखेर सिडिईहरुलाई का.मु.को जिम्मेवारी दिएकोप्रतिसमेत उनीहरुले आपत्ति जनाएका छन् ।

तरपनि मन्त्रालयको नेतृत्व गरका मन्त्री चौलागाईले कुनै लज्जाबोध गरेका छैनन् । उल्टै मन्त्री चौलागाईले ती रिक्त स्थानमा निर्वाचन आयोगले सहमति नदिएको कारण पदस्थापन गर्न नसकेको भन्दै आफू भने पानीमाथिको ओभानो बन्दै कानमा तेल हालेर आनन्द मानेर बसेको पीडितहरुले गुनासो गरेका छन् । मन्त्रालयले सुई दीप बराहीलाई भने दुईवटा निकायको दोहोरो जिम्मेवारी दिएर नयाँ सहसचिवहरुलाई भने मन्त्रालयको करिडोरमा थन्काएको गुनासो पीडितहरुको रहेको छ ।

सहसचिव बराहीलाई भने यतिखेर सडक विभागअन्तर्गतको गुणस्तर अनुसन्धान तथा विकास केन्द्र र मदन भण्डारी आयोजना निर्देशनालयको दोहोरो जिम्मेवारी संहाल्दै आएको कर्मचारी स्रोत बताउँछ ।

त्यस्तै, सहसचिवको दरवन्दी रहेको सूर्य विनायक-धुलिखेल सडक आयोजना कार्यालयसमेत प्रमुखविहीन रहेको छ । उत्तर-दक्षिण करिडोर सडक योजनामा पनि सिडिई विनोद भट्टराई निमित्त प्रमुख रहेका छन् । यी निकायमा सुई तहका प्राविधिक सहसचिव प्रमुख रहने भएपनि उपसचिवस्तरका सिडिईहरूले निमित्त प्रमुख भएर जिम्मेवारी सम्हाल्दै आएका छन् । तर, मन्त्री चौलागाईले हालै बढुवा भएर मन्त्रालयमा भित्रिएका सहसचिवहरुलाई हाजिरीमा हल्लाएर (बाँकी पृष्ठ ८ मा)

## महानिर्देशक यादवको करामत
## एउटै भवनको दुईपटक उद्घाटन !

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको राष्ट्रिय आयुर्वेद पंचकर्म तथा योग सेवा केन्द्र बुढानीलकण्ठको भवनको दुई पटक उद्घाटन गरिएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकुमा कार्यरत उमहानिर्देशक पदमा कार्यरत श्यामबाबु यादवले उक्त योग सेवा केन्द्र बुढानीलकण्ठकोसमेत कार्यभार संहाल्दै आएका छन् । ०८२ माघ ४ गते उक्त नव निर्मित भवनको प्रधानमन्त्री सुशीला कार्कीले उद्घाटन गर्नेगरी शिलालेख र ताम्रपत्र तयार गरिएको थियो ।

तर, सो दिन औपचारिक रुपमा भवनको उद्घाटन हुन सकेन । तरपनि कार्यक्रम उद्घाटनको लागि सम्पूर्ण तयारी भने पूरा गरिएको थियो । निर्धारित बखतमा प्रधानमन्त्री



कार्की कार्यक्रममा उपस्थित हुन सकिनन् । तर, भवन उद्घाटन नभएपनि यादवले कार्यक्रम आयोजनाको सम्पूर्ण खर्चको बिल भर्पाइको भुक्तानी दिने तयारी (बाँकी पृष्ठ ८ मा)

## अवसरवादी कर्मचारी किन भए मर्माहत !

काठमाडौं । निजामती कर्मचारीहरुको सरुवा, बढुवा, क्षमता विकासलगायतको अधिकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पाएको छ । निर्वाचन आयोगले २०८२ फाल्गुन २१ गते बिहीवार हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै गएको २०८२ माघ ४ गते आइतवार मध्य रातिबाट निर्वाचन आचारसंहिता जारी गरिसकेको छ । सोही कारण मन्त्रालयले नियमित रुपमा गर्दै आएको सरुवा बढुवालगायतका कार्यहरुमाथि अंकुश लागेको बताइन्छ । मन्त्रालयले अति जरुरी र आवश्यक यस्ता कार्यहरु गर्नसमेत आयोगबाट पूर्व सहमति लिनुपर्ने बाध्यता छ । जसका कारण कतिपय कर्मचारीहरु भने यतिखेर फूर्सदिलासमेत हुन पुगेको स्रोतले जानकारी दिएको छ ।

नियमित सरुवा, बढुवालगायतका कार्यहरु प्रभावित हुँदा प्रशासन महाशाखा प्रमुख सहसचिव, शाखा प्रमुख उपसचिव र अधिकृतस्तरका कतिपय कर्मचारीहरुको आम्दानीमासमेत ठेस पुगेको स्रोतले बताएको छ ।

उता, सामान्य मन्त्रालयको नेतृत्वसमेत गरिरहेका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, सचिव चन्द्रकला पौडेल र प्रशासन महाशाखा प्रमुख सहसचिव पार्वती शर्मालाई पनि केही समय भएपनि हाइसञ्चो मिलेको चर्चा सुनिन्छ । प्रधानमन्त्री कार्यालयको निर्देशन अन्य कतिपय मन्त्रालयका मन्त्री र सचिवहरुको दवाव पनि उनीहरुले खासै यतिखेर झेल्नु परेको छैन । त्यही कारण नियमित सरुवामा समेत अतिरिक्त कमाईमा रमाउँदै आएका कतिपय कर्मचारीहरु भने मर्माहत हुन पुगेको चर्चा पनि सुनिन्छ ।

खासगरी नेकपा एमाले, नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी निकटलगायतका कर्मचारी संगठनका पदाधिकारीहरु निर्वाचन आचारसंहिताका कारण अझ बढी मर्माहत हुन पुगेको स्रोतको बुझाई रहेको छ । उनीहरुले मन्त्री, सचिव र प्रशासन महाशाखा प्रमुख सहसचिव र शाखा प्रमुखलगायतलाई संगठनको आडमा धम्क्याएर आफू निकट कर्मचारीहरुको सेटिङमा सरुवा गरेर रमाउँदै आएका थिए । ०८२ भदौ २३ र २४ गतेको आन्दोलनको बलमा पूर्व प्रधान न्यायाधीशसमेत रहेकी सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएपछि ट्रेड यूनियनमा आवद्ध कर्मचारीहरुको बोलवाला निकै घट्न पुगेको जेन-जी कर्मचारीहरु बताउँछन् । (बाँकी पृष्ठ ८ मा)

## सेना दिवस-सैनिक मञ्च
## अमेरिकी सेनाको रमिता

काठमाडौं । नेपाली सेना स्थापनाको २६३औं सेना दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा



आयोजित विशेष समारोहमा अमेरिकी सेनाको ब्यान्डले सांगीतिक तथा सांस्कृतिक प्रस्तुति दिएको छ । सैनिक अधिकृतहरूका अनुसार नेपाली सेनाको इतिहासमा अमेरिकी सेनाले बाजागाजा सहित नाचगान प्रस्तुत गरेको यो पहिलो घटना हो ।


सेना दिवसका अवसरमा प्रत्येक वर्षझैं टुँडिखेलमा विशेष परेड, कवाज प्रदर्शन, सैनिक कला-कौशल र विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । यसपटक भने कार्यक्रमको आकर्षण अमेरिकी सेनाको ब्यान्ड बनेको देखियो । उनीहरूले नेपाली तथा अन्तर ाष्ट्रिय धुनमा आधारित सांगीतिक प्रस्तुति दिँदै दर्शकको ध्यान तानेका थिए ।

कार्यक्रममा राष्ट्रपतिलगायत उच्चपदस्थ सरकारी अधिकारी, कूटनीतिक नियोगका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा सर्वसाधारणको (बाँकी पृष्ठ ८ मा)

## राष्ट्रहितभन्दा दलगत स्वार्थ हावी
## बाह्य दबाबअगाडि नतमस्तक कूटनीति ?

**पृथ्वी नारायण शाहले नेपालको भौगोलिक अवस्थिति लाई "दुई ढुंगाको बीचको तरुल'को उपमाले चिनाएका थिए र दुई छिमेकी राष्ट्र भारत र चीनसितको सतर्कतापूर्ण र सन्तुलित सम्बन्धलाई नेपालले आफ्नो परराष्ट्र नीतिको मूल आधार र प्राथमिकता बनाउनुपर्छ भन्ने सन्देश दिएका थिए ।**

**यो बेला**



**युवराज पाण्डे(पीएचडी)**

**दलहरूले परराष्ट्र नीतिलाई गम्भीरताका साथ नलिएको र संविधानको मूल्यमान्यता र मर्म विपरीत दलगत तथा निजी स्वार्थपूर्तिको औजारको रूपमा उपयोग गर्न थालेको कुरले नेपाल भूराजनीतिक द्वन्द्वको गोटी वा शिकारमा परिणत हुने हो कि भन्ने आशंका बढेको अनुभव हुन थालेको छ ।**

**पृथ्वीपथ र असंलग्नताको आधार**

राष्ट्रिय हितको रक्षा र प्रवर्द्धन मुलुकको परराष्ट्र नीतिको मार्गनिर्देशक सिद्धान्त हुनुपर्छ भन्ने तथ्यको पहिचान गरेको कुरालाई पृथ्वी नारायण शाहको दूरदर्शिताको रूपमा लिनुपर्छ । पृथ्वी नारायण शाहका राजनीतिक, आर्थिक वा सामाजिक, सांस्कृतिक मार्गदर्शन वा विचार र मान्यताहरूको समष्टिलाई पृथ्वीपथको रूपमा परिभाषित गर्ने हो भने असंलग्नतालाई पृथ्वी-पथमा अन्तर्निहित एउटा महत्वपूर्ण राजनीतिक सिद्धान्तको रूपमा लिनुपर्छ ।

राजा महेन्द्रले असंलग्न आन्दोलनको स्थापना गर्ने काममा समेत नेतृत्वदायी भूमिका खेलेका थिए भन्ने कुरा इतिहासले स्पष्ट गर्छ । असंलग्न परराष्ट्र नीतिले नेपालको राष्ट्रिय स्वाधीनता जोगाइराख्न महत्वपूर्ण भूमिका खेलेको कुरा नेपाली तथा विदेशी अनुसन्धानकर्ताहरूले उल्लेख गरेको पाइन्छ ।

राजा वीरेन्द्रले नेपाललाई "शान्ति क्षेत्र घोषणा गरियोस्" भनी विश्वसमक्ष राखेको प्रस्ताव पनि असंलग्न परराष्ट्र नीतिकै निरन्तरताप्रतिको नेपालको प्रतिबद्धता थियो । अहिले पनि असंलग्न परराष्ट्र नीतिको अवलम्बन गर्ने कुरालाई नेपालको संविधानले राष्ट्रको मार्गनिर्देशक सिद्धान्तकै रूपमा स्वीकार गरेको छ ।

तर पछिल्लो समयमा नेपाल सरकार र नेपालका राजनीतिक दलहरूले परराष्ट्र नीतिलाई गम्भीरताका साथ नलिएको र संविधानको मूल्यमान्यता र मर्म विपरीत दलगत तथा निजी स्वार्थपूर्तिको औजारको रूपमा उपयोग गर्न थालेको कुराले नेपाल भूराजनीतिक द्वन्द्वको गोटी वा शिकारमा परिणत हुने हो कि भन्ने आशंका बढेको अनुभव हुन थालेको छ ।

**विश्व शक्ति सन्तुलन र निरन्तर शीतयुद्ध**

राजनीतिक विश्लेषकहरूले सोभियत संघको विघटन र वार्सा प्याक्टको विघटनपछि "शीतयुद्ध" समाप्त भयो भनेर जतिसुकै गीत गाए पनि विश्वमा सापेक्षिक रूपमा शक्तिशाली राष्ट्रहरूको बीचमा (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### राजाको शस्त्र !

राजा शक्तिसम्पन्न थिए। तर पनि पछाडिबाट उनीमाथि चर्को प्रहार भइरहन्थ्यो। यसकारण राजा स्वयं असुरक्षित महसुस गरिरहन्थे र चिन्तित पनि रहन्थे। एकदिन आफ्नो यो समस्याको समाधानको लागि उनी एक महात्माकहाँ पुगे। महात्माले भने– यसरी पछाडिबाट प्रहार गर्ने तिम्रा शत्रुलाई तिमी पनि त्यसैगरी प्रहार गर। राजाले भने– उनीहरू पछाडिबाट प्रहार गर्छन्। उनीहरूलाई म देख्न सक्दिनँ। उनीहरूको बारेमा मलाई थाहा पनि छैन। अनि यस्ता शत्रुहरूलाई कसरी प्रहार गरुँ। महात्माले हाँस्दै भने–देख्दैनौं भने नदेखिकनै प्रहार गर। राजा अक्कबक्क परे। देख्दै नदेखी कसरी प्रहार गरुँ ? यस्तो त कुनै हतियार पनि हुँदैन जो शत्रुलाई देख्दै नदेखी प्रहार गर्ने। यसरी देख्दै नदेखिने शत्रुलाई कसरी प्रहार गर्ने ? महात्माले भने– उनीहरूलाई तिमी यस्तो अस्त्रले प्रहार गर– जो फलामबाट बनेको नहोस्, मृदु होस् र हृदय छुने पनि होस्। राजाले विनम्रतापूर्वक सोधे–महात्मा यस्तो शस्त्र कहाँ पाइन्छ ? मैले त यस्तो हतियारको बारेमा आजसम्म सुनेको, जानेको छैन। महात्माले भने– त्यो शस्त्र हो यथाशक्ति सम्पूर्ण प्रजालाई जीविका उपलब्ध गराउनु। जब प्रजालाई जीविका सुलभ हुँदैन, तव संघर्ष र कलह हुन्छ। दोस्रो शस्त्र हो सहनशील हुनु। जो सहन सक्दैन, उसले राज्य गर्न सक्दैन। ऊ अरुलाई साथमा लिएर पनि अघि बढ्न सक्दैन। तेस्रो शस्त्र हो– जसलाई जति सम्मान दिनु छ, त्यतिमात्र सम्मान अवश्य देऊ। यी सबै शस्त्र फलामबाट बनेका होइनन्। यी मृदु हृदय हुन्, हृदयमा प्रभाव पार्छन्। यदि यी शस्त्रबाट तिमीले आफ्ना विरोधीलाई जित्न सक्यौ भने जसले तिमीलाई पछाडिबाट प्रहार गर्छन्। ती सबै तिम्रो बसमा हुनेछन्। त्यसपछि तिम्रो अहित कसैले गर्ने छैनन्।

**समयको सदुपयोगले नै मानिस धनी बन्छ, समय शक्ति हो, हामीले समयको महत्व बुझ्नुपर्छ। – डेविनेट**

## सम्पादकीय

### आमूल परिवर्तनको चाहना २०८२ को जनमतले पूरा गर्ला ?

*समयले नेपाल राष्ट्रलाई फेरि एकपटक इतिहासको मोडमा उभ्याएको छ। २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन केवल संवैधानिक प्रक्रिया मात्र होइन, यो देशको दिशा, दशा र भविष्य निर्धारण गर्ने निर्णायक घडी हो। निर्वाचनको औपचारिक अभियानसँगै जनतामा पुनः आशा, जिज्ञासा र कौतुहलता जागेको छ–के यो निर्वाचनले समयले खोजेको आमूल परिवर्तन पूरा गर्ला ?*

*नेपालको लोकतान्त्रिक अभ्यासको दुर्भाग्यपूर्ण पाटो के हो भने, जनताले दिएको मत पाँच वर्षसम्म टिक्न सकेको छैन। सरकारहरू पूर्ण कार्यकाल पूरा गर्न असफल भएका छन्। सत्ता समीकरण, दल फुट, गठबन्धनको खेल र व्यक्तिगत स्वार्थका कारण संसद विघटनदेखि अस्थिर सरकारसम्मका दृश्यहरू दोहोरिँदै आएका छन्। जनताको मत स्थायित्वका लागि होइन, सत्ता समीकरणका अंकगणितका लागि प्रयोग भएको अनुभूति बढ्दो छ। यही अस्थिरताले लोकतन्त्रप्रति नागरिकको विश्वास कमजोर बनाएको छ।*

*यसपटकको निर्वाचनमा दुई स्पष्ट प्रवृत्ति देखिएका छन्। एकातिर पुराना दलहरू छन्–बलियो सांगठानिक आधार, गाउँ–गाउँसम्मको संरचना, संसाधन र अनुभव। अर्कोतर्फ नयाँ दलहरू छन्–संगठनात्मक रूपमा कमजोर भए पनि जनलहर, असन्तुष्टि र परिवर्तनको नारासहित अघि बढिरहेका। पुराना दलहरू स्थायित्व र अनुभवको दाबी गर्छन्, नयाँ दलहरू शुद्धता, पारदर्शिता र प्रणाली सुधारको।*

*तर, प्रश्न उठ्छ–संगठनविहीन जनलहर कति टिकाउ होला ? र, केवल सांगठानिक मजबुतीले मात्र आजको जनअपेक्षा पूरा गर्न सक्छ ? विगतले देखाएको छ, संगठन भएर पनि दृष्टि र प्रतिबद्धता नभएपछि परिणाम उस्तै रहन्छ। त्यस्तै, केवल भावनात्मक लहरले शासन चलाउने संस्थागत क्षमता निर्माण नगरे परिणाम निराशाजनक हुन सक्छ।*

*नेपालका मतदाताको मनोविज्ञान अहिले द्विविधामा छ। एकातिर "फेरि पनि उही अनुहार ?" भन्ने थकान छ। अर्कोतर्फ "नयाँलाई मौका दिँदा जोखिम त हुँदैन ?" भन्ने संशय पनि व्याप्त छ। यही द्वन्द्वबीच मतपेटिकामा खस्ने मतले देशको भावी राजनीतिक स्वरूप निर्धारण गर्नेछ।*

*आमूल परिवर्तन, सुशासनको अपेक्षा केवल सत्ता परिवर्तन होइन। त्यो सोच, संस्कार, नीतिगत प्राथमिकता र कार्यशैलीको रूपान्तरण हो। सुशासन, जवाफदेहिता, पारदर्शिता र राष्ट्रिय हितप्रति अडान–यी कुराहरू घोषणापत्रमा मात्र होइन, व्यवहारमा देखिनुपर्छ। निर्वाचनले परिवर्तनको ढोका खोल्न सक्छ, तर त्यो ढोकाबाट देशलाई सही दिशामा लैजान राजनीतिक इच्छाशक्ति अपरिहार्य हुन्छ।*

*२०८२ को जनमतले के सन्देश दिन्छ–स्थायित्व कि प्रयोग ? निरन्तरता कि नवप्रयोग ? यो निर्णय जनताको हातमा छ। तर, एक कुरा स्पष्ट छ–जनताको धैर्य अब सीमित छ। मतदाताले अब केवल आश्वासन होइन, परिणाम खोजिरहेका छन्।*

*यसपटकको निर्वाचनले यदि फेरि अस्थिरता, अवसरवाद र सत्ता खेल मात्र दोहोऱ्यायो भने लोकतान्त्रिक व्यवस्थामाथिको विश्वास झन् गहिरो संकटमा पर्नेछ। तर, यदि जनमतले स्पष्ट सन्देश दियो–जवाफदेही शासन र दीर्घकालीन स्थायित्वको पक्षमा–भने नेपालले नयाँ अध्याय सुरु गर्न सक्छ।*

#### *मतदाताको मनोदशा*

*नेपाली मतदाता अहिले द्विविधामा छन्। "फेरि उही दललाई विश्वास गर्ने ? कि'' "नयाँलाई मौका दिँदा जोखिम त हुँदैन ?" भन्ने आशंका छ। यही द्वन्द्वबीच मतपेटिकामा खस्ने मतले देशको भावी राजनीतिक दिशा तय गर्नेछ। जनताको धैर्य अब सीमित हुँदै गएको संकेत विभिन्न चुनावी परिणाम र सार्वजनिक बहसले देखाइसकेको छ। जनताले अब केवल नारा होइन, स्वच्छ सेवा प्रवाहको परिणाम खोजिरहेका छन्। उनीहरूलाई रोजगारी, सुशासन, महँगी नियन्त्रण, सेवा प्रवाहमा सुधार र राष्ट्रिय स्वाभिमानको रक्षा चाहिएको छ।*

*२०८२ फागुन २१ गते केवल मतदानको दायित्व मात्रै होइन, यो नेपाली जनताको चेतना र राजनीतिक परिपक्वताको परीक्षा पनि हो। परिवर्तनको चाहना मतपत्रमा व्यक्त हुनेछ, त्यसलाई सम्मान गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुनेछ। अब प्रश्न मतदाताको मात्र होइन–दलहरूप्रति पनि हो : के उनीहरू जनमतको मर्म बुझ्न तयार छन् ?*

# के राजनीतिक दलहरु 'बुढा' हुन्छन् ?

**अमेरिकामा डेमोक्रेटिक पार्टी सन् १८२८ मा र रिपब्लिकन पार्टी सन् १८५४ मा गरियो। बेलायतमा सन् १८५९ मा लिबरल पार्टी र सन् १९३९ मा कन्जरभेटिभ पार्टी गठन भए। तिनीहरू शासनमा छन्। जापानमा सन् १९५५ मा लिबरल डेमोक्रेटिक पार्टी भयो। गत हप्ता (२०२६ फेब्रवरी) मा भएको निर्वाचनमा उही सत्तामा आयो। चीनमा सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टी गठन भयो। सन् १९४९ मा समाजवादी क्रान्तिपछि सत्तामा छ। भारतमा सन् १८५५ मा भारतीय काँङ्ग्रेस पार्टी र सन् १९८० मा भारतीय जनता पार्टी गठन गरियो। भूराजनीति तिनै देश र दलद्वारा सञ्चालित छ। नयाँ दल, पुरानो दल, बुढो पार्टी, बुढा नेता, पुस्तान्तरण जस्ता 'फन्टुस'तर्क उल्लिखित मुलुकहरूमा देखिन्न।**

**समय र विचार**

**डा. प्रेमराज सिलवाल, अधिवक्ता**



**पुराना दल र ७० माथिका नेताले सञ्चालन गरेका मुलुकको समृद्धि, विकास र सुशासन कमजोर भएको कुनै अध्ययन र अनुभवले बोल्दैन। राजनीतिमा उमेर मात्र युवा हुनुको खास अर्थ छैन। निर्वाचन आयोगमा पछिल्लो समयमा दल दर्ता गरेको आधारमा गठन भएको दल 'नयाँ हुने' होइन। त्यस्तो अवस्तुवादी, अतार्किक र गैरसैद्धान्तिक तर्कमा दम छैन।**

नेपालमा राजनीतिक दललाई गाली गर्दा 'पुराना र बुढा' भन्ने जस्ता भाष्य प्रचारमा ल्याइएका छन्। राजनीतिक पार्टी रमाइलो मेलामा बेच्न राखिएका चटपटे, पानीपुरी र मःम पसल होइनन्। जुन दर्शक लोभ्याउन छेउकुनामा खोलिएका हुन्छन्। जिब्रो पडकाउन र पैसा पचाउन खोलिने त्यस्ता चटपटे पसल जस्ता नयाँ भनिएका उटफट्याङ, फन्टुस र जोकर रास्वपा जस्ता दल र पानीपुरी टाइपका पार्टी र तिनका स्टन्टबाजलाई नेता मानिदिनुपर्ने कस्तो लोकतन्त्रमा हामी अघि बढ्दैछौं भन्ने सवाल चुनावको बेला फेरि उब्जेको छ। लोकतान्त्रिक गणतान्त्रिक प्रणाली, संसदीय व्यवस्था र संविधान नबुझ्ने जोकरहरूले नेपालमा चाहिँ नयाँ दल, पुराना दल, सरकार अस्थिर भयो भन्ने जस्ता फन्टुस नारा उरालेर जनतालाई भ्रम छर्दैछन्। संसदीय प्रणालीमा संविधान अनुसार लोकतान्त्रिक विधिबाट सरकार परिवर्तन हुने कुरालाई स्वभाविक मानिन्छ। त्यसले मुलुकमा अस्थिर र अन्यौल हुने होइन। कुनै एउटा दल वा समूहलाई नागरिकले मत नहाली छरेर मत हाल्दा चाहिँ त्यस्तो अवस्था आउने नै हुन्छ। त्यो पनि लोकतन्त्रको एउटा अभ्यास नै हो। नागरिकको मतलाई नमान्ने र अस्वीकार गर्ने भन्ने कुरा हुँदैन। सरकार र सत्तामा आउने फेरबदले मुलुक नै अस्थिर हुने होइन। त्यस्ता कार्यले लोकतन्त्र कमजोर बन्ने पनि होइन।

**सत्ता परिवर्तन अस्थिरता हो ?**

संसदीय प्रजातन्त्रको जननी मुलुक बेलायतमा सन् २०१६ देखि हेर्ने हो भने टेरेजा मे (२०१६-२०१९), बोरिस जोन्सन (२०१९-२०२२), लिज ट्रास (२०२२), ऋषि सुनाक (२०२२-२०२४) र सन् २०२४ पछि हालसम्म कियर स्टारमर प्रधानमन्त्री रहेका देखिन्छन्। १० वर्षमा ५ प्रधानमन्त्री बनेका छन्। यसरी औसत प्रत्येक २ वर्षमा सरकार परिवर्तन भएको देखिन्छ। यसको अर्थ बेलायतको संसदीय लोकतन्त्र अस्थिर भयो भन्ने होइन। सरकार परिवर्तनको विषयलाई त्यसरी अस्थिरताको अर्थमा बेलायत र संसदीय लोकतन्त्रमा लिइने गरिँदैन। संसदमा एउटै दलको प्रस्ट बहुमत नहुँदा वा संख्यात्मक चलखेल हुँदा सरकार ढल्ने र नयाँ बन्ने कुरा लोकतान्त्रिक चरित्र र संविधान अनुसारको कुरा हो। स्वभाविक कुरा हो। संविधान अनुसार सरकार परिवर्तन भयो भने राज्य प्रणाली, लोकतन्त्र र संविधान नै अस्थिर भयो भन्ने भाष्य 'गोरु तर्क' बाहेक केही होइन। सत्ता सञ्चालकहरूको उमेरको चर्चा गर्दा पनि ती देशहरूमा उमेरलाई 'मेजर फ्याक्टर' मानिएको देखिन्न। सत्ता सञ्चलकको उमेर एउटा फ्याक्टर हो। त्यो नै सम्पूर्ण फ्याक्टर होइन। विश्वको दोस्रो सम्पन्न देश चीनमा चिनियाँ राष्ट्रपति ७२ वर्ष (जसलाई पार्टीले आजीवन राष्ट्रपति हुने भनेको छ), रुसका राष्ट्रपति ७३ (सन् २००० देखि लगातार सत्तामा), भारतका प्रधानमन्त्री नरेन्द्र मोदी ७५ ( सन् २०१४ देखि लगातार सत्तामा) र विश्वको सर्वाधिक धनी तथा शक्तिशाली मुलुक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ७९ (२ कार्यकाल सत्तामा) वर्षका छन्। केवल सत्ता सञ्चालकको उमेरको कारण मात्र राज्य सञ्चालन सफल हुने होइन। युक्रेनी राष्ट्रपति ४८ वर्षका युवा हुन्। तर राज्य सञ्चालन, भूराजनीति, कूटनीति र शासकीय कुशलताको अभावको कारण सन् २०२२ फेब्रवरी २४ देखि रुसी आक्रमण र पश्चिमा क्रिडास्तर बन्दा मुलुक नै ध्वस्त तथा बर्वाद भइसकेको देखिन्छ। त्यसकारण शासकको उमेरलाई 'मेजर इस्यु' बनाउन आवश्यक छैन।

**लोकतन्त्रको धज्जी !**

लोकतन्त्र मुलुकको शासन सत्तामा जनता सहभागी भएर शासन गर्ने व्यवस्था निर्वाचनको माध्यमबाट गरिने भएकाले यसलाई जनताद्वारा जनताले जनताको लागि शासन गर्ने प्रणाली समेत भन्ने गरिएको हो। केवल ५ वर्षमा एक पटक हुने निर्वाचनले मात्र लोकतन्त्र बलियो हुने पनि होइन। नागरिकले एक पटक मतपेटिकामा भोट हालेपछि नागरिक दायित्व सकिने पनि होइन। सचेत, बौद्धिक र लोकतन्त्रप्रेमी नागरिकले प्रत्येक पाइलामा सत्ता, सरकार र राजनीतिक नेतृत्वप्रति रचनात्मक खवरदारी गर्नुपर्दछ। शासकीय प्रणालीमा विभिन्न प्रकारबाट सहभागी हुनुपर्दछ। त्यसरी मात्र लोकतन्त्र नागरिक र जनतामा आधारित लोकसत्ता बन्ने हो। केवल निर्वाचनको प्रणालीलाई दोष दिएर शासन प्रणाली सफल बन्ने होइन। १ सय पचास वटा मुलुक एकात्मक शासन भएर पनि धेरै देश धनी र सम्पन्न छन्। २७ वटा देशमा संघीयता भएर पनि थुप्रै मुलुक तन्नम भएका छन्। नाइजेरिया, इराक, पाकिस्तान र भारतीय संघीयताले नागरिक अपेक्षाको सम्बोधन गर्नै सकेन। शासकीय प्रणाली आफैँमा सही र खराब हुने पनि होइन। आवधिक निर्वाचन, समान मताधिकार, लोकतन्त्रमा प्रत्येक नागरिक कानुन अनुसार निर्वाचनमा 'चुन्न र चुनिन पाउने', गोप्य मतदान हुने, प्रत्येक मतको गणना र अर्थ हुने, राजनीतिक विचारधारा, राजनीतिक दलमार्फत आफूलाई प्रस्तुत गर्न पाउने, राजनीतिक विचार र संगठनको स्वतन्त्रता, नागरिक सरोकारका मुद्दा उठाउन र बोल्न पाउने अधिकार एवम् अवसरको रूपमा निर्वाचनलाई विश्लेषण गरिँदै आएको भए पनि नेपालमा राजनीतिक दललाई 'बुढो र पुरानो' भयो भन्ने संकीर्ण तथा साँघुरो भाष्य स्थापित गराउन नयाँ भनिएका पोलिटिकल्ली सेन्सलेस, फन्टुस रास्वपा जस्ता दल लागेका छन्।

**नयाँ, पुरानो, तन्नेरी, बुढो !**

राजनीतिक दल, दर्शन, सिद्धान्त, विचार तथा राजनीतिक दलको विश्लेषण गर्ने हो भने भूराजनीतिमा पुराना र इतिहास भएका दलहरू नै सत्तामा छन्। ती पुराना दल र ७० माथिका नेताले सञ्चालन गरेका मुलुकको समृद्धि, विकास र सुशासन कमजोर भएको कुनै अध्ययन र अनुभवले बोल्दैन। राजनीतिमा उमेर मात्र युवा हुनुको खास अर्थ छैन। निर्वाचन आयोगमा पछिल्लो समयमा दल दर्ता गरेको आधारमा गठन भएको दल 'नयाँ हुने' होइन। त्यस्तो अवस्तुवादी, अतार्किक र गैरसैद्धान्तिक तर्कमा दम छैन। नेपालमा आफूलाई नयाँ भन्ने भूराजनीतिक अनुभव र अभ्यासमाथि पर्दा हाल्दै एमाले र कांग्रेस जस्ता जनता तथा नागरिकमा प्रभाव भएका, देश निर्माणको सपना, अनुभव, क्षमता, दक्षता, ज्ञान र ल्याकत भएका पार्टीलाई बुकुल्टो आक्षेप लगाउँदैछन्। मुलुक निर्माण गर्न, समृद्धि, सुशासन, स्थिरता र विकासको लागि एमालेलाई पुनः शक्तिशाली बनाउनुको विकल्प रहेन। राजनीतिक दल 'बुढो' हुँदैन। राजनीतिक दल पुरानो हुँदैन। परिपक्व, अनुभवी र शासन सत्ता सञ्चालनको ज्ञान बढी हुने चाहिँ हुन्छ। यसर्थ नयाँ भनिएका फन्टुस समूहलाई ठाउँको ठाउँ हराउनु, बढार्नु र राजनीतिक बहिस्कार गर्नु अपरिहार्य भयो। माथि उल्लिखित भूराजनीतिको उदाहरण र अनुभवबाट पनि त्यो कुरा प्रस्ट भएकाले अनुभव र शासन सत्ता सञ्चालनको ल्याकत भएकाबाट मात्र नेपाल र नेपालीको आवश्यकता पूरा हुँदै जाने कुरामा विस्वास गर्न सकिन्छ।

# पुराना अनुहार कटौती, नयाँ पुस्तालाई अवसर

# मैदानमा एक्लो कांग्रेस : नतिजा के होला ?

● साँघु राजनीतिक टिप्पणीकार

**काठमाडौं। ०७९ को आम निर्वाचनबाट सबैभन्दा ठूलो दल बने पनि नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्न पाएन। पहिलो चरणमा माओवादी केन्द्र र दोस्रो चरणमा नेकपा एमालेसँग सत्ता सहकार्य गर्दा पार्टीभित्र असन्तुष्टि बढ्दै गयो। मतदाताले सबैभन्दा ठूलो दल बनाएको पार्टीले नेतृत्व लिन नसकेको भन्दै नेता–कार्यकर्ताले खुलेर प्रश्न उठाए। अन्ततः २०८२ पुष अन्तिम साता आयोजित विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तन भयो।**

निवर्तमान महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले नेतृत्वको कमजोरीका कारण पार्टी कमजोर भएको सन्देश दिएका थिए। महाधिवेशनले सभापति शेरबहादुर देउवा समूहलाई विस्थापित गर्दै नयाँ नेतृत्व चयन गऱ्यो। साथै २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा कुनै पनि दलसँग चुनावी सहकार्य नगर्ने निर्णय गरियो।

यस निर्णयसँगै कांग्रेस १ सय ६५ वटै निर्वाचन क्षेत्रमा एक्लै प्रतिस्पर्धामा उत्रिएको छ। नयाँ नेतृत्वले विगतमा विवादित, पटक-पटक अवसर पाएका तथा देउवा समूह निकट मानिएका केही अनुहारलाई टिकट नदिई नयाँ पुस्तालाई प्राथमिकता दिएको छ। यसलाई पार्टीमा "नयाँ रक्तसञ्चार"को प्रयासका रूपमा व्याख्या गरिएको छ।

**कोशी प्रदेश**

कोशीमा ताप्लेजुङबाट गजेन्द्रप्रसाद तुम्याङ लिम्बू, पाँचथरमा नरेन्द्रकुमार केरूङ, इलाम-१ मा निस्कल राई र इलाम-२ मा भेषराज आचार्य उम्मेदवार छन्। झापाका पाँचै क्षेत्रमा केशवराज पाण्डे, सरिता प्रसाईं, राजेन्द्र घिमिरे, देउमान थेबे र मन्धरा चिमरिया मैदानमा रहेका छन्।

मोरङमा खड्गबहादुर फागो, डा. मीनेन्द्र रिजाल, डा. सुनिल शर्मा, गुरूराज घिमिरे, फूलकुमार लालबानी र डा. शेखर कोइराला उम्मेदवार छन्। सुनसरीमा सुजेन्द्र तामाङ, राजीव कोइराला, विजयकुमार गच्छदार र ज्ञानेन्द्रबहादुर कार्की प्रतिस्पर्धामा रहेका छन्। धनकुटादेखि उदयपुरसम्म पनि कांग्रेसले क्षेत्रगत सन्तुलन मिलाएर टिकट वितरण गरेको छ।

**मधेश प्रदेश**

मधेशमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका सबै क्षेत्रमा उम्मेदवार उठाइएको छ। रामदेव साह, रामकुमार यादव, दिनेशकुमार यादव, तेजुलाल चौधरी, विमलेन्द्र निधि, महेन्द्र यादव, किरण यादव, बजरंग नेपाली, डा. सरोज यादवलगायत नेता मैदानमा छन्। सर्लाही-४ बाट पार्टी सभापति गगनकुमार थापा स्वयं उम्मेदवार बनेका छन्।

**बागमती प्रदेश**

दोलखा, रामेछाप, सिन्धुली, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट र मकवानपुरमा कांग्रेसले पुराना र नयाँ अनुहारको मिश्रण अघि सारेको छ। डा. प्रकाशशरण महत, जगदिश्वरनरसिंह केसी, महालक्ष्मी उपाध्याय (डिना) लगायत उम्मेदवार छन्।



काठमाडौंका १० वटै क्षेत्रमा कांग्रेसले उम्मेदवार उठाएको छ-प्रबल थापा, कबिर शर्मा, रमेश अर्याल, सचिन तिमल्सिना, प्रदीप पौडेल, कृष्ण सबुज बानियाँ, प्रमोदहरि गुरागाईं, सपना राजभण्डारी, नानु बस्तोला र हिमाल कार्की मैदानमा छन्। ललितपुरमा उदयशम्शेर राणा, प्रेमकृष्ण महर्जन र जितेन्द्र श्रेष्ठ उम्मेदवार छन्। चितवनमा राजन बुरलाकोटी, मीनाकुमारी खरेल र टेकप्रसाद गुरुङ प्रतिस्पर्धामा छन्।

**गण्डकी प्रदेश**

गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, बाग्लुङ र नवलपुरमा कांग्रेसले संगठन मजबुत बनाउने रणनीति लिएको छ। शंकर भण्डारी, गोविन्द भट्टराई, तिलकबहादुर रानाभाट, माधवप्रसाद बास्तोला, अर्जुनप्रसाद जोशी, भीमबहादुर श्रीसलगायत उम्मेदवार छन्।

**लुम्बिनी प्रदेश**

रुपन्देही, दाङ, पाल्पा, गुल्मी, कपिलवस्तु, बाके र बर्दियामा कांग्रेस प्रतिस्पर्धामा छ। विनोदकुमार चौधरी, चन्द्रकान्त भण्डारी, दीपक गिरी, नारायणप्रसाद गौडेल, सञ्जयकुमार गौतम लगायत उम्मेदवार बनेका छन्।

**कर्णाली र सुदूरपश्चिम**

कर्णालीका सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, मुगु र कालीकोटमा कांग्रेसले उम्मेदवार खडा गरेको छ। सुदूरपश्चिममा बाजुरा, अछाम, डोटी, बैतडी, दार्चुला, बझाङ, डडेल्धुरा, कैलाली र कञ्चनपुरमा कांग्रेस मैदानमा छ। डडेल्धुरामा यसपटक शेरबहादुर देउवाको स्थानमा नैनसिंह महर उम्मेदवार बनेका छन्।

**जोखिम र सम्भावना**

एक्लै चुनाव लड्ने निर्णय कांग्रेसका लागि साहसिक कदम हो। गठबन्धन राजनीतिमा अभ्यस्त भइसकेको सन्दर्भमा यो रणनीति सफल हुन्छ कि हुँदैन भन्ने प्रश्न स्वाभाविक छ। सकारात्मक पक्ष के छ भने पार्टी कार्यकर्ता उत्साहित देखिन्छन्। विगतमा चुनावी एकताका कारण 'रुख' चिन्हमा मतदान गर्न नपाएका मतदाता यसपटक सक्रिय हुन सक्छन्।

तर, चुनौती पनि उत्तिकै छन्। बहुदलीय प्रतिस्पर्धामा मत विभाजनले प्रतिकूल परिणाम ल्याउन सक्छ। नयाँ अनुहारलाई जनताले कति विश्वास गर्छन् भन्ने परीक्षण पनि यही निर्वाचन हुनेछ।

**निष्कर्ष**

नेपाली कांग्रेस अहिले निर्णायक मोडमा छ। पुरानो नेतृत्व विस्थापित गर्दै नयाँ पुस्तालाई अघि सार्ने निर्णयले पार्टीलाई नयाँ ऊर्जा दिएको छ। तर राजनीतिक उत्साह मात्र पर्याप्त हुँदैन, परिणाम मतपेटिकाले निर्धारण गर्छ।

मैदानमा एक्लै उत्रिएको कांग्रेसले आत्मविश्वास त देखाएको छ, अब हेर्न बााकी छ-यो आत्मविश्वास मतमा रूपान्तरण हुन्छ कि हुँदैन। २०८२ फागुन २१ को नतिजाले कांग्रेसको यो 'एक्लो यात्रा' सफल रणनीति थियो कि जोखिमपूर्ण प्रयोग, त्यसको स्पष्ट उत्तर दिनेछ।

# अनुभवहीनलाई सिडिओको जिम्मेवारी निर्वाचन, शान्ति-सुरक्षामा चुनौती !

● साँघु संवाददाता

**काठमाडौं । गृहमन्त्री ओमप्रकाश अर्यालले २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै गृह प्रशासनमा कम अनुभव भएका नयाँ र युवा कर्मचारीहरूलाई विभिन्न जिल्लाको नेतृत्वमा खटाएको गुनासाहरु प्राप्त भएका छन् । गृह प्रशासनलाई आफ्नो पकडमा राख्न मन्त्री अर्यालले यसअघि आफू अनुकूलका कर्मचारीहरुलाई मन्त्रालयमा प्रवेश गराउदै विभिन्न जिल्लाको प्रशासकीय अधिकृत, सहायक प्रमुख जिल्ला अधिकारी, इलाका प्रशासक र प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाएको आरोप मन्त्रीमाथि लाग्दै आएको छ ।**

जसले आगामी प्रतिनिधि सभा निर्वाचन र मत परिणामलाई प्रभावित पार्नसक्ने आशंकाहरुसमेत बढेको बताइन्छ । केही समय अगाडि मन्त्रालयले प्युठानको प्रजिअको जिम्मेवारीमा खटाएका शान्तिराज प्रसाईं र डोल्पाकी जुनु हमाल ढकालको भने सो पदका लागि योग्यता नै नपुगेको गुनासाहरु प्राप्त भएका हुन् । त्यतिमात्र होइन उनीहरुले प्रजिअको जिम्मेवारी पाएपछि मात्र उक्त पदको लागि आवश्यक तालिम लिएको बताइन्छ । प्रमुख जिल्ला अधिकारी हुने योग्यता नै नपुगेका कर्मचारीहरुलाई जिल्लाहरुको नेतृत्वमा किन खटाइयो भन्ने सवालहरुसमेत त्यसबखत नउठेका भने होइनन् ।

सोही कारण मन्त्री अर्यालका अगाडि गृह सचिव राजकुमार श्रेष्ठ पनि नाजवाफ रहेको आरोप मन्त्रालयका कर्मचारीहरुले लगाएका छन् । त्यसकारण पनि मन्त्रालय सुशासन र कानूनी शासनमा चुकेको कर्मचारी स्रोतले दावी गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलेसमेत अझ योग्यता नपुगेका कर्मचारीलाई गृहमा खटाएको र मन्त्रालयले पनि यसअघि त्यसरी नै विभिन्न जिल्लाको प्रजिअको नेतृत्वमा खठाएपछि यस्ता प्रश्नहरु उठेका हुन् ।

सिडिओ हुन कानूनमा स्नातक, ३ महिने कानून र न्यायसम्बन्धी तालिम लिएको हुनुपर्ने मन्त्रालयको मापदण्ड रहेको छ । जसले गर्दा प्रमुख जिल्ला अधिकारीले एक वर्षसम्म कैद सजाय हुने अर्धन्यायिक मुद्दासमेत हेर्नुपर्ने बताइन्छ । यस्ता मुद्दामा धरौटी खोल्ने, पुर्पक्षका लागि थुनामा पठाउने आदेश र करिब एक दर्जन फौजदारी अपराधमा सुरूआती समयमा नै फैसला गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । त्यसैले ती फौजदारी कानून र अदालत बन्दोबस्ती कानून सम्बन्धी सामान्य जानकारी, तालिम वा कानून पढेको योग्यता आवश्य पर्ने बताइन्छ ।



शान्तिराज प्रसाई र जुनु हमाल ढकाल

**प्रजिअमा खटिन वा सरुवा भएर जाने कर्मचारीहरुले न्याय सेवा तालिम केन्द्र, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले बेलाबखत यस्ता किसिमका तालिम दिने गरेको छ । उनीहरु गृह मन्त्रालय भित्रिएपछि मात्र उक्त तालिम लिनुपर्ने हुन्छ ।**

दुईमध्ये एउटा मापदण्ड पूरा नभएको उपसचिव र सहसचिवलाई मन्त्रालयले सो जिम्मेवारीमा खटाउन नसक्ने बताइएको छ । तर, मन्त्रालयले यसअघि खटाएका कतिपय कर्मचारीहरुको योग्यता नै नपुग्दासमेत खटाइएको मन्त्रालय स्रोतको भनाई रहेको छ । प्रजिअमा खटिन वा सरुवा भएर जाने कर्मचारीहरुले न्याय सेवा तालिम केन्द्र, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले बेलाबखत यस्ता किसिमका तालिम दिने गरेको छ । उनीहरु गृह मन्त्रालय भित्रिएपछि मात्र उक्त तालिम लिनुपर्ने हुन्छ ।

मन्त्रालयले सिडिओ हुने मापदण्ड पूरा नगरेकालाई खटाउँदा निर्वाचन शान्ति-सुरक्षा स्थिति कमजोर हुनुका साथै बेथितिहरुले सीमा नाघेको स्रोतको दावी छ । यसको प्रतिनिधि सभा मार आम नागरिकहरूले भोगिरहेको बताइन्छ ।

यसैबिच, सरकारले आठजना सहसचिवको अन्तर निकाय सरुवा र पदास्थापन गरेको छ । २०८२ माघ २९ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहेका उनीहरूलाई विभिन्न मन्त्रालय र स्थानीय तहमा पदास्थापनको निर्णय गरेको छ ।

हालै बढुवा भएका इन्जिनियरिङ सेवातर्फका सहसचिवहरू प्रकाश चौधरी, ओमराज ढुंगाना, मनिष कुमार अर्याल, रामकुमार श्रेष्ठ र गौरी कुमार श्रेष्ठलाई शहरी विकास मन्त्रालय तथा मातहतका निकायमा सरुवा गरिएको छ । लोक सेवा आयोगबाट बढुवा भई आएका उनीहरुलाई रिक्त स्थानमा व्यवस्थापन गरिएको सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

प्रशासन सेवातर्फका र हालै बढुवा भएका सहसचिव महेन्द्रकुमार सापकोटा र शम्भुप्रसाद रेग्मीलाई गृह मन्त्रालयमा सरुवा गरिएको छ । उपसचिव रहेको बखत विगतमा बद्नाम भएका सहसचिव डमरु प्रसाद निरौलालाई भने बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएको छ ।

## कसरी अगाडि बढ्दैछ निजामती किताबखाना ?

# कर्मचारीको पेन्सन पट्टामा चमत्कारिक सुधार !

● रामहरि चौलागाईं

**काठमाडौं । राष्ट्रिय किताबखाना (निजामती) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको विभागको रुपमा रहेको छ । उक्त विभाग सम्पूर्ण निजामती कर्मचारीहरुको व्यक्तिगत विवरण राख्ने केन्द्रीय निकायसमेत मानिन्छ । जसले नीति निर्माताहरुलाई कर्मचारी सम्वन्धी आवश्यक बिवरण र तथ्यांक उपलब्ध गराउँदै आएको छ । साथै, सेवाबाट अलग भएका कर्मचारीहरुलाई निबृत्तिभरण, उपदान, पारिवारिक निबृत्तिभरण, असाधरण पारिवारिक बृत्ति, शैक्षिक भत्ता तथा सन्तती बृत्ति जस्ता सुबिधाहरु एकीन गर्ने कार्य गर्दै आएको छ ।**

विभागले भौतिक स्थानको अभावलाई सम्बोधन गर्न 'थिनिङ द पर्सनल फाइल' (Thinning the personal file) अभियान सुरु गरेको छ । यस अभियानअन्तर्गत व्यक्तिगत फाइलहरूलाई व्यवस्थित, स्थान अभावसमेतलाई मध्यनजर गर्दै सहज व्यवस्थापन र प्रत्येक वर्ष थपिने फाइलको भार घटाउने बिभागको रणनीति रहेको बुझिएको छ । जसलाई कर्मचारीको व्यक्तिगत फाइललाई पातलो बनाउने अभियान हो ।

अवका दिनमा रिटायर भएर जाने कर्मचारीको फाइलबाट निवृत्तिभरणका लागि आवश्यक महत्वपूर्ण पाँचवटा कागजात मात्र राखिने भएको छ । बाँकी कागजातहरू भने सम्वन्धित पक्ष अर्थात कर्मचारीलाई नै दिने र सोको भरपाई गराइने बताइन्छ । यस प्रक्रियापछि कर्मचारीको व्यक्तिगत फाइल पातलो हुने अपेक्षा विभागको नेतृत्वले गरेको छ । हाल सो बिभागको नेतृत्व सहसचिव श्रवणकुमार पोखरेलले गर्दै आएका छन् ।

उनी भन्छन 'यो अभियानपछि कम स्पेसमै आवश्यक कागजपत्र सहज डंगले व्यवस्थापन गर्न सकिन्छ । साथै, भौतिक स्थानको अभावसमेत स्वत कम हुन्छ । जसले किताबखानामा दुई-तीन वर्षसम्म फाइल व्यवस्थापनलाई अझ सहज बनाउनेछ ।' अहिले पनि भवनको अभावको कारणले फाइल थिनिङ तत्काल पूर्ण रूपमा लागू गर्न भने सकिएको छैन । तर, यसको तयारी र योजना सक्रिय रूपमा निरन्तर रुपमा अगाडि बढिइरहेको विभागको भनाई रहेको छ ।

**तलब व्यवस्थापन प्रणाली**

प्रत्येक महिना कर्मचारीहरूले तलब पाउने व्यवस्था अनुसार तलब प्रतिवेदन तयार हुन्छ । विभागले यस्तो प्रणाली बिकसिरत गरेको छकि तलब प्राप्त गर्ने कर्मचारीको विवरण किताबखानाको अभिलेखसँग ठ्याक्कै मेल खानेछ । यदी विवरण मेल खाँदैन भने उक्त कर्मचारीको तलब स्वत रोकिने बताइन्छ । जसले तलब वितरणमा त्रुटी, दुरुपयोग वा अनुचित भुक्तानीलाई रोक्ने काम गर्ने बिभागस्रोतले दावी गरेको छ ।

यस प्रणालीलाई पूर्णरूपले कार्यान्वयन गर्नको लागि आवश्यक कार्य भइरहेको र जसले पारदर्शिता, शुद्धता र समयमै तलब वितरण सुनिश्चित गर्ने बताइएको छ । उता, कर्मचारीहरुले पनि बाध्यकारी नभएसम्म आफ्नो सूचना अपडेट गर्दैनन । जसले किताबखानामा रहेको डेटा पूर्ण रूपमा दुरुस्त नहुने अवस्था सिर्जना गर्न सक्छ । यसलाई समाधान गर्न विभागले सम्बन्धित प्रणालीमा सुधारको व्यवस्था गरेको स्रोतको भनाई छ । हालै, अर्थमन्त्री तथा सामान्य प्रशासन मन्त्री रामेश्वर प्रसाद खनालसँग यी बिषयमा सम्वाद भएको स्रोतले दावी गरेको छ ।

मन्त्री खनालले पनि यी सवालका बारेमा इनिसिएटिभ लिएको र पहिलो प्रोजेक्टको रूपमा संघीयस्तरका २२ वटा मन्त्रालयका करिब २९ सय कर्मचारीमा यो प्रणाली लागू गरिने बिभागको भनाई रहेको छ । पहिलो फेज सफल भएपछि यो प्रणाली विभागस्तर, त्यसपछि प्रदेश र स्थानीय तहमा पनि लागु गर्ने योजना बिभागको रहेको छ । जसले गर्दा सबै कर्मचारीहरूले आफ्ना विवरण स्वत अपडेट गर्न पाउनेछन् । सो व्यवस्थापछि शुद्ध र पूर्ण डेटा एकै क्लिकमा उपलब्ध हुने अवस्था सिर्जना हुने बिभागको अपेक्षा रहेको छ ।

**के हो पीआईएस प्रणाली ?**

प्रत्येक मन्त्रालयमा कर्मचारी प्रशासन महाशाखा हुन्छ नै । जसले कर्मचारीको सरुवा-बढुवा लगायतको व्यवस्थापनको काम गर्छ । सरुवा-बढुवा गर्दा कुन कर्मचारीको के सूचना छ भनेर इन्फर्मेसन चाहिन्छ, त्यसका लागि अहिले बिभागले यो सुविधा व्यवस्थापन गरेको छ । आवश्यक पर्दा उहाँहरूलाई बिभागले पीआइएस प्रणालीको एक्सेस उपलव्ध गराउनेछ ।

मन्त्रालयले लिखित रूपमा माग/पत्राचार गरेर पठाएको खण्डमा कर्मचारी प्रशासनको सर्टेन (निश्चित) कर्मचारीले मात्रै प्रयोग गर्ने गरी उक्त एक्सेस उपलब्ध गराइने बिभागको भनाई छ । उक्त एक्सेसमार्फत सम्वन्धित पक्षले आवश्यक विवरणहरू स्वत हेर्न सक्नुहुनेछ । यस अगाडि पीआईएस प्रणालीबारेमा विभिन्न कुरा बाहिर आएका थिए । अझ मिडियामा आएपछि एउटा कर्मचारीले आफ्नो पीआईएस अपडेटको एक पत्ता लिनका लागि प्लेन चढेर आउनुपर्ने स्थिति थियो ।

कतिपय कर्मचारी साथीहरुले त यो पीआईएस सिस्टम पनि मरेको धेरै वर्ष भइसक्यो, दुई वर्ष कटिसक्यो भनेर पनि सामाजिक संजालमा व्यङ्गय गरे लेखेकासमेत थिए । ती सबै समस्यालाई विभाले ठूलो परिवर्तन होइन, सानो प्राविधिक सुधार गरेर समाधान गरिसकेको विभागको भनाई रहेको छ ।

**प्रणालीमा कर्मचारी तालिमको विवरण अपडेट**

पीआइएस अर्थातपर्सनल इन्फर्मेसन सिस्टम प्रणालीमा विभिन्न निकायहरूले काम गर्दै आएका छन् । जस्तै, कर्मचारीहरुलाई तालिम दिने स्टाफ कलेज लगायत १५-२० वटा प्रदायक निकायहरू रहेका छन् । जसले कर्मचारीलाई तालिम दिन्छन् र सम्पन्न भएपछि ती निकायहरूले तालिम लिएका कर्मचारीहरूको नाम, संख्या र अन्य विवरणहरू बिभागलाई चिठ्ठीमार्फत पठाउने छन् ।




जसमा यतिजना कर्मचारीले तालिम लिएका छन् भन्ने जानकारी स्वत प्राप्त हुनेछ । विगतमा, कतिपय निकायले यो जानकारी पठाउँदैनथे । पठाउँदा पनि किताबखानामा इन्ट्री नभएको अवस्था थियो । जसले गर्दा सूचना बैंकको डेटा पूर्ण रूपमा शुद्ध हुन सकेको थिएन । यस अवस्थालाई सुधार्न विभागले प्रणाली र कार्यप्रवाहमा नै सुधार गरेको छ । ताकि तालिम सम्बन्धी विवरणहरू नियमित रूपमा अपडेट हुने र सूचना बैंकमा शुद्ध डेटा उपलब्ध हुने अवस्था सुनिश्चित भइसकेको छ ।

तालिम प्रदायक निकायहरूले आफूले दिएको विवरण अब उनीहरुले नै पीआइएस प्रणालीमा अपडेट गर्ने व्यवस्था गरिएको छ । पीआइएस प्रणाली भित्रको तालिम मोड्युलको तालाचाबी अर्थात पासवर्ड स्वयम् उहाँहरूलाई दिइन्छ । उहाँहरूले आफ्नो कम्प्युटरमा प्रणाली खोल्नुहुन्छ, तालिमको मोड्युल स्वत खुल्छ नै । त्यसपछि संकेत नम्बर हाल्नुहुन्छ र आफूले तालिम दिएको नम्बर हाल्ने बित्तिकै तालिम दिएको, लिएको, कति दिन र कति नम्बर आयो, डिभिजन के छ भन्ने सबै विवरण प्राप्त हुनेछ । त्यसपछि तालिम प्रमाण पत्र स्क्यान गरेर अपलोड गर्न सकिनेछ ।

त्यसपछि प्रणालीमा ट्याक्कै सो विवरण आउँछ । अब त्यो डिलिट पनि हुँदैन, हरायो भने पनि कर्मचारीहरूले आफैं किताबखानासँग मागेर प्रमाणपत्र लिन सक्नुहुनेछ । यसले गर्दा प्रत्येक निकायले आफ्नो काम आफैं गर्ने भएपछि कर्मचारीको सूचना स्वतः अध्यावधिक हुन्छ नै । जस्तो, गृह मन्त्रालयले कुनै कर्मचारीलाई सिडिओमा पठाउनु परेको खण्डमा उसले आवश्यक तालिम लिएको छ कि छैन भनेर किताबखानालाई सोधिरहनु पर्दैन ।

किनकि, हामी उनीहरूलाई एक्सेस दिन्छौं । त्यो एक्सेसमा संकेत नम्बर टक्क हाल्ने बित्तिकै तालिम लिएको/नलिएको, लिएको भए कुन निकायबाट कुन लिएको भन्ने सबै जानकारी स्वत हुनेछ । यसले सेवा प्रवाहमा सुधार हुन्छ र सेवा प्रवाहको डिजिटल ट्रान्सफरेसन पनि हुने विभागको नेतृत्वले अपेक्षा गरेको छ ।

## समाचार/विविध

## *समयमा सहकारी संस्थाहरूमा किन भएन नियमन गलत कार्य गर्नेहरूलाई होला त कारवाही ?*

● साँघु संवाददाता

*काठमाडौं । सहकारी संस्थाहरूलाई विद्यमान ऐन कानूनअनुसार नियमित रूपमा नियमन नगर्दा शेयर सदस्य र बचतकर्ताहरूको रकम हिनामिना हुनेक्रम अझै रोकिएको छैन । सदस्यहरुले खाइनखाई जम्मा गरेको करोडौं रकम हिनामिना, कमिशन लिएर जथाभावी ऋण प्रवाह र सदस्यबाहेकलाई पनि ऋण प्रवाह गर्ने बेथिति र विकृतिहरुमा अझै कमी आउन सकिरहेको छैन । अझ बिना धितो जमानीको भरमा ऋण प्रवाह गर्ने, दिएको ऋणको ब्याज, सावा रकम र किस्ता समयमा असुलउपर गराउन कतिपय सहकारी संस्थाहरुले तत्परता नदेखाएको गुनासाहरु बढेका छन् । त्यति हुँदासमेत ठुला, मझौला र साना सहकारी संस्थाहरूको सञ्चालक समितिका सदस्य र पदाधिकारीहरूलाई सहकारी विभागलगायत सरोकारवाला निकायहरुले कुनै कारवाही नगरेको पीडितहरुले गुनासो गर्दै आएका छन् ।*

*बरू उल्टै अतिरिक्त लाभ लिएर यस्तो प्रवृत्तिलाई कतिपय निकायका कर्मचारीहरुले यसअघि प्रोत्साहन गर्ने गरेको फेला परेको छ । गलत कार्य गर्ने विभागका तत्कालीन रजिष्ट्रार र महानिर्देशकलाई सरकारले कहिले कारवाही गर्ला भन्ने प्रश्नसमेत सर्वत्र रुपमा उठिरहेको छ । जस्तो, ओरेन्टियल सहकारी संस्था लिमिटेडमा समस्या देखिने बित्तिकै तत्कालीन विभागको नेतृत्ले अधिकांश सहकारी संस्थाहरूमा कडाइकासाथ नियमन गरेको भए आज सहकारी क्षेत्रमा यस्तो विकृति पक्कै नआउने सहकारी क्षेत्रका जानकारहरु बताउँछन् । तत्कालीन नेतृत्वको कमजोरीका कारण नै जीबी राई, रवी लामिछाने, केबी उप्रेती, इच्छाराज तामाङलगायतका व्यक्तिहरूले संगठित रूपमा बचतकर्ता सदस्यहरूले जम्मा गरेको रकम सहज ढंगले ठगी र हिनामिना गर्न सकेको दावीहरु सार्वजनिक भइरहेका छन् ।*

***आयोगले अब के गर्ला ?***

*सहकारीमा आवद्ध सदस्यहरूले खाईनखाई भविष्यको सुखदुखका लागि केही आर्थिक सहयोग होलाकि भनेर दैनिक दुईचार सय रूपैयाँ बचत गरेर राखेको रकम सहजै हिनामिना भएको धेरै तथ्यहरु निरन्तर रुपमा बाहिर आइसकेका छन् । जुन समयमा केही सहकारी संस्थामा समस्या देखिएको थियो सोही समयमा अन्य सहकारीमा यस्तो समस्या आउँछकि भनेर कडा ढंगले अडिट र नियमन गरिएको थियो भने वर्तमानको जस्तो विकराल र जटिल समस्या पक्कै आउँदैनथ्यो भन्ने भनाईहरु बाहिर आइरहेका छन ।*

*यही विषयलाई सम्वोधन गर्नका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री प्रा. डा. कुमार इङनामले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै कार्य योजना बनाएर सहकारी क्षेत्रमा भएको बेथिति सम्बन्धी छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेका छन् । मन्त्री इङनामको कार्ययोजना अनुसार नै ०८२ गत माघ २ गतेको मन्त्रिपरिषद बैठकले उच्च अदालतका पूर्व न्यायाधीश विनोदप्रसाद शर्माको अध्यक्षतामा 'सहकारीमा भएको बेथिति सम्बन्धी जाँचबुझ आयोग, २०८२' गठन गरेको छ ।*

*उक्त आयोगको सदस्यमा पूर्व सहसचिव नवराज सापकोटा, कानूनविद् पुण्यप्रसाद दंगाल, सहकारी वा बैंक तथा वित्तीय संस्थाको क्षेत्रका अनुभवी नवराज सिम्खडा रहेका छन् । आयोगको विज्ञ सदस्यमा भने बसन्त बहादुर शाक्यलाई मनोनित गरिएको बताइन्छ । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम गठन भएको उक्त आयोगको सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ कार्यान्वयनमा आएपश्चात सहकारी क्षेत्रका लागि सहकारी विभागबाट भए गरेका कामको छानबिन गरी कारबाहीका लागि सिफारिस गर्ने मुख्य कार्यदेश पाएको छ ।*

*त्यस्तै सहकारी ऐन, २०४८ लागू भएपश्चात सहकारी विभाग र अन्तर्गतका निकायबाट भएका सहकरी दर्ता, क्षेत्र विस्तार, मर्जर र नियमन लगायतका विषयमा जारी भएका निर्देशन सम्बन्धमा छानबिन गर्ने र उक्त कार्यमा संलग्न कर्मचारी र पदाधिकारीहरूको विवरण संकलन गरेर कारबाहीका लागि सिफारिस गर्ने कार्यदेश आयोगले पाएको बताइन्छ । आयोगलाई तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी आयोगलाई समय पनि दिइएको छ । यसरी आयोगलाई सहकारी विभाग र मातहतका कार्यालयमा बसेर बदमासी गर्ने, आफ्नो जिम्मेवारी र कर्तव्य पूरा नगर्ने कर्मचारीहरूमाथि पनि कारबाही गर्ने गरी कार्यदेश दिएको छ ।*

***यी कर्मचारीलाई होला कारवाही ?***

*बिभागको नेतृत्वमा रहँदा तल उल्लेखित कर्मचारीहरुले बचत रकम, कर्जा प्रवाह रकम, ब्याज असुली र सावा असुलीको नियमन गरेको भए आज सहकारीका लाखौं सदस्य ठगिनुपर्ने अवस्था आउने थिएन । सहकारी संस्थाभित्र भएका अनियमितता नियन्त्रण, नियमनमा भएका कमजोरी गर्नेहरुलाई आयोगले के कस्तो कारवाही गर्ला भन्ने कौतुहलतासमेत यतिखे र बढेका छन् ।*

*सहकारी ऐन-कानुनमा सुधार र सहकारी बचतकर्ताको रकम नियोजित रूपमा हिनामिना र ठगी गर्ने दोषीलाई कारवाही गर्न आयोगले कस्तो भूमिका खेल्नेछ भनेर पीडितहरु आँखा तानेर हेरिरहेका छन । अझ सहकारी रकम हिनामिना र ठगी भएको रकम असुलउपर गरी बचतकर्तालाई फिर्ता गराउन सकेमात्र पीडितहरुमाथि सच्चा न्ययाय हुने बताइन्छ ।*

*सहकारी ऐन, २०७५ कार्यान्वयनमा आएपछि सहकारी नियमन प्राधिकरण गठन नहुन्जेलसम्म सहकारी विभागको नेतृत्वमा निम्न सहसचिवहरु जिष्ट्रारको भूमिकामा रहेर कामकाज गरे थिए । जसमा सहसचिव केशव प्रसाद रेग्मी, शिव कुमार कार्की, टोकराज पाण्डे, लीला प्रसाद शर्मा रहेका छन । यसैगरी, सहसचिवहरु झलकराम अधिकारी, रूद्र प्रसाद पण्डित, नमराज घिमिरे र पिताम्बर घिमिरेले विभागको नेतृत्व गरेका थिए ।*

*सो अवधिमा सहकारीमा सबैभन्दा बढी बेथिति भएको तथ्य तत्कालीन प्रतिनिधि सभा सदस्य सूर्यबहादुर थापा क्षेत्रीको संयोजकत्वमा गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले नै सार्वजनिक गरेको थियो ।*

***कारवाहीको अधिकार रजिष्ट्रारलाई***

*सरकारी ऐन २०४८ र त्यसलाई प्रतिस्थापन गरेको ऐन, २०७४ को दफा १२४ र १२५ मा सहकारी संघ, संस्थाको नियामक तथा सुपरीवेक्षकीय अन्तर्गत सुपरीवेक्षणकोक्रममा देखिएका कैफियतको कारबाहीका लागि निर्देशन दिने, जरिवाना लगाउने र सजाय गर्नेसम्मको अधिकार स्पष्ट रुपमा सहकारी रजिष्ट्रारलाई प्रदान गरिएको छ ।*

*तर, विभागले अनुगमन गरेका संस्थालाई निर्देशन दिनेभन्दा बढी कुनै कानुनी कारबाही नगरेको र आर्थिक लाभ लिएर उल्टै क्षेत्र विस्तार, मर्जर गर्न र जरिवान तथा सजायबाट उन्मुक्ति दिन विभागका तत्कालीन रजिष्ट्रारहरूले भूमिका खेलेको संसदीय छानबिन विशेष समितिले निष्कर्ष रहेको छ । उक्त कुरालाई समेत विस्तृतमा छानबिन गर्न पूर्व न्यायाधीश शर्माको नेतृत्वमा जाँचबुझ आयोग गठन गरिएको मन्त्रालय स्रोतले बताएको छ ।*

*सहकारी ऐन, २०७५ कार्यान्वयनमा आएपछि उमेरहदका कारण कतिपय कर्मचारीहरु भने अवकासमा गइसकेका छन । सहकारी संस्थाहरूमा बेथिति, ठगी र बचत हिनामिना समस्या आउनुमा कार्यक्षेत्र विस्तार, शाखा कार्यालय खोल्ने सेवाकेन्द्र विस्तारलाई पनि ठूलो कारण मानिएको छ । ती संस्थामा धेरै समस्या रहेको संसदीय छानबिन समितिले ठहर गरेको थियो । विभागका तत्कालीन रजिष्ट्रारहरूका कारण पनि सहकारी संस्थाहरुको समस्या र अवस्था अहिलेको ठगी, हिनामिनामा पुगेको बताइन्छ ।*

*उक्त बेथितिका विषयमा समेत जाँचबुझ आयोगले एक्सन लिन जरूरी रहेको जानकारस्रोतको भनाई रहेको छ । आयोगलाई सहकारी बेथितिमा संलग्न कर्मचारीलाई पक्राउ गरेर अनुसन्धान गर्ने अधिकार समेत दिइएको छ । जाँचबुझ आयोग गठनसँगै सहकारीलाई यो अवस्थामा पुर्याउने र आफ्नो कानूनी जिम्मेवारी पूरा नगर्ने पूर्व रजिष्ट्रार र महानिर्देशकहरूलाई कानुनी कारबाहीको दायरामा आउने सम्भावना बढेको बताइन्छ ।*

## *तथ्यांक बोल्छ अर्थतन्त्रका सुखद-दुखद पक्ष !*

*काठमाडौं । सरकारले आर्थिक वर्ष २०८२-८३ को पहिलो ६ महिनामा नेपालको बाह्य अर्थतन्त्र सकारात्मक सुधार भएको दावी गरेको छ । अर्ध वार्षिक समीक्षा अवधिमा मुलुकको निर्यात ४३.८ प्रतिशतले बढेर र १ खर्ब ४२ अर्ब २ करोड पुगेको अर्थ मन्त्रालयले जानकारी दिएको छ । आयात भने १४.२ प्रतिशतले वृद्धि भई ९ खर्ब ३९ अर्ब २ करोड पुगेको मन्त्रालयको दावी छ । आयात र निर्यात दुवै बढेका कारण कुल व्यापार घाटामा १०.१ प्रतिशतको वृद्धि भई ७ खर्ब ९७ अर्ब पुगेको अर्थ मन्त्रालयले जारी गरेको प्रतिवेदनले देखाएको छ ।*

*अझ अलैंची र पाम तेल जस्ता वस्तुको निर्यात बढेको छ भने रासायनिक मल र सुन-चाँदी जस्ता वस्तुको आयातमा वृद्धि भएको सरकारले दावी गरेको छ । रेमिट्यान्स ३९.१ प्रतिशतको उच्च वृद्धि भई १० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ भने वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्यामा १०.३ प्रतिशतको संकुचन आएको बताइन्छ । २०८२ असार मसान्तको तुलनामा पुस मसान्तसम्म कुल विदेशी विनिमय सञ्चिति २१.१ प्रतिशतले बृद्धि भएर ३२ खर्ब ४२ अर्ब ४५ करोड पुगेको छ ।*

*अमेरिकी डलर सञ्चिति यो अवधिमा २२ अर्ब ४७ करोड रहेको छ । जसले २१.४ महिनाको वस्तु आयात र १८.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने सरकारको दावी छ । जनु जारी तथ्यांकले मुलुकको बाह्य क्षेत्र मजबुत बन्दै गएको बताइन्छ ।*

# राष्ट्र निर्माणमा सिंगापुरको अनुभव र नेपाल ?
# सिंगापुर हेरेर नेपालले सिक्नै पर्ने सूत्र



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**सिंगापुर र नेपाल भौगोलिक आकार, ऐतिहासिक पृष्ठभूमि, आर्थिक संरचना र सामाजिक बनोटका हिसाबले एकअर्काभन्दा निकै फरक देश हुन् । सिंगापुर सानो टापु राष्ट्र हो, जसले व्यापार, वित्त र मानव पूँजीमा आधारित अर्थतन्त्र विकास गरेको छ भने नेपाल भूपरिवेष्ठित, प्राकृतिक विविधतायुक्त र कृषि तथा श्रममा आधारित अर्थतन्त्र भएको देश हो ।**

यति ठूलो फरक हुँदाहुँदै पनि राष्ट्र निर्माणका आधारभूत सिद्धान्तहरू भने दुवैका लागि समान हुन्छन् । यही कारण सिंगापुरको विकास अनुभवलाई नेपालको सन्दर्भमा अध्ययन गर्नु उपयोगी देखिन्छ ।

**दीर्घकालीन सोच र नीतिगत निरन्तरता**


सिंगापुरको सफलताको मूल आधार दीर्घकालीन सोच हो । त्यहाँ सरकार परिवर्तन भए पनि राज्यको दिशा परिवर्तन भएन । शिक्षा, स्वास्थ्य, आवास, लगानी र आर्थिक व्यवस्थापनजस्ता क्षेत्रमा नीतिगत निरन्तरता कायम राखियो । यसले नागरिक र लगानीकर्तालाई भविष्यप्रति भरोसा दिलायो । नेपालमा भने सरकार परिवर्तनसँगै प्राथमिकता फेरिने, नीति संशोधन हुने र दीर्घकालीन योजनाहरू अधुरै रहने समस्या देखिन्छ । यसले विकास प्रक्रियामा अनिश्चितता सिर्जना गरेको छ । यसबाट स्पष्ट हुन्छ कि दिगो विकासका लागि व्यक्ति भन्दा नीति र संस्थाको निरन्तरता आवश्यक हुन्छ ।

**संस्थागत सुशासन र कानूनको शासन**

सिंगापुरमा संस्थागत सुशासनलाई अत्यन्त महत्व दिइयो । कानून सबैका लागि समान रूपमा लागू गरियो र सार्वजनिक सेवा प्रणालीलाई राजनीतिक हस्तक्षेपबाट जोगाइयो । यही कारण भ्रष्टाचार नियन्त्रणमा रह्यो र राज्यप्रति जनविश्वास बलियो बन्यो । नेपालमा कानून र संस्था त छन् तर कार्यान्वयन कमजोर देखिन्छ । राजनीतिक पहुँच र प्रभावका कारण नियम लचकदार बन्ने गुनासो व्यापक छ । कानूनको शासन व्यवहारमै लागू नभएसम्म संस्थागत मजबुती सम्भव हुँदैन भन्ने सन्देश यहाँ स्पष्ट हुन्छ ।

**सार्वजनिक सम्पत्ति र नेतृत्वको नैतिकता**

सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा पनि सिंगापुरले अनुकरणीय अभ्यास देखायो । राष्ट्रिय कोष, सार्वजनिक कम्पनी र नागरिक बचतलाई दीर्घकालीन सोचका साथ पारदर्शी रूपमा व्यवस्थापन गरियो। यी सम्पत्तिहरूलाई व्यक्तिगत वा दलगत लाभका लागि प्रयोग गरिएन । नेपालमा भने सार्वजनिक स्रोतको दुरुपयोग, लागत बढ्ने समस्या र कमजोर अनुगमनका कारण जनविश्वास कमजोर हुँदै गएको देखिन्छ । सार्वजनिक सम्पत्ति वर्तमान पुस्ताको मात्र होइन, भावी पुस्ताको साझा उत्तरदायित्व हो भन्ने सोच अझ मजबुत बनाउनु आवश्यक छ ।



**सिंगापुरमा संस्थागत सुशासनलाई अत्यन्त महत्व दिइयो । कानून सबैका लागि समान रूपमा लागू गरियो र सार्वजनिक सेवा प्रणालीलाई राजनीतिक हस्तक्षेपबाट जोगाइयो । यही कारण भ्रष्टाचार नियन्त्रणमा रह्यो र राज्यप्रति जनविश्वास बलियो बन्यो । नेपालमा कानून र संस्था त छन् तर कार्यान्वयन कमजोर देखिन्छ । राजनीतिक पहुँच र प्रभावका कारण नियम लचकदार बन्ने गुनासो व्यापक छ ।**

नेतृत्वको जीवनशैली र नैतिकताले पनि ठूलो भूमिका खेलेको देखिन्छ । सिंगापुरका शीर्ष नेताहरूले साधारण जीवनशैली अपनाए र सार्वजनिक पदलाई सेवा सम्झिए । यसले नागरिकमा नैतिक विश्वास पैदा गर्‍यो। नेपालमा भने नेतृत्वको जीवनशैली र जनसाधारणको अवस्था बीचको दूरीले असन्तोष बढाएको अनुभूति हुन्छ । कानुनभन्दा पनि नेतृत्वको आचरणले नागरिकलाई गहिरो सन्देश दिने भएकाले नैतिकता सुशासनको आधार बन्नुपर्छ ।

**शक्ति हस्तान्तरण र राज्य–निजी सीमारेखा**

शक्ति हस्तान्तरणको विषयमा सिंगापुरले परिपक्वता देखायो । नेतृत्व परिवर्तन योजनाबद्ध, शान्तिपूर्ण र जिम्मेवारीसहित भयो । उत्तराधिकारीलाई समयमै तयार पारियो र संस्थागत स्मृति सुरक्षित राखियो । नेपालमा भने सत्ता हस्तान्तरण प्रायः अस्थिर, विवादपूर्ण र व्यक्ति-केन्द्रित देखिन्छ । यसले शासन प्रणाली कमजोर बनाएको छ । सत्ता हस्तान्तरणलाई पद परिवर्तन होइन, जिम्मेवारी र उत्तरदायित्वको हस्तान्तरणका रूपमा बुझ्न आवश्यक छ ।

सिंगापुरको अनुभवले अर्को महत्वपूर्ण सन्देश पनि दिन्छ । राज्य र निजी जीवनबीचको सीमारेखा स्पष्ट नहुँदा समस्या उत्पन्न हुन्छ । ली परिवारको आन्तरिक विवादले देखायो कि बलियो राज्य भए पनि पारिवारिक स्वार्थ र राज्य शक्ति मिसिँदा तनाव पैदा हुन सक्छ । नेपालमा पनि राजनीति, परिवार, व्यवसाय र नातावादबीच स्पष्ट दूरी नदेखिने अवस्था छ । राष्ट्र निर्माणका लागि राज्य संयन्त्रलाई निजी र पारिवारिक स्वार्थबाट अलग राख्नु अत्यन्त आवश्यक हुन्छ ।


नेपालले सिंगापुर जस्तै बन्न सक्दैन र बन्नु आवश्यक पनि छैन । तर नेपालले सिंगापुरको अनुभवबाट अनुशासन, दीर्घकालीन सोच, संस्थागत इमानदारी र सार्वजनिक हितप्रतिको प्रतिबद्धता सिक्न सक्छ । नेपालसँग प्राकृतिक स्रोत, युवा जनशक्ति र सांस्कृतिक विविधताको ठूलो सम्भावना छ । यी सम्भावनालाई उपयोग गर्न राजनीतिक इच्छाशक्ति, नीतिगत स्थिरता र जनविश्वासको पुनर्निर्माण आवश्यक छ ।

अन्ततः राष्ट्र निर्माण कुनै व्यक्तिको असाधारण क्षमताको परिणाम होइन । यो बलियो संस्था, स्पष्ट नीति, इमानदार नेतृत्व र दीर्घकालीन सोचको संयुक्त परिणाम हो । सिंगापुरको अनुभव र नेपालको आवश्यकता दुवैले एउटै सत्य देखाउँछन्-देश बनाउने काम शक्ति र नाराले होइन, नीति, अनुशासन र नैतिकताले गर्छ ।

(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com)

## स्वास्थ्य/घरेलु उपचार

### *तुलसी–दालचिनी पानी : संक्रमणविरुद्ध प्राकृतिक सुरक्षा*



*तुलसीलाई आयुर्वेदमा अत्यन्तै पवित्र र औषधीय गुण भएको बिरुवा मानिन्छ । दालचिनीमा शक्तिशाली एन्टिअक्सिडेन्ट तत्व पाइन्छ । यी दुईलाई एकसाथ उमालेर पिउँदा शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउन मद्दत पुग्ने विश्वास गरिन्छ ।*

*बिहान खाली पेट एक गिलास पानीमा ४-५ पात तुलसी र सानो टुक्रा दालचिनी राखेर ५-७ मिनेट उमाल्नुहोस् । मनतातो भएपछि छानेर पिउन सकिन्छ । चाहिंदा अलिकति मह मिसाउन सकिन्छ ।*

*यसले चिसो मौसममा रुघाखोकीको सम्भावना घटाउन, घाँटी दुखाइ कम गर्न र शरीरलाई भित्रबाट तातो राख्न सहयोग पुर्‍याउन सक्छ । साथै पाचन प्रणाली सुधार्न पनि मद्दत पुग्न सक्छ । तर, दीर्घ रोग भएका व्यक्तिले नियमित सेवन अघि चिकित्सकको सल्लाह लिनु उचित हुन्छ ।*

### *छाला र कपालको प्राकृतिक साथी*



*अलोभेरा (घ्यूकुमारी) घरमै सजिलै पाइने बिरुवा हो । यसको जेलमा भिटामिन-ई, भिटामिन-सी र खनिज तत्व पाइन्छन् । घामले पोलेको छाला, सुक्खापन वा हल्का दागमा ताजा अलोभेरा जेल १५-२० मिनेट लगाएर धुँदा छाला ताजा र नरम देखिन मद्दत गर्छ ।*

*कपाल झर्ने समस्या वा ड्यान्ड्रफ भए टाउकोको छालामा अलोभेरा(घ्यूकुमारी) जेल हल्का मालिस गरी आधा घण्टापछि पखाल्दा फाइदा हुन सक्छ । यसले टाउकोको छाला चिसो राख्न र जरालाई बलियो बनाउन सहयोग पुर्‍याउने विश्वास गरिन्छ । संवेदनशील छाला भएकाले प्रयोग अघि सानो भागमा परीक्षण गर्नु उपयुक्त हुन्छ ।*

### *जीरा पानी : पाचन सुधार्ने सरल उपाय*



*जीरा प्रायः हरेक भान्सामा पाइन्छ । यसमा पाचन सुधार्ने गुण पाइन्छ । राति एक चम्चा जीरा एक गिलास पानीमा भिजाएर बिहान उमालेर पिउँदा पेट फुल्ने, ग्यास र अपच कम गर्न सहयोग पुग्न सक्छ । केही अध्ययनले जीराले मेटाबोलिज्म सक्रिय बनाउन मद्दत गर्ने संकेत दिएका छन्, जसले तौल सन्तुलनमा पनि भूमिका खेल्न सक्छ । नियमित तर, सन्तुलित प्रयोगले पाचन प्रणाली व्यवस्थित राख्न मद्दत गर्न सक्छ ।*

***निष्कर्ष** : घरेलु उपाय पूर्ण उपचारको विकल्प होइनन्, तर सामान्य समस्या नियन्त्रणमा उपयोगी हुन सक्छन् । सन्तुलित आहार, नियमित व्यायाम र चिकित्सकीय परामर्शसँगै यस्ता प्राकृतिक उपाय अपनाउदा स्वास्थ्यलाई बलियो बनाउन सकिन्छ ।*

# मौलिकता हराउँदै गएको नेपाली सेना
# जनविश्वासको धरोहर कि नेतृत्वको दुविधा ?

## चिठ्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

*सम्पादकज्यू, साँघु साप्ताहिक*

**नेपाली सेना राष्ट्रको अन्तिम धरोहरका रूपमा जनविश्वास बोकेको संस्था हो । गौरवशाली इतिहास, विविध संस्कृति र अद्भुत भूगोलसँग जोडिएको यो संस्था केवल सुरक्षा निकाय मात्र नभई राष्ट्रिय स्वाभिमानको प्रतीक पनि हो । सैनिक सेवा आफैँमा अनुशासन, त्याग र निस्वार्थ भावनामा आधारित जीवन पद्धति हो । तर, पछिल्लो समय देखिएका केही प्रवृत्ति र निर्णयहरूले सेना आफ्नो मौलिक चरित्र र समाजसँगको सम्बन्धबाट विमुख हुँदै गएको अनुभूति आम सैनिक पंक्तिमा बढ्दै गएको छ ।**

सेना समाजकै एउटा अभिन्न अंग हो । ब्यारेक केवल तालिम गर्ने स्थल मात्र होइन, त्यहाँ पढ्ने, खेल्ने, सांस्कृतिक कार्यक्रम गर्ने, उत्पादनमूलक काम गर्ने र धर्म, संस्कार, संस्कृतिका साथै सामाजिक रूपमा घुलमिल हुने अवसर पनि हुन्छ । तर, अहिले ठुला हाकिम, जर्सा’ब, कर्सा’ब र नेतृत्व तहमा खेती गर्नु हुँदैन, मन्दिर बनाउनु हुँदैन, पाटीपौवा, चौतारा, बनाउने कार्य र स्थानीयसँग घुलमिल हुनु हुँदैन भन्ने संकुचित सोच हावी भएको महसुस हुन्छ । यसले नेपाली सैनिकलाई समाजबाट टाढा पार्ने र संस्थालाई कठोर प्रशासनिक संरचनामा सीमित गर्ने खतरा बढाएको छ ।

हाल विभिन्न पर्व र सामाजिक अवसरहरूमा समेत अत्यधिक कार्यक्रम राखिँदा सिपाहीहरूमा मानसिक दबाब र नैराश्यता बढेको गुनासो छ । नयाँ वर्ष, जनैपूर्णिमा, दशैं, भाइटिका, माघे संक्रान्ति जस्ता सांस्कृतिक दिनहरूमा निरन्तर अभ्यास र निरीक्षणका कार्यक्रम राखिनु सैनिक मनोबलका लागि उपयुक्त देखिँदैन । तालिम पेशागत उन्नतिका लागि आवश्यक भए पनि त्यसलाई व्यवहारिक, रोचक र समयानुकूल बनाउनु जरुरी छ ।



पदोन्नति प्रणालीमा देखिएको असन्तुलन पनि हाम्रा लागि गम्भीर विषय हो । लामो समय सेवा गरे पनि बढुवाबाट वञ्चित हुने अवस्था कायम रहनु, अवसर वितरणमा पारदर्शिताको अभाव, र जेष्ठता तथा योग्यता बीचको असमानताले हामी सैनिकहरूमा निराशा बढाएको छ । स्टाफ कलेज नगरेका तर फिल्डमा उत्कृष्ट प्रदर्शन गरेका अधिकृतहरू पछाडि पर्नु न्यायोचित होइन । अवसर र संरचनागत सीमाले क्षमता भन्दा बढी भूमिका खेल्दा संस्थाको दीर्घकालीन प्रभावकारितामै प्रश्न उठ्न सक्छ ।

त्यसैगरी, निर्वाचन जस्ता राष्ट्रिय कार्यमा लामो समय खटिए पनि न्यून भत्ता पाउनु, अन्य सुरक्षा निकायसँग तुलनात्मक असमानता हुनु, तथा आवश्यक साधन-सुविधाको अभाव हुनु सैनिकहरूको मनोबल घटाउने कारण बनेको छ । सेना अनुशासनको घेराभित्र बस्ने संस्था भएकाले खुला असन्तुष्टि व्यक्त नहोला, तर मौन असन्तोष संस्थाका लागि दीर्घकालीन चुनौती बन्न सक्छ भन्ने कुरा श्रीमान प्रधान सेनापति अशोक राज सिग्देल, जङ्गी अड्डाका जर्सा’बहरु र पिएसओज्सम्म पुगोस् भन्ने चाहन्छौं ।

नेतृत्व तहमा दूरदर्शी सोच आजको आवश्यक हो । सेना केवल परम्परागत सुरक्षामा सीमित नभई विपत् व्यवस्थापन, संकटमोचन, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वसैनिक परिचालन, युवा सशक्तिकरण र राष्ट्रिय एकतामा सक्रिय भूमिका खेल्न सक्छ । सैनिकलाई आवश्यक सामग्रीमा आत्मनिर्भरता, कृषि तथा पर्यटनजस्ता क्षेत्रमा सहकार्य, र सामाजिक सद्भाव अभिवृद्धि जस्ता पहलले संस्थालाई अझ बलियो बनाउन सक्छ ।

नेपाली सेनाको शक्ति केवल हतियारमा होइन, अनुशासन, एकता र जनविश्वासमा निहित छ । यदि मौलिकता, स्वाभिमान र पारदर्शिता जोगाइएन भने बाह्य आलोचना भन्दा आन्तरिक निराशा ठूलो खतरा बन्न सक्छ । त्यसैले समयमै आत्ममूल्यांकन, नीतिगत स्पष्टता र न्यायपूर्ण व्यवस्थापन आवश्यक देखिन्छ ।अन्त्यमा, नेपाली सेना जनताको भरोसाको प्रतीक रहिरहोस्, सैनिकहरूको मनोबल उच्च रहोस् र संस्था आफ्नो मौलिक चरित्रसँग पुनः जोडिन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दै यो चिठी सार्वजनिक विमर्शका लागि प्रकाशित गरिदिनुहुन अनुरोध गर्दछु ।

*धन्यवाद । जय नेपाल*
*भवदीय*
*एक बेनामे अधिकृत, नेपाली सेना*

# लक्जरी गाडी, कर छली र शक्ति सञ्जाल
## बालेन प्रकरणले खोलेको राज्य संयन्त्रको अँध्यारो पाटो

**काठमाडौं । नेपालमा सुशासन, पारदर्शिता र जवाफदेहिताको बहस नयाँ होइन । तर, जब यी शब्दहरू सार्वजनिक भाषणको नारामात्रै रहन्छन् र व्यवहारमा उल्टो चित्र देखिन्छ, तब समाजमा अविश्वास गहिरिँदै जान्छ ।**



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुरु गरेको लक्जरी सवारीसाधन कर छली प्रकरण यतिबेला यस्तै अविश्वासको केन्द्र बनेको छ । ल्यान्डरोभर ब्रान्डका १५ वटा गाडी भन्सार छली गरेर नेपाल भित्र्याइएको आशंकामा अनुसन्धान भइरहँदा एउटा गाडी राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह (बालेन)ले प्रयोग गरेको तथ्य बाहिर आएको छ ।

यो केवल गाडीको कथा होइन-यो राज्य प्रणाली, व्यापारिक शक्ति, राजनीतिक पहुँच र प्रशासनिक संरचनाबीचको सम्बन्धको कथा हो । उक्त ८ करोड मूल्यको डिफेन्डर गाडी विवादास्पद ब्यापारी करेन्ट चाउचाउको उत्पादक कम्पनी यशोदा फुड्स र गुट्खा उत्पादक श्रीराम टोबाको कम्पनीका संचालक कमलकिशोर मालपानीको भएको यातायात ब्यवस्था बिभागबाट प्राप्त कागजातबाट खुलेको छ । मालपानीका छोरा नितेश मालपानी संचालक रहेको त्रिमूर्ति इन्डष्ट्रिज प्रालिको नाममा उक्त गाडी रहेको छ । नबिल बैंक लिमिटेडमा राखिएको उक्त गाडीको ऋणी त्रिमूर्ति इन्डष्ट्रिज प्रालि उल्लेख छ ।

**कर संरचनाको जटिलता : किन हुन्छ यति ठूलो अन्तर ?**

नेपालमा ३००० सीसी आसपासका डिजेल इन्जिन भएका लक्जरी गाडीमा ३५० प्रतिशतभन्दा बढी सम्म भन्सारदर लाग्न सक्छ । यसमा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर लगायतका शीर्षक समावेश हुन्छन् । तर, यदि सोही गाडीलाई पेट्रोल वा प्लग-इन हाइब्रिड भनेर वर्गीकरण गरियो भने करदर उल्लेखनीय रूपमा घट्छ । यही ‘वर्गीकरणको खेल’ नै यस प्रकरणको मूल बिन्दु देखिएको छ ।

डिजेल इन्जिन भएका डिफेन्डर ११० मोडललाई पेट्रोल/हाइब्रिड भनेर घोषणा गरी करिब १०० प्रतिशतजति कम दरमा जाँचपास गरिएको प्रारम्भिक विवरणले देखाउँछ । यसबाट दुई वटा गाडीमै डेढ करोडभन्दा बढी राजस्व नोक्सानी भएको अनुमान छ ।

**प्रश्न उठ्छ–** के यो प्राविधिक भूल थियो ? वा नियोजित रूपमा कागज मिलाएर गरिएको योजना ?

**१५ गाडी, २ करोडभन्दा बढी राजस्व क्षति**

अख्तियारको प्रारम्भिक मूल्यांकनअनुसार १५ वटा सवारीसाधनबाट करिब २ करोड २१ लाख रुपैयाँभन्दा बढी राजस्व छली भएको हुनसक्ने अनुमान गरिएको छ । रेन्ज रोभर भेलार र इभोक जस्ता मोडलमा पनि डिजेललाई पेट्रोल वा हाइब्रिड देखाएर दर घटाइएको देखिन्छ ।

यो रकम राज्यको ढुकुटीका लागि सामान्य अंक होइन ।

**त्यो रकमले कति विद्यालय मर्मत हुन्थे ?**
**कति स्वास्थ्य चौकी सञ्चालन हुन्थे ?**
**कति स्थानीय सडक कालोपत्रे हुन्थे ?**

कर छल्ने प्रवृत्तिले केवल कानुन उल्लंघन गर्दैन-यसले विकासको अवसर पनि खोस्छ । प्रशासनिक संयन्त्रको भूमिका : कमजोरी कि मिलेमतो ? यो प्रकरणको गम्भीर पक्ष भनेको संस्थागत तहको प्रश्न हो । सवारी आयात प्रक्रियामा कम्तीमा तीन तह जोडिन्छन्

**भन्सार कार्यालय**
**यातायात व्यवस्था विभाग**
**दर्ता गर्ने यातायात कार्यालय**

यदि प्राविधिक विवरण नै गलत छ भने त्यसलाई प्रमाणीकरण गर्ने निकायले कसरी स्वीकृति दियो ? के स्पेसिफिकेसन जाँच्ने प्राविधिक संयन्त्र कमजोर छ ? वा कर्मचारी र व्यवसायीबीच मिलेमतोको जालो छ ? स्रोतहरूका अनुसार, केही गाडी वीरगन्ज भन्सार हुँदै नेपाल भित्रिएका थिए । “एकिन जाँच” नगरी कागजी विवरणकै आधारमा प्रक्रिया पूरा गरिएको आरोप छ। यदि यो सत्य हो भने यो प्रशासनिक लापरवाही मात्र नभई सम्भावित संगठित भ्रष्टाचारको संकेत हुन सक्छ ।

**व्यापारिक शक्ति र राजनीतिक पहुँच**

अनुसन्धानको केन्द्रमा रहेको काइरोस इन्टरनेसनल प्रालि र यसको सम्बन्ध विवादास्पद व्यापारीसँग जोडिएको बताइन्छ । नेपालमा ठूला व्यवसायी, प्रशासनिक कर्मचारी र राजनीतिक नेतृत्वबीचको सम्बन्धबारे बहस लामो समयदेखि हुँदै आएको छ । जब व्यापारिक स्वार्थ र राजनीतिक पहुँच जोडिन्छ, तब नियामक निकायहरू कमजोर बन्ने जोखिम बढ्छ । यस प्रकरणले फेरि देखाएको छ- के पहुँचवालाले नियम सजिलै मोड्न सक्छन् ? के सामान्य नागरिक र शक्तिशाली वर्गका लागि कानून फरक-फरक रूपमा लागू हुन्छ ?

**बालेन : कानूनीभन्दा ठूलो नैतिक प्रश्न**

बालेन्द्र शाहलाई व्यक्तिगत रूपमा कर छलीको दोष प्रमाणित भएको छैन । अनुसन्धान जारी छ । तर, सार्वजनिक जीवनमा सुशासनको पक्षमा उभिएको व्यक्तित्वको नाम यस्तो विवादमा आउँदा नैतिक प्रश्न स्वतः उठ्छ । यदि गाडी कसैको स्वामित्वमा थियो भने प्रयोग गर्दा त्यसको वैधता जाँच गर्ने जिम्मेवारी कसको हुन्छ ?

राजनीतिक अभियानमा प्रयोग हुने साधनको पारदर्शिता कत्तिको सुनिश्चित हुनुपर्छ ?

**राजनीतिमा छवि पूँजी होइन र ?**

बिचौलिया दीपक भट्टको सौजन्यमा बालेनलाई उपलब्ध गराइएको डिफेन्डर गाडी प्रकरणले बालेनको छविमा अस्थायी वा दीर्घकालीन असर पार्छ भन्ने कुरा अनुसन्धानको निष्कर्ष र सार्वजनिक धारणा दुवैले निर्धारण गर्नेछ ।

**प्रणालीगत समस्या : करदर नै अस्वाभाविक ?**

एक अर्को पक्ष पनि छ । नेपालमा अत्यधिक भन्सारदरका कारण लक्जरी सवारी आयातमा कर छल्ने प्रवृत्ति बढेको तर्क व्यवसायीहरूले बारम्बार उठाउँदै आएका छन् । जब करदर अत्यधिक हुन्छ, तब कर छल्ने प्रलोभन पनि बढ्छ भन्ने अर्थशास्त्रीय तर्क छ । तर, के करदर उच्च हुनु कर छल्ने वैध कारण हो ? कि कानून संशोधनको माग लोकतान्त्रिक प्रक्रियाबाट गर्नुपर्छ ? उच्च करदर र कमजोर निगरानी- यी दुई मिल्दा भ्रष्टाचारको सम्भावना झन् बढ्छ ।

**अबको बाटो : जवाफदेहिता कि सम्झौता ?**

यो प्रकरण केवल एउटा फाइलमा सीमित हुने कि व्यापक सुधारको बहस सुरु गर्ने- त्यो राज्य संयन्त्रको इच्छाशक्तिमा निर्भर छ । यदि दोषी प्रमाणित भएमा-संलग्न कर्मचारीमाथि कडा कारबाही वा प्रणालीगत सुधार, प्राविधिक प्रमाणीकरण कडाइ, पारदर्शी डिजिटल भन्सार प्रणाली जस्ता कदम आवश्यक देखिन्छन् । अन्यथा, यो प्रकरण पनि समयसँगै सेलाएर अर्को काण्डको प्रतीक्षामा बस्नेछ ।

**अन्तिम प्रश्न**

यो केवल ल्यान्डरोभरको कथा होइन । यो राज्यको विश्वसनीयताको कथा हो । कर छलीको आरोपित २ करोड रुपैयाँभन्दा ठूलो विषय हो- जनताको विश्वास । यदि शक्तिशालीहरूलाई कानूनले छुँदैन भने, सुशासन केवल नारामै सीमित हुन्छ ।

अब हेर्न बाँकी छ- यो प्रकरणले नेपालको प्रणालीलाई शुद्धिकरणतर्फ लैजान्छ कि फेरि एकपटक ‘सामान्य विवाद’ बनेर हराउँछ ?

# विवरण पेश नगर्ने कम्पनीहरू खारेज हुन्छन्
# कर्मचारीले अब मनोमानी गर्न सक्दैनन्



**बलराम निरौला,**
**रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय**

*(उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको कम्पनी रजिष्ट्रारको कार्यालय २०४९ साल माघ महिनामा स्थापित विभागस्तरीय कार्यालय हो । कार्यालय स्थापना हुनुभन्दा अगाडि कम्पनी प्रशासन सम्बन्धी कार्यहरू विभिन्न निकायहरू–उद्योग, वाणिज्य, घरेलु तथा साना उद्योग विभाग, कृषि विभागलगायतबाट सम्पादन हुने गरेका थिए । कम्पनी ऐनको प्रयोग तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले कार्यालय स्थापना गरिएको बताइन्छ । यसको उद्देश्य सबै प्रकारका कम्पनी प्रशासन सम्बन्धी काम कारवाहीहरू समान र एउटै निकायबाट सम्पादन गर्ने रहेको छ ।*

*कार्यालयले हाल कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनीहरू दर्ता गर्ने प्रमुख कार्य गर्दै आएको छ । पब्लिक कम्पनीहरूको विवरणपत्र प्रकाशित गर्नुपूर्व जाँचबुझ गरी अभिलेख राख्ने तथा शेयर पुँजी बढाउने कार्य गरिरहेको छ । साथै कम्पनीहरूको नाम परिवर्तन, संशोधन, प्रबन्धपत्र र नियमावलीमा अन्य संशोधन गर्न स्वीकृति दिनेलगायतका कार्यहरू गर्दै आएको छ । यसअघि यी कार्यहरू गर्नका लागि सेवाग्राहीहरूले कार्यालयमै धाउनुपर्ने स्थिति थियो । तर, हाल सेवाग्राहीले यी सेवा अनलाइनबाट नै लिन सक्ने व्यवस्था गरिएको छ । जसका कारण कार्यालयमा सेवाग्राहीहरूको उपस्थिति न्यून रहने गरेको छ । कम्पनी दर्ता, पुँजी वृद्धि, खारेजीलगायतका कार्यलाई सहज बनाउन कार्यालयका आगामी योजना, रणनीतिलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले रजिष्ट्रार एवम् सहसचिव निरौलासँग गरेको कुराकानीको सम्पादित अंश : सम्पादक)*

**० हाल यो कार्यालयबाट सम्पादन हुँदै आएका मुख्य कार्यहरू के–के छन् ?**

कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनीहरू दर्ता गर्ने प्रमुख कार्य गर्दै आएका छौं । पब्लिक कम्पनीहरूको विवरणपत्र प्रकाशित गर्नुपूर्व जाँचबुझ गरी अभिलेख राख्ने र शेयर पुँजी बढाउने कार्य गरिरहेका छौं । साथै कम्पनीहरूको नाम परिवर्तन, संशोधन, प्रबन्धपत्र र नियमावलीमा अन्य संशोधन गर्न स्वीकृति दिनेलगायतका कार्य गर्दै आएका छौं । दर्ता भएका कम्पनीहरूले कम्पनी ऐन बमोजिम कार्य गरे–नगरेको अनुगमन गर्ने, छानबिन गर्ने र आवश्यकतानुसार निरीक्षकसमेत खटाउने कार्य कार्यालयको अधिकार क्षेत्रभित्र पर्छ । कार्यालयले कम्पनी ऐन, २०६३ सम्बन्धमा राय-परामर्श उपलब्ध गराउने, प्रबन्धपत्र एवं नियमावलीमा आवश्यकता अनुसार संशोधनको अभिलेख गर्ने कार्यसमेत गर्दै आएको छ । अझ भन्नुपर्दा कम्पनीहरूको अद्यावधिक अभिलेख राख्ने र कम्पनी ऐन अनुसार कम्पनी खारेजी सम्बन्धी कार्यसमेत गर्दै आएका छौं ।

**० यीबाहेक कार्यालयले अन्य के–कस्ता कार्य सम्पादनको जिम्मेवारी पाएको छ त ?**

कम्पनी ऐन, २०६३ विपरीत हुने गरी काम कारवाही भएको कुरा शेयरवालाको उजुरी वा अन्य माध्यमबाट जानकारी हुन आएमा आवश्यक कारवाही गरी नियमित गराउने र कम्पनीहरू गाभ्ने सम्बन्धी काम कारवाहीसमेत कार्यालयबाट हुँदै आएको छ । ऐनले तोकिएका विवरण, सूचना तथा जानकारी निर्धारित समयमा दाखिला गर्न लगाउने र नगर्ने कम्पनीलाई तोकिएबमोजिम जरिवाना तथा खारेजी सम्बन्धी कार्य सम्पादनसमेत कार्यालयबाट हुँदै आएका छन् । उल्लेखित कार्यहरू बाहेक कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेका र नेपाल सरकारबाट समय-समयमा भएका निर्देशनअनुसार अन्य काम कारवाहीसमेत सम्पादन गर्दै आएका छौं ।

**० तपाईंले कार्यालयको नेतृत्व गरेपछि ठोस रूपमा के–कस्ता सुधार र परिवर्तनका कार्यहरू भएका छन् त ?**

मेरो कार्यकालमा 'क्यामिक्स' नामको आधुनिक अनलाइन प्रणाली कार्यान्वयनमा आएको छ । यसले कम्पनी प्रशासन तथा म्यानेजमेन्ट इन्फर्मेशन सिस्टमलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाएको छ । यसअघि कम्पनी प्रशासनका कतिपय कार्यहरू कागजी प्रक्रियामा जटिल, ढिलो र अल्झिएको अवस्थामा थिए । नयाँ प्रणाली लागू भएपछि कम्पनी प्रशासनका तीनवटै मूल अङ्ग- कम्पनी दर्ता, पोस्ट-रजिष्ट्रेशन सेवा र डी-रजिष्ट्रेशनलाई एउटै अनलाइन प्लेटफर्ममार्फत व्यवस्थित गरिएको छ । यसले सेवाग्राहीको समय बचत, प्रशासनिक ढिलासुस्ती नियन्त्रण र प्रणालीलाई उत्तरदायी बनाउन सहयोग गरेको छ । अझ भन्नुपर्दा कम्पनी प्रशासनलाई कागजपत्रबाट प्रविधिमा, अपारदर्शिताबाट पारदर्शितामा र ढिलासुस्तीबाट गतिशीलतामा रूपान्तरण गर्ने काम भइरहेको छ ।

**० यसअघिको नेतृत्वले उक्त प्रणाली लागू गर्न नसक्दा सेवाग्राहीले के–कस्ता समस्या व्यहोर्नु परेको रहेछ त ?**

त्यसबेला सबै सेवा अनलाइन प्रणालीबाटै प्रवाह गर्ने व्यवस्था लागू गरिएको थियो । तर, व्यवहारतः धेरै समस्या देखिएका थिए । उदाहरणका लागि, वार्षिक रिपोर्ट पेश गर्ने प्रक्रिया मिल्न नसक्दा कार्यालयमा अनावश्यक रूपमा सेवाग्राहीको भिडभाड हुने र काम गर्नसमेत कठिनाइ पर्ने अवस्था थियो । अझ पोस्ट-रजिष्ट्रेशनतर्फ मात्रै अघिल्लो वर्षका करिब ७ हजार निवेदन पेन्डिङ अवस्थामा थिए । कम्पनी प्रशासन सम्बन्धी कामहरू केही हदसम्म भद्रगोल अवस्थामा पुगेका थिए ।

**० सो अव्यवस्थालाई सहजीकरण गर्दै प्रणालीलाई नियमित बनाउन कसरी सम्भव भयो ?**

मैले २०८२ भदौ २ गते कार्यालयको नेतृत्व सम्हालेको थिएँ । त्यसपछि पहिलो प्राथमिकता नै पुराना पेन्डिङ निवेदन फर्स्योट गर्ने रह्यो । साथै नयाँ निवेदनहरूलाई पनि सँगसँगै अघि बढाइयो । त्यसका लागि 'क्यू सिस्टम' लागू गरियो । पुरानोबाट सुरु गरेर क्रमशः नयाँलाई अगाडि बढाउने नीति अपनाइयो । कर्मचारी साथीहरूको सक्रिय परिचालन र निरन्तर अनुगमनमार्फत २०८२ असोज महिनाभित्रै प्रायः सबै पेन्डिङ निवेदनहरूको काम सम्पन्न गरियो । बीचमा आएका सिस्टमका समस्या समाधान गर्दै लगिँदा आज कार्यालयको काम नियमित, व्यवस्थित र प्रणालीगत फ्रेमभित्र आइसकेको अवस्था छ ।

**० वार्षिक रिपोर्ट प्रणालीमा गतवर्ष किन समस्या आउनुको कारण के रहेछ ?**

उक्त रिपोर्ट हाम्रो सिस्टममा अटो-अपडेट हुने व्यवस्था छ । सेवाग्राहीहरूले आफ्नो कम्पनीले विवरण हालेपछि सिस्टमले नै अभिलेख अपडेट गरेर विवरण दर्ता भएको जेनेरेट गर्छ । तर, गतवर्ष यो प्रणालीमा बारम्बार समस्या आएको देखियो । जसले अटो-जेनेरेसन नहुने, विवरण अड्किने, सेवाग्राही अन्योलमा पर्ने समस्या रहेको थियो । यी समस्या दोहोरिन नदिन हामीले २०८२ पुष महिनादेखि निरन्तर अनुगमन गर्ने नीति लियौं । मेरै नेतृत्वमा प्राविधिकसहितको कार्यदल गठन गरियो, जसले समस्या देखिनासाथ समाधान गर्ने व्यवस्था मिलायौं ।

**० अनलाइन प्रणाली सहज भएपछि सेवाग्राहीको प्रतिक्रिया कस्तो पाउनु भएको छ ? कतिपयले राजश्व घटेको गुनासोसमेत गर्दै हिँडेका छन् नि ?**

सरोकारवाला सेवाग्राहीबाट निरन्तर सकारात्मक फिडब्याक पाएका छौं । विशेषगरी वार्षिक विवरण अपडेट गर्ने प्रक्रियामा उचित सेवा पाइयो भन्ने प्रशंसा सुनिएको छ, जुन हाम्रो महत्वपूर्ण उपलब्धि नै हो । विशेषगरी अनलाइन अटोमेसनपछि राजश्व घट्यो भन्ने गुनासोमा खासै सत्यता म देख्दिन । अटोमेसनमा जाँदा कतिपय अवस्थामा अपेक्षाकृत रूपमा नउठेको पनि हुन सक्ला । यसलाई हामीले तथ्य र डाटाका आधारमा खोजी-अनुसन्धान पनि गरिरहेका छौं ।

**० त्यसो भए २०८२ पुष मसान्तसम्म कम्पनी अध्यावधिक संख्या र संकलित राजश्व रकम कति छ ?**

गत वर्ष करिब १ लाख ५० हजार कम्पनीले विवरण अपडेट गरेका थिए । यसपटक डाटाअनुसार २ लाख ११ हजार कम्पनीले समस्या बिना वार्षिक रिपोर्ट अपडेट गरिसकेका छन् । तर, तथ्यले यो पुष्टि नगर्ला । उदाहरणका लागि, गत वर्ष पुष मसान्तसम्म ४५ करोड रुपैयाँ राजश्व संकलन भएको थियो । सोही अवधिमा यसपटक ४८ करोड रुपैयाँ राजश्व संकलन भइसकेको छ, जुन अघिल्लोको तुलनामा ३ करोड बढी हो । त्यसैले मेरो दाबी छ, राजश्व घटेको छैन । साथै, २०८२ मा २८ गते बुधबारसम्म कुल ३ लाख ६७ हजार कम्पनी दर्ता भइसकेका छन् । त्यसमा करिब १२ हजार ५ सय खारेज भइसकेका छन् । कुल तथ्यांक जोड्दा करिब ३ लाख ८० हजार पुगेको छ ।

**० २०८२ असार मसान्तमा प्रणालीले काम नगर्दा राजश्व गुमेको भन्ने भनाइहरू पनि बाहिर आएका थिए, वास्तविक के हो ?**

स्वाभाविक रूपमा गुनासो आएको हो । यसलाई तथ्य र नीतिको सन्दर्भमा बुझ्नुपर्छ भन्ने लाग्छ । २०८२ असार मसान्तमा सरकारले छुटको स्किम दिएको थियो । सोही अनुसार करिब ३ अर्ब बराबरको बक्यौता राजश्व उठाउने आधार तय गरेको थियो । १० प्रतिशत मात्र लिँदा करिब ३० करोड रुपैयाँ राजश्व संकलन भएको देखिन्छ । बाँकी ९० प्रतिशत अर्थात् करिब २ अर्ब ७० करोड रुपैयाँ कम्पनीहरूलाई छुटका रूपमा दिइएको थियो । यसलाई राजश्व गुमाएको भनेर प्रचार गर्नु ठीक होइन । अर्को कुरा, निष्क्रिय रहेका हजारौं कम्पनीलाई स्किममार्फत पुनः एक्टिभ बनाएर मेन-स्ट्रिममा ल्याइएको अवस्था छ । जसका कारण दीर्घकालीन रूपमा करको दायरा बढ्छ, प्रणालीमा कम्पनीहरू फर्किन्छन् र भविष्यको राजश्व संकलनको आधार मजबुत बन्छ । त्यसैले यो निर्णयलाई घाटा होइन, नीतिगत सुधार र दीर्घकालीन लगानीका रूपमा बुझ्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ ।

**० कम्पनी दर्ता गर्ने तर नवीकरण नगर्ने क्रम बढ्दो छ भन्ने भनिन्छ, यसमा कत्तिको सत्यता देख्नुहुन्छ ?**

नवीकरण घट्यो भनेर बुझ्नु सान्दर्भिक नहोला । कानूनी हिसाबले भन्नुपर्दा यो कम्पनी नवीकरण होइन, वार्षिक विवरण पेश गरेर हुने अध्यावधिक प्रक्रिया हो । गत वर्षसम्म यी कार्य कागज बोकेर कार्यालयमा नै लाइन बस्नुपर्ने झन्झटपूर्ण अवस्थामा थिए । त्यसैले धेरै कम्पनी छुटेका हुन सक्छन् । अहिले घरमै बसेर अनलाइन अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । सिस्टमलाई फलोअप गर्दै समस्या आउन नदिने र आए पनि तुरुन्त समाधान गर्ने व्यवस्था मिलाएका छौं । यही सहजताका कारण २ लाख ११ हजार कम्पनीले वार्षिक विवरण पेश गरिसकेका छन्, जुन गत वर्षभन्दा करिब ५०-६० हजारले बढी हो । त्यसैले तथ्यले के देखाउँछ भने घटेको होइन, सेवा सहज भएपछि सहभागिता थप बढेको छ ।

**० कम्पनी प्रशासनका कामलाई सिस्टममार्फत नै अगाडि बढाइदिएर कतिपय कर्मचारीहरूले सेवाग्राहीसँग फाइदा उठाएको गुनासाहरू पनि सुनिने गरेका छन् नि ?**

विगतमा के थियो, त्यतातिर नजाऔं । अहिले भने ०८०-०८१ को विवरण नहाली ०८१-०८२ को विवरण अपलोड गर्न सकिँदैन । अघिल्ला वर्षहरूमा त्यस्तो अवस्था थिएन । जसले सेवाग्राहीलाई अनावश्यक झमेला मात्र होइन, त्यस्ता गुनासाहरू पनि आएको पाइयो । यसलाई सुधार गर्न हामीले सेवाग्राही र सेवा प्रवाहमा सहजकर्ता साथीहरूको सुझावका आधारमा सिस्टमलाई लचिलो बनायौं । अब अघिल्लो वर्षको विवरण नहालेको भए पनि जुन वर्षको अडिट रिपोर्ट तयार छ, त्यो वर्षको विवरण सिस्टममा हाल्न पाइन्छ । तर, बाँकी सबै वर्षको विवरण र जरिवाना तिरेपछि मात्रै अध्यावधिक हुन्छ । यसले सेवाग्राहीलाई विवरण अपलोड गर्न सहज बनायो, बीचको अनावश्यक चलखेलको सम्भावना हट्यो र सिस्टमलाई निष्पक्ष, पारदर्शी तथा प्रविधिमैत्री बनायौं । सेवाग्राहीलाई के फाइदा भयो भने कसैलाई अगाडि पार्ने र कसैलाई पछाडि पार्ने अवस्था छैन, सबै कुरा सिस्टममै आधारित छ ।

- **प्रणाली स्थिर र म्याच्योड भएपछि अनुगमनलाई बढाइनेछ ।**
- **पुँजी वृद्धि वा शेयर जारी गर्दा प्रमाण हेरेर मात्र प्रक्रिया अघि बढाउँछौं ।**
- **आधुनिक क्यामिक्स अनलाइन प्रणाली कार्यान्वयनमा आएको छ ।**
- **कम्पनी प्रशासन जटिल, ढिलो र कागजी प्रक्रियामा अल्झिएको थियो ।**
- **राजश्व नघटेको विषय तथ्यांकले नै प्रष्ट रुपमा देखाउँछ ।**
- **हामीले नियमित, व्यवस्थित र प्रणालीगत फ्रेमभित्र ल्याइससकेको छौं ।**
- **नयाँ प्रणाली लागू भएपछि मध्यस्थकर्ताको संख्या घटेको छ ।**
- **कार्यालयले सेवाग्राहीलाई समयमै सूचना र निर्देशन दिएको छ ।**
- **कम्पनी सचिव अनिवार्यसँगै मध्यस्थकर्ताको भूमिका हट्ने छ ।**

**० विगतमा मध्यस्थकर्ता वा सहजकर्ता बनेर भूमिका निर्वाह गर्नेहरूका कारण कार्यालय बदनाम थियो, यो अवस्थामा कहिले सुधार आउला ?**

विगतमा मध्यस्थकर्ताहरूको संख्या निकै धेरै थियो भनिन्छ, जसका कारण कार्यालयको छवि र सेवाप्रवाहबारे गुनासाहरू बाहिर आएको सुनिन्थ्यो । त्यसको प्रत्यक्ष प्रभाव कार्यालय परिसरमा देखिने भीडले पनि बताउँथ्यो । अहिले सो अवस्थामा परिवर्तन आइसकेको छ । त्यसको मुख्यकारण अनलाइन सेवाको प्रभावकारी कार्यान्वयन नै हो । कम्पनी सञ्चालकहरूले घरैबाट आफ्नै युजरनेम-पासवर्ड प्रयोग गरेर सबै सेवा लिन सक्छन् । जसका कारण मध्यस्थकर्ताको भूमिका स्वतः न्यूनीकरण भएको छ । अझ भन्नुपर्दा प्रविधिले मध्यस्थकर्तालाई विस्थापित मात्र गरेको छैन, सेवामा पारदर्शिता र कार्यालयको छविमा पनि सुधार ल्याएको छ ।

**० कार्यालयले ३ करोडभन्दा माथि चुक्ता पुँजी भएको कम्पनीमा अनिवार्य रूपमा कम्पनी सचिव राख्नुपर्ने योजना ल्याउने तयारी गरेको भनिँदैछ नि सत्य के हो ?**

एक करोडभन्दा बढी चुक्ता पुँजी भएको कम्पनी सञ्चालकहरूले अनिवार्य रूपमा कम्पनी सचिव राख्नुपर्ने कानूनी व्यवस्था लागू गर्ने दिशामा अघि बढ्दैछौं । यो कुनै नयाँ योजना होइन, कानूनमा रहेको प्रावधानको कार्यान्वयन गर्न लागेका हौं । जुन कम्पनीको चुक्ता पुँजी १ करोड वा सोभन्दा बढी छ, उनीहरूले अनिवार्य रूपमा कम्पनी सचिव राख्नुपर्नेछ । हामी त्यसको सुनिश्चित गर्न प्रणालीगत रूपमा कदम चाल्दैछौं ।

**० सञ्चालकहरूले कम्पनी गर्दाखेरी दीर्घकालीन प्रभाव र समयमा अध्यावधिक नगर्दा हुने समस्याबारे जानकारी नपाउँदा जरिवानाको मार खेप्न बाध्य पारिएको गुनासो सुनिन्छ नि ?**

कम्पनी प्रशासनसम्बन्धी चेतनाको अभाव मुख्य समस्या देखिन्छ । कतिपयले लहडमा, आवश्यक अध्ययन र तयारी नगरी कम्पनी दर्ता गर्छन् । त्यसैले हामीले लगानीकर्ता संरक्षण कोषमार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छौं । सुरुमा गण्डकी, हाल बागमती र मधेस प्रदेशमा कार्यक्रम सञ्चालन भइरहेको छ । यी कार्यक्रममा कम्पनी प्रशासनका आधारभूत विषय, लगानी, धितोपत्र र नेप्से प्रणालीबारे आवश्यक जानकारी दिइन्छ । जसले कम्पनी खोल्ने व्यक्ति र लगानीकर्तामा सचेतना वृद्धि गर्छ र नयाँ कम्पनी दर्ता गरिसकेपछि जिम्मेवारीपूर्ण सञ्चालनको सूचना प्रवाह सुनिश्चित गर्छ ।

**० हाल सञ्चालनमा नरहेका निष्क्रिय कम्पनीको अवस्था के कस्तो छ ?**

कानूनअनुसार कम्पनी दर्ता भएर पनि तीन वर्षसम्म कुनै गतिविधि नगर्ने कम्पनीलाई निष्क्रिय मानिन्छ । यसलाई व्यवस्थापन गर्न प्रणालीमा निष्क्रिय कम्पनीहरूको नामसहित सूची तयार गर्दैछौं । सूची सार्वजनिक गरेर एकपटक अध्यावधिकका लागि मौका प्रदान गरिनेछ । विवरण पेश नगर्ने कम्पनीलाई खारेज गर्ने अधिकार कार्यालयसँग छ । त्यसपछि निष्क्रिय कम्पनी घट्ने, दर्ता प्रणाली सशक्त बन्ने र बजारमा पारदर्शिता सुनिश्चित हुने अवस्था आउनेछ ।

**० कम्पनीको पुँजी वृद्धि गर्दा कतिपय कर्मचारीहरूले मनोमानी र लेनदेनका आधारमा काम गरेको कारण सरकारी राजश्व गुम्ने गरेको बताइन्छ नि ?**

राजश्व गुमेको छैन । पुँजी वृद्धि गर्दा कम्पनीले कति रकम बढाउने हो, त्यसको आधारमा राजश्व बुझाएपछि मात्र प्रक्रिया अगाडि बढाइन्छ । कुनै पनि कर्मचारीले अब मनोमानी ढंगले यी काम गर्न सक्दैनन् । प्रणालीले त्यसलाई रोक्ने पर्याप्त व्यवस्था मिलाएको छ । कम्पनीले दाबी गरेको पुँजी वास्तविक रूपमा बैंकमा जम्मा छ कि छैन भन्ने स्पष्ट रूपमा एकिन गरिन्छ । कतिपय अवस्थामा पुँजी बेलुनजस्तो फुलेको देखिन्थ्यो । कम्पनी सञ्चालकले अरबौंको लगानी भन्छन् तर वास्तविक त्यति हुँदैन । त्यसले कम्पनीको आर्थिक अवस्था र विश्वासमा असर पुऱ्याएको थियो । यसलाई नियन्त्रण गर्न कार्यालयले स्पष्ट निर्देशन दिएको छ-कुनै पनि कम्पनीको पुँजी वृद्धि वा शेयर जारी गर्दा बैंकमा आवश्यक रकम जम्मा गरेको प्रमाण हेरेपछि मात्र प्रक्रिया अघि बढ्छ । साथै कमजोरी वा समस्या देखिएमा निरन्तर फलोअप गरेर समाधान गरिने व्यवस्था मिलाइएको छ । यो समस्या कम्पनी व्यवस्थापनसँग सम्बन्धित थियो । हामीले यसलाई प्रणालीगत रूपमा नियन्त्रण गर्ने व्यवस्था मिलाएका छौं ।

**० झण्डै ४ लाख कम्पनी दर्ता भइसक्दासमेत अनुगमन, निरीक्षण र मोनिटरिङको व्यवस्था किन नगरिएको होला ?**

अनुगमन, निरीक्षण वा मोनिटरिङका कार्य पूर्ण रूपमा हुन सकिरहेको छैन । जनशक्ति पोस्ट-रजिष्ट्रेसन, डी-रजिष्ट्रेसन र अन्य प्रशासनिक कामहरूमा नै व्यस्त रहेका छौं । तर, हाम्रो आगामी योजना हालको सिस्टम स्थिर र म्याच्योड भइसकेपछि कर्मचारीलाई बिस्तारै अनुगमन कार्यमा खटाइने रहेको छ । कम्पनी ऐन अनुसार आवश्यक परे निरीक्षक पनि खटाउन सकिन्छ । कम्पनीका संचालक सदस्यहरूको कम्तीमा १० र सेयरधनी २५ प्रतिशत सेयर प्रतिनिधिहरूले माग गरेको खण्डमा निरीक्षक खटाइने छ । हामीसँग निरीक्षकको रोस्टर तयार छ । कतिपय क्रिटिकल अवस्थामा भने खटाइरहेका पनि छौं । निरीक्षणको खर्च भने सम्बन्धित कम्पनी वा अनुरोध गर्ने पक्षले व्यहोर्नुपर्ने कानूनी प्रावधान रहेको छ ।

**० त्यसो हो भने कार्यालयमा चुनौती र समस्याहरू अझै धेरै रहेछन्, होइन ?**

क्यामिस प्रणालीलाई दिगो, स्थिर र प्रभावकारी बनाउनु नै सबैभन्दा ठूलो चुनौती बनेको छ । पुरानो डेभलपरको संझौता सकिएको र समस्या आएमा नयाँलाई तुरुन्त समाधान गर्न सहज नहोलाकि भन्ने चिन्ता छ । अर्को कानूनी जटिलता केही दुविधा पनि रहेका थिए । तर, कम्पनी ऐनको मस्यौदा तयार भएपछि धेरै कुरा समाधान हुने अवस्था रहेको छ । अव आवश्यक निर्देशिका जारी गरिनेछ ।

**० हाल कार्यालयमा जनशक्तिको अवस्था के कस्तो छ नि ?**

जनशक्ति पर्याप्त छ । अनलाइन प्रणाली स्थिर भएपछि अनावश्यक कर्मचारीलाई विस्तारै अन्य नयाँ महत्वपूर्ण कार्यहरूमा लगाउन सकिन्छ नै । भएको प्रणालीलाई अझ सुदृढ गर्न १ करोडको बजेट प्रस्ताव गर्ने तयारी गरेका छौं । अब नयाँ बजेट प्रस्ताव गर्ने समय पनि आइसकेको छ । त्यसैले आगामी आर्थिक वर्षमा यसलाई प्राथमिकताका साथ प्रणालीलाई पूर्णरूपमा सशक्त, स्थायी र प्रभावकारी बनाउने योजना छ । जसबाट सेवा प्रवाह प्रभावित नहुने र प्रणाली परिपक्व हुने सुनिश्चित गर्न सकिनेछ ।

**० कम्पनी रजिष्ट्रारको कार्यालयलाई अर्धन्यायिक निकाय पनि मानिन्छ, जसले उजुरी र कतिपय मुद्दाको निरुपण छलफलको माध्यममार्फत टुग्याउन पनि सक्छ होइन ?**

मैले कार्यालयको नेतृत्व गर्दा धेरै पुराना उजुरीहरु पर्स्यौट गर्न बाँकी थिए । अनुगमन र स्पीड बढाएर यो अवधिमा लगभग ३० वटा फर्स्यौट गरिसकेको अवस्था छ । म आउनु अघि लगभग ५० वटा यस्ता मुद्दाहरु रहेका थिए । उजुरी र गुनासोको अधिकार कानूनी रूपमा संचालकहरुसँग रहन्छ नै । हामी निर्देशनको रूपमा फैसला गर्छौं । यदि केही पक्षहरू निर्णयसँग असन्तुष्ट रहेको खण्डमा उच्च अदालतमा जान सक्छन् ।

**० अन्तमा, सेवाग्राही भन्दा पनि कानून व्यवसायीहरूको पहुँच कार्यालयमा बढी हुने गरेको गुनासाहरु बाहिर आउने गरेका छन, नि ?**

कानून व्यवसायीहरूको पहुँच बढी भएकोले नै कहिलेकाहीँ गुनासो भन्दा पनि भ्रमजनक हल्ला बढी सुनिन्छ । तर, आधिकारिक रूपमा प्रमाण नभएको कारण निष्कर्षमा पुग्न सकिदैन । हल्ला र गुनासाहरु बाहिर आउन सक्छन् । हामी प्रमाणसहित, कानूनी प्रक्रियाअनुसार मात्र निर्णय गर्छौं र प्रणालीगत पारदर्शिता कायम राख्न बाँकी राख्दैनौं । कानून व्यवसायीहरूको पहुँच बढी भएकाले कहिलेकाहीँ गुनासो आउँछ नै । उनीहरूले कतिपय क्लाइन्टसँग कर्मचारीलाई तलमाथि व्यवहार गरेको हुनसक्छ । तर, आधिकारिक प्रमाण फेला परेको भने छैन ।

# कान्तिपुर र ग्रिन्डलेज : चेतना र संरचनाको क्रान्ति !

**कान्तिपुर पब्लिकेशन्स र ग्रिन्डलेज बैंकलाई नेपालको आधुनिक परिवर्तनका दुई प्रमुख आधारस्तम्भका रूपमा चित्रण गर्न सकिन्छ । नेपालको लोकतान्त्रिक र आर्थिक संरचनाको रूपान्तरणलाई बुझ्न यी दुई संस्थाको योगदान स्मरण गर्नु अपरिहार्य छ ।**



शंकरमान सिंह

सन् १९९३ मा कान्तिपुर प्रकाशनको स्थापना नेपाली पत्रकारिताको क्षेत्रमा वैकल्पिक सशक्त दैनिक बनेर एक निर्णायक मोड थियो । यसले सरकारी एकाधिकारलाई भत्काउँदै निजी क्षेत्रको भूमिकालाई स्थापित गर्‍यो । गोरखापत्रको राज्य-नियन्त्रित शैलीलाई चुनौती दिँदै कान्तिपुर दैनिकले निजी प्रकाशनको ढोका खोल्यो । यस संस्थाले पत्रकार हरूलाई पेशागत अनुशासन, समाचार छनोटमा व्यावसायिकता र सम्पादकीय स्वतन्त्रताको अभ्यास गरायो ।

थापाथलीस्थित घर र छेउकै भाडाको घरबाट सुरु भएको कान्तिपुर, शान्तिनगर हुँदै पछि तीनकुनेको भवन हुँदै हालको आफ्नै संरचनामा स्थापित भयो । सुरुमा प्रिन्ट माध्यमबाट आरम्भ गरिएको यो प्रयास पछि एफएम रेडियो र टेलिभिजनसम्म विस्तार भयो । यसले पत्रकारितामा प्रतिस्पर्धा ल्यायो, पाठकलाई विकल्प दियो र सम्पादकीय स्वतन्त्रताको अभ्यासलाई संस्थागत गर्‍यो ।

कान्तिपुरले पत्रकारितालाई केवल सूचना प्रवाहको माध्यममा सीमित नराखी लोकतान्त्रिक चेतनाको संस्थागत अभ्यासका रूपमा विकास गर्‍यो । उत्पादन गरेको पत्रकारहरूको पुस्ताले आन्दोलन, निर्वाचन, सामाजिक न्याय र सांस्कृतिक बहसलाई आम जनतासम्म पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्यो । यसले जनताको आवाजलाई संस्थागत पत्रकारितामा रूपान्तरण गर्‍यो ।

**ग्रिन्डलेज बैंक :**
**वित्तीय व्यावसायिकताको आधार**

ग्रिन्डलेज बैंकले नेपालको वित्तीय क्षेत्रलाई आधुनिक र अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन आधारभूत भूमिका निर्वाह गर्‍यो । अन्तर्राष्ट्रिय बैंकिङ अभ्यासलाई नेपालमा भित्र्याउँदै यसले जोखिम व्यवस्थापन, ग्राहक सेवा र वित्तीय अनुशासनमा नयाँ मानक बसाल्यो । व्यवस्थित तालिम प्रणालीमार्फत दक्ष जनशक्ति उत्पादन गरियो, जसले बैंकिङ क्षेत्रमा व्यावसायिकता भित्र्यायो ।

ग्रिन्डलेजमा प्रशिक्षित जनशक्तिले पछि अन्य निजी बैंकहरूको नेतृत्व सम्हाल्दै समग्र बैंकिङ क्षेत्रलाई मजबुत बनायो। क्रेडिट विश्लेषण, अन्तर्राष्ट्रिय कारोबार र वित्तीय नियमनमा ल्याइएको दक्षताले आधुनिक बैंकिङ संरचनाको जग बसाल्यो । यसरी ग्रिन्डलेजले वित्तीय क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड र व्यावसायिकताको आधार तयार गर्‍यो ।

**द्वैध रूपान्तरणको अर्थ**

यी दुई अभ्यासलाई 'द्वैध रूपान्तरण' भन्न सकिन्छ । एकातिर प्रेसले जनताको आवाजलाई संस्थागत गर्‍यो, अर्कोतिर बैंकले अर्थतन्त्रलाई संरचित र अनुशासित बनायो। लोकतान्त्रिक चेतना र वित्तीय संरचना-दुवैलाई समानान्तर रूपमा बलियो बनाउने प्रक्रिया नै आधुनिक नेपालको रूपान्तरण हो ।

कान्तिपुरले पत्रकारितामा विश्वसनीयता र जनआवाजको संस्कृति बसाल्ने कोसिस गर्‍यो भने ग्रिन्डलेजले वित्तीय क्षेत्रमा व्यावसायिकता र अन्तर ाष्ट्रिय मानक स्थापित गर्‍यो । यी दुवै विरासतले आज पनि नेपाली समाज र अर्थव्यवस्थालाई आधार दिने काम गरिरहेका छन् ।

**आजका चुनौती :**
**डिजिटल डिस्रप्सन र फिनटेक**

मिडिया डिजिटल युगको संग्राममा छ। पाठकहरू छापा माध्यमबाट अनलाइनतर्फ सरेका छन् । विज्ञापन बजार अस्थिर छ । सामाजिक सञ्जालले सूचना प्रवाहलाई तीव्र बनाएको छ, तर विश्वसनीयता र सम्पादकीय अनुशासनलाई चुनौती दिएको छ ।

बैंकिङ क्षेत्र पनि भूमण्डलीकरण र फिनटेकको प्रभावमा छ । डिजिटल बैंकिङ, मोबाइल भुक्तानी र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाले परम्परागत संरचनालाई परिवर्तन गरिरहेका छने । प्रविधि अपनाउने दबाब र ग्राहकको विश्वास जोगाइराख्ने दोहोरो चुनौती बैंकहरू सामु छ ।

**निष्कर्ष : संस्थागत**
**संस्कृतिको असली परीक्षा**

कान्तिपुर र ग्रिन्डलेजको योगदानलाई केवल व्यापारिक सफलताको कथा मान्नु गम्भीर भूल हुनेछ । यी संस्थाहरूले नेपालमा "संस्थागत संस्कृति"को जग बसाले-जहाँ अनुशासन, दक्षता, पेशागत मर्यादा र विश्वसनीयता प्राथमिक मूल्य बने ।

तर, इतिहासको सम्मान गर्नु मात्र पर्याप्त छैन । प्रश्न यो हो-के आज ती संस्थाहरूले बसालेको मूल्य प्रणाली जोगिएको छ ? के पेशागत अनुशासन, सम्पादकीय स्वतन्त्रता र वित्तीय नैतिकता अझै त्यत्तिकै दृढ छन् ? कि समयसँगै संस्थागत संस्कार कमजोर हुँदै गएको छ ?

संस्था तब बलियो रहन्छ जब त्यसको संस्कृतिले व्यक्तिलाई नियन्त्रण गर्छ व्यक्ति शक्तिशाली हुँदा संस्था कमजोर हुन्छ । कान्तिपुर र ग्रिन्डलेजले कुनै समय व्यक्ति-केन्द्रित संरचना होइन, प्रणाली-केन्द्रित अभ्यास निर्माण गरेका थिए । आजको वास्तविक चुनौती पनि त्यही हो-व्यक्तिको प्रभावभन्दा माथि उठेर संस्थागत अनुशासन कायम राख्नु ।

नेपालको लोकतान्त्रिक यात्रा र आर्थिक स्थायित्वलाई दीर्घकालीन रूपमा सुरक्षित गर्न केवल नयाँ प्रविधि वा पूँजी पर्याप्त हुँदैन । विश्वास, व्यावसायिकता र नैतिक संरचना चाहिन्छ । डिजिटल युग, फिनटेक र सामाजिक सञ्जालको प्रतिस्पर्धाले पुराना संरचनालाई हल्लाइरहेको बेला, संस्थागत चरित्र नै असली रक्षा कवच हो ।

यदि कान्तिपुरले पत्रकारितामा विश्वसनीयताको दीप निभ्न दिएन भने मात्र लोकतान्त्रिक चेतना जीवित रहन्छ । यदि बैंकिङ क्षेत्रले ग्रिन्डलेजले बसालेको वित्तीय अनुशासनको मर्म जोगायो भने मात्र आर्थिक संरचना सुदृढ रहन्छ । अन्यथा, भवनहरू रहनेछन् तर विरासत हराउनेछ ।

त्यसैले आजको प्रश्न अतीतको गौरव होइन–भविष्यको प्रतिबद्धता हो । नेपालमा रूपान्तरणको दोस्रो चरण सुरु गर्न अब फेरि त्यही संस्थागत साहस, अनुशासन र मूल्यप्रति निष्ठा आवश्यक छ। कान्तिपुर र ग्रिन्डलेजले देखाएको बाटो केवल इतिहास होइन, चेतावनी पनि हो-संस्थालाई जोगाए देश जोगिन्छ, संस्था कमजोर भयो भने रूपान्तरण अधुरै रहन्छ ।

**यदि कान्तिपुरले पत्रकारितामा विश्वसनीयताको दीप निभ्न दिएन भने मात्र लोकतान्त्रिक चेतना जीवित रहन्छ । यदि बैंकिङ क्षेत्रले ग्रिन्डलेजले बसालेको वित्तीय अनुशासनको मर्म जोगायो भने मात्र आर्थिक संरचना सुदृढ रहन्छ । अन्यथा, भवनहरू रहनेछन् तर विरासत हराउनेछ ।**

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### अपहेलित, गुणी लट्टे/रामदानाको महत्व थाहा पाउनुस्



कहिलेकाहीँ भान्सामा लट्टेको साग देखेपछि धेरैको मुखबाट निस्कने वाक्य हो–"धत्, लट्टेको साग पनि कोही खाओस्" अर्थात् यसलाई मन पराएर खाने मानिसको संख्या कमै छ ।

यो साग पहाड होस् वा तराई, जहाँतहीँ सजिलै पाइन्छ । नछरे पनि खेतबारीमा आफैँ उम्रिन्छ । जतिसुकै अपहेलित भए पनि लट्टे अत्यन्तै गुणकारी सागमध्ये एक हो । 'धेरै भएपछि गुण पनि तीतो' भनेजस्तै, सर्वसुलभ भएकैले यसको महत्व ओझेलमा परेको मात्र हो । हालसम्म हरियो र रातो गरी दुई प्रकारका लट्टे पाइन्छन् । यसको वैज्ञानिक नाम Amaranthus viridis हो । स्वाद र पौष्टिकता दुवैमा यो उत्तिकै धनी छ ।

मेक्सिकोमा लट्टेलाई 'अलेग्रिया' भनिन्छ, जसको स्पेनिस अर्थ 'खुशी' हो । अफ्रिका, चीन, भारत, रूस र अमेरिका लगायत धेरै देशमा यो पाइन्छ । विशेषगरी मेक्सिकोमा लट्टेका दानाबाट विभिन्न परिकार बनाइन्छन् । मकैजस्तै भुटेर महसँग मिसाएर खाने चलन पनि छ । अन्य देशहरूमा पनि यसबाट बनेका परिकार प्याकेज गरी बिक्री गरिन्छ ।

विदेशमा 'सुपर फुड' का रूपमा चिनिने लट्टेलाई नेपालमा भने खासै महत्व दिइँदैन । गाउँघरमा सजिलै पाइने भएकाले पाहुनालाई लट्टेको साग खुवाउँदा कतिपयले अपमानित महसुस गर्छन् । तर ठूला होटलमा भने यही लट्टे रुचिपूर्वक खानेहरू प्रशस्त छन् ।

नेपालका विभिन्न भागमा लट्टेका फरक-फरक नाम छन् । तराई तथा भित्री मधेशमा 'रामदाना', पहाडी क्षेत्रमा 'लट्टे' वा 'लुँडे', कर्णालीमा 'मार्से' र मधेशका कतिपय ठाउँमा 'गेन्हारी साग' भनेर चिनिन्छ ।

पहाडी भेगमा हजुरआमाहरूले लामो व्रत बस्दा बीचमा एक दिन बेलुका लट्टेका दाना दूधमा पकाएर खाने चलन थियो। पौष्टिकताले भरिपूर्ण भएकैले यस्तो प्रचलन बसेको हुनुपर्छ ।

लट्टेका दाना भुटेर तरकारीसँग खान सकिन्छ । गहुँको पीठोसँग मिसाएर स्वस्थकर रोटी बनाउन सकिन्छ । यसको पीठोबाट सुप पनि बनाउन मिल्छ । तरकारीसँग पकाउँदा निस्कने यसको हल्का छिपछिपे रसले स्वाद र पोषण दुवै थप्छ । गोलभेंडा मिसाएर पकाउँदा त भात वा रोटीसँग झन् स्वादिलो हुन्छ ।

पौष्टिक दृष्टिले हेर्दा लट्टेमा गहुँभन्दा बढी रेशा (फाइबर) र लौहतत्व पाइन्छ । साथै यसमा भिटामिन ई, भिटामिन सी, फोलिक एसिड र क्याल्सियम प्रशस्त मात्रामा हुन्छ ।

लट्टेका दानामा करिब २८.८ प्रतिशत प्रोटिन पाइन्छ, जुन कुपोषण रोकथामका लागि अत्यन्त महत्वपूर्ण छ । साथै यसको दाना ग्लुटेनरहित भएकाले गहुँको ग्लुटेन पचाउन नसक्नेहरूका लागि पनि उपयुक्त हुन्छ । त्यसैले शिशु, महिला, गर्भवती तथा सबै उमेर समूहका लागि यो अत्यन्त उपयोगी खाद्यवस्तु हो ।

लट्टेका दाना र पातको मुख्य विशेषता भनेकै यसलाई अन्य खाद्य पदार्थसँग सजिलै मिसाएर पकाउन सकिनु हो । चामल, फापर वा गहुँको पीठोसँग मिसाएर प्रयोग गर्न सकिन्छ । स्वाद र पोषण दुवैमा उत्कृष्ट भएकाले यसले रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न समेत सहयोग पुर्‍याउँछ ।

*-डा. अरूणा उप्रेती*

### चुनावपछि किन दोहोरिन्छ कार्यान्वयनमा धोका ?



गत ३५ वर्षदेखि हाम्रा राजनीतिक पार्टीहरूले चुनावअघि सार्वजनिक गर्ने घोषणापत्रमा "उच्च प्राथमिकता" भन्ने शब्दहरू दोहोर्‍याउँदै आए पनि कार्यान्वयनमा भने त्यसको झल्को कतै देखिँदैन। यसको ज्वलन्त उदाहरण जलविद्युत् आयोजनाहरूको अवस्था हो ।

तुलनात्मक रूपमा हेर्दा लाओसले आफ्नो कूल जलविद्युत् क्षमताको करिब ४० प्रतिशत विद्युत् उत्पादन गरिसकेको छ भने भुटानले करिब ८ प्रतिशत उत्पादन गरिसकेको छ । तर नेपालले भने कूल क्षमताको करिब ४ प्रतिशत मात्र विद्युत् उत्पादन गर्न सकेको यथार्थ हाम्रो सामु छ ।

विकास-निर्माणका हरेक क्षेत्रमा जनतालाई दिइने आश्वासन र वास्तविक कार्यान्वयनबीच किन यति ठूलो खाडल पैदा भयो भन्ने प्रश्नको जडसम्म पुगेर समाधान खोज्नुपर्नेमा, पार्टी र नेताहरू राजनीतिक सिद्धान्त र विचारधाराका ठूला-ठूला कुरा गरेर जनतालाई अलमल्याइरहेको तथ्य अब स्पष्ट भइसकेको छ ।

Million Dollar Question :

२०८२ भाद्र २३ र २४ का भयावह घटनापछि सम्पन्न हुन गइरहेको फागुन २१ को चुनावबाट गठन हुने सरकारले आफ्नो घोषणापत्रमा व्यक्त गरिएको अठोट र त्यसको कार्यान्वयनबीचको खाडल हटाउन आवश्यक ऐन, नियम तथा संशोधन गर्नेछ कि गर्नेछैन ? साथै, कर्मचारीतन्त्रलाई उत्तरदायी र परिणाममुखी बनाउन प्रभावकारी रूपमा प्रेरित गर्ने ठोस कदम चाल्नेछ कि चाल्नेछैन ?

*-सुगतरत्न कंसाकार*

### नेपाली सेनाले विश्व कसरी जितेको थियो ?



नेपालको इतिहास एक समय विश्वसामु अत्यन्त सम्मानित र गौरवपूर्ण थियो । १) दोस्रो विश्वयुद्धमा नेपाल विजेता राष्ट्रहरूको समूहको सक्रिय सदस्य थियो । नेपाली सेनाको तर्फबाट करिब ९ हजार सैनिक युद्धमा सहभागी गराइएका थिए । युद्ध समाप्त भएपछि दोस्रो विश्वयुद्धको "विजय दिवस" मनाउन बेलायतबाट नेपाललाई औपचारिक निम्तो प्राप्त भयो । सो अवसरमा जनरल बबरशमशेर राणाको नेतृत्वमा नेपाली सेनाको एक सानो फौज लन्डन पुगेको थियो ।

२) उक्त टोलीमा कमान्डिङ जनरल बबरशमशेर, लेफ्टिनेन्ट जनरल एकराजशमशेर राणा तथा मेजर जनरल किरणशमशेर राणा (जो पछि कमान्डर-इन-चिफ बने) सम्मिलित थिए । नेपाली सेनाको टोलीले लन्डनमा मार्च-पास्टसमेत गरेको थियो ।

३) यी तीनै जना जनरलहरू लन्डनबाट अमेरिका पुगेर त्यतिबेलाका अमेरिकी राष्ट्रपति तथा सुप्रिम कमान्डर अफ द अलाइड फोर्स, राष्ट्रपति ह्यारी एस. ट्रुमन र जनरल ड्वाइट डी. आइजनहावरसँग भेट गरेका थिए । सन् १९४६ मा अमेरिका पुगेको उक्त टोली नेपालको पहिलो सद्भाव भ्रमण गर्ने टोली थियो । आइजनहावर दोस्रो विश्वयुद्धका प्रख्यात लडाकु जनरल तथा पछि सन् १९५३ देखि अमेरिकी राष्ट्रपति बनेका थिए । सो अवसरमा राष्ट्रपति ट्रुमनलाई नेपालको चिनारीका रूपमा खुकुरी उपहार दिइएको थियो । राष्ट्रपति ट्रुमनले नेपाली जनरलहरूलाई दिवाभोज प्रदान गर्दै नेपालको खुलेर प्रशंसा गरेका थिए ।



४) यस्तो उच्च सम्मान पाउने स्थिति विश्वसामु हामी नेपालीहरूले आफ्नै साहस, अनुशासन र योगदानका कारण बनाएका थियौं ।

*-प्रेम सिंह बस्न्यात*

### आगो भुसले छोपेर निभ्दैन, बरु झन् दन्किन्छ !



नेपालको अहिले विकराल बन्दै गएको समस्या केवल भ्रष्टाचार, गुटतन्त्र र कुशासन मात्र होइन ! त्यत्तिकै गम्भीर भूराजनीतिक समस्या पनि हो । नयाँ दिल्लीमा भएको १२ बुँदे सहमतिपछि नेपालको राजनीतिमा भारत र अमेरिकी शक्तिको प्रभाव क्रमशः बढ्दै गएको र विश्व कूटनीतिक सन्तुलन गुम्दै गएको देखिन्छ । त्यसमाथि एमसीसी पारित गर्दा देखिएको सर्वदलीय सहमतिले अमेरिकी प्रभाव अझ सुदृढ भएको संकेत दिएको छ, जसले छिमेकी भारतसमेत सशंकित भएको आभास हुन्छ ।

२०८२ भदौ २३ र २४ को आन्दोलन तथा त्यसबाट गठन भएको सरकारका क्रियाकलापहरूले पनि हाम्रा दुवै छिमेकी असन्तुष्ट देखिएका छन् । यसको संकेत एक चिनियाँ लेखकद्वारा हालै प्रकाशित लेखमा देखिएको तीव्र प्रतिक्रियाबाट पनि प्रष्ट हुन्छ । अर्कोतर्फ, भारतले केवल लेख र समाचारमार्फत मात्र होइन, आवश्यक परे आफ्ना अधिकारी वा गुप्तचरमार्फत प्रत्यक्ष दबाब दिन सक्ने व्यवहार विगतमा देखाइसकेको छ ।

जेनजी आन्दोलनपछिको अवस्थामा केही राजनीतिक दलहरूले भ्रष्टाचार, गुटतन्त्र र कुशासन सुधार्ने प्रतिबद्धता व्यक्त गरेका छन् । त्यो व्यवहारमा कति कार्यान्वयन हुन्छ, हेर्न बाँकी नै छ । तर नेपालको भौगोलिक अवस्थाका कारण संवेदनशील बनेको भूराजनीतिक असन्तुलनबारे भने कुनै पनि पार्टी वा नेताले स्पष्ट धारणा सार्वजनिक गरेका छैनन् । हुन गइरहेको चुनावमा समेत यस विषयमा मौनता देखिनु चिन्ताजनक छ ।

"आगो भुसले छोपेर निभ्दैन, बरु झन् दन्किन्छ" भन्ने यथार्थलाई समयमै बुझ्न जरुरी छ ।

*-अनार सिंह कार्की*

## रंग विरंग

### महाराष्ट्रमा उज्यालो रेल (Bright Train) बिजुलीको शक्तिमा २०० किमी/घन्टा



*आधुनिक भारतको परिवहन क्रान्तिमा नयाँ अध्याय थपिएको छ । महाराष्ट्र सरकारले नयाँ उज्यालो रेललाई सार्वजनिक गरेको छ- जसले १०० प्रतिशत सोलार बिजुली प्रदर्शनमा आधारित प्रणालीबाट २०० किलोमिटर प्रतिघन्टा गति हासिल गर्‍यो ।*

*यो रेल प्रायः सबै बिजुली सौर्य प्यानलबाट नै चल्ने विश्वकै पहिलो सुपर-फास्ट सोलार ट्रेन मानिन्छ । चार हजार भन्दा बढी यात्रुका लागि क्षमता रहेको यस रेलको संचालनले भारतमा "हरित ऊर्जा" र "नवीन यातायात" दुबैमा नयाँ सम्भावनाहरू खुल्ला गरेको छ ।*

*विज्ञान तथा ऊर्जा विश्लेषकहरूका अनुसार, यो कदमले सार्वजनिक यातायातमा कार्बन उत्सर्जन न्यूनीकरण र सौर्य ऊर्जा व्यावसायिक प्रयोगमा ठूलो थप प्रोत्साहन दिनेछ ।*


### भारतमा सबैभन्दा ठूलो युवा सम्मेलन



*उत्तर प्रदेशको लखनऊमा यस महिना आयोजना भएको "भविष्यका युवा, भविष्यका नेताहरू" नामक सम्मेलनले मात्र होइन, उपस्थित सहभागीहरूको संख्या पनि विश्व रेकर्डको नजिक पुगेको छ ।*

*यस सम्मेलनमा करिब २०,००० भन्दा बढी युवा सहभागी भएका छन्, जुन सहभागी संख्याका हिसाबले भारतकै ठूलो युवा सरकार/नागरिक संवाद कार्यक्रम मानिएको छ । कार्यक्रममा सरकारी प्रतिनिधिहरू, शिक्षाविद्, सांस्कृतिक क्षेत्रका हस्ती र उद्योग-व्यवसायका नेताहरूले युवा नेतृत्व, रोजगारी, डिजिटल क्षमता, स्टार्टअप तथा सामाजिक परिवर्तनका बिषयमा संवाद गरेका थिए । उद्देश्य थियो-हर एक युवा नागरिकमा नेतृत्व गुण र आत्मनिर्भर सोच विकास गराउनु । शुरू भएको सम्मेलनले गाउँ-शहरका लाखौं युवाहरूलाई प्रेरणा दिएको छ ।*

### पश्चिम बंगालमा चमत्कारी ढुंगाको खोज



*पश्चिम बंगालको एक गाउँमा अनौठो आकारको ढुङ्गा भेटिएको छ-जसलाई स्थानीयले "चमत्कारी ढुङ्गा" को नाम दिएका छन् किनकि यसको सतहबाट नियमित रूपमा हावा, प्रकाश र उर्जा तरङ्गहरू निस्कने दाबी गरिएको छ । खगोलविद् तथा भू-वैज्ञानिक टोलीले यस ढुङ्गाको अध्ययन सुरु गरेका छन् ।*

*प्रारम्भिक परीक्षणले संकेत दिएको छ कि ढुङ्गा भित्रको खनिजले विद्युत चुम्बकीय क्षेत्रमा असामान्य गतिविधि उत्पन्न गरेको हुनसक्ने छ । वैज्ञानिकहरू अहिलेसम्म यसलाई कुनै ज्ञात खनिजसँग मिल्ने-नमिल्ने विषयमा ठोस निष्कर्षमा पुगेका छैनन् । यो रहस्यले वैज्ञानिक समुदाय मात्र होइन, आम जनमानसलाई समेत आकर्षित गरेको छ ।*

### हिमाञ्चलमा हिउँबीच विवाह, पर्यटक आकर्षित

*हिमाञ्चल प्रदेशको मनाली क्षेत्रमा हिउँ परेको बीच एक जोडीले अनौठो शैलीमा विवाह सम्पन्न गरेका छन् । विवाह समारोह पूर्ण रूपमा हिउँले ढाकिएको मैदानमा आयोजना गरिएको थियो । दुलाहा-दुलहीले परम्परागत पोशाकसँगै न्यानो लुगा लगाएर वैवाहिक विधि पूरा गरेका थिए। सामाजिक सञ्जालमा सार्वजनिक तस्बिर र भिडियोले निकै चर्चा पाएको छ ।*



*स्थानीय पर्यटन व्यवसायीहरूका अनुसार यस्तो अनौठो विवाहले शीतकालीन पर्यटनलाई बढावा दिएको छ । धेरै जोडीहरू अब "स्नो वेडिङ" गर्ने योजना बनाइरहेका छन् । संस्कृति र आधुनिक शैलीको संयोजनले विवाह समारोहलाई नयाँ आयाम दिएको भन्दै आयोजकहरूले यसलाई विशेष अनुभव बताएका छन् ।*

# भ्रष्टाचार नियन्त्रणमा पाँचौं रणनीतिक योजना सार्वजनिक
# अख्तियारको ३५औं स्थापना दिवसमा प्रमुख आयुक्तको प्रतिबद्धता

● साँघु टिप्पणीकार

**काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'सुशासन र समृद्धि नागरिकको अधिकार : भ्रष्टाचार नियन्त्रणमा बनौं सबै जिम्मेवार' भन्ने नारासहित आफ्नो ३५औं स्थापना दिवस मनाएको छ । ०८२ माघ २८ गते राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रमुख आयुक्त प्रेमकुमार राईले लिखित मन्तव्य प्रस्तुत गर्दै आयोगको आगामी रणनीतिक योजना र भ्रष्टाचार नियन्त्रणका प्राथमिकताबारे जानकारी गराएका छन् ।**



आयोगले स्थापनाकालदेखि भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गर्दै आएको उल्लेख गर्दै प्रमुख आयुक्त राईले पछिल्लो संशोधित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ बमोजिम भ्रष्टाचारबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान र अभियोजनसमेत आयोगले गर्दै आएको जानकारी दिए ।

**पाँचौं रणनीतिक योजना कार्यान्वयनमा**

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले पाँचौं रणनीतिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । उक्त योजनाले 'भ्रष्टाचारमुक्त र सचरित्र सार्वजनिक क्षेत्र' निर्माण गर्ने दूरदृष्टि राखेको छ ।

योजनाअनुसार उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक रणनीति एकसाथ अवलम्बन गरिनेछ । आयोगको संस्थागत सुदृढीकरणमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्य लिइएको छ । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमयुक्त क्षेत्रहरूमा प्राथमिकताका साथ अनुसन्धान र अभियोजन अघि बढाइने जनाइएको छ ।

अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउन उजुरी व्यवस्थापन पद्धतिमा सुधार, सूचना प्रविधिको प्रयोग विस्तार, अनुसन्धानका नवीनतम विधिको अवलम्बन तथा अनुसन्धान अधिकृतहरूको विशिष्टीकृत क्षमता विकासमा जोड दिइएको छ । आवश्यकताअनुसार विज्ञहरूको परामर्श लिने र निजी कानुन व्यवसायीमार्फत बहस पैरवी गराउने व्यवस्था समेत गरिने आयोगले जनाएको छ ।

**उजुरी र अभियोजनको अवस्था**

आयोगका अनुसार विगत पाँच वर्षमा १ लाख ४८ हजार ५ सय उजुरी दर्ता भएका छन् । तीमध्ये १ लाख ७ हजार ९ सय १५ अर्थात् ७२.८ प्रतिशत उजुरी फछ्र्यौट भइसकेका छन् । सो अवधिमा सात सयभन्दा बढी मुद्दा विशेष अदालतमा दायर गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा १ सय ३७ वटा र चालु आर्थिक वर्षमा हालसम्म ९४ वटा मुद्दा दायर भइसकेका छन् । राज्यकोषमा भएको हानिनोक्सानीको क्षतिपूर्तिका लागि विगत पाँच वर्षमा वार्षिक औसत चार अर्ब रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको आयोगले जनाएको छ ।

आयोगका अनुसार सार्वजनिक खरिद तथा निर्माण, बजेट विनियोजन र अनुदान वितरण, गैरकानुनी लाभ-हानि, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, घुस-रिसवत, नक्कली शैक्षिक प्रमाणपत्र, राजस्व चुहावट तथा अवैध सम्पत्ति आर्जनसम्बन्धी उजुरीहरूको संख्या बढी रहेको छ ।

**बजेट, खरिद र ठेक्का व्यवस्थापनमा अनियमितता**

उजुरीको छानबिनका क्रममा बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन, पूर्वसम्भाव्यता अध्ययनबिनै योजना समावेश, अबण्डा रकम राखी आर्थिक वर्षको बीचमा बाँडफाँड गर्ने प्रवृत्ति बढेको पाइएको आयोगले जनाएको छ ।

आयोगले आयोजना बैंकमा विधिवत प्रविष्ट भएका र कानूनी प्रक्रिया पूरा गरेका योजनामा मात्र बजेट विनियोजन गर्न, मध्यमकालीन खर्च संरचना र बजेटबीच तालमेल मिलाउन तथा तोकिएका मापदण्डको कडाइका साथ पालना गर्न सरकारलाई सुझाव दिएको छ ।

सार्वजनिक निकायहरूले खरिद योजना बिना सीमित वा सोझै खरिद गर्ने प्रवृत्ति, मेडिकल उपकरण, औषधि तथा सूचना प्रविधिसम्बन्धी सामग्री पूर्वाधार तयार नगरी खरिद गर्ने अभ्याससमेत देखिएको आयोगको निष्कर्ष छ। कतिपय सामग्री प्रयोगविहीन अवस्थामा थन्क्याएर पुनः नयाँ खरिदतर्फ लाग्ने प्रवृत्ति मौलाएको उल्लेख गरिएको छ ।

ठेक्का व्यवस्थापनमा पुष्ट्याइँ बिना म्याद थप गर्ने, निर्माण ढिलाइको अभिलेख व्यवस्थित नराख्ने तथा परामर्शदाता वा निर्माण व्यवसायीको कमजोरीमा समयमै कारबाही नगर्ने कारण राज्यले क्षति बेहोर्नुपरेको आयोगले जनाएको छ । यसमा सम्बन्धित निकायका प्रमुख, आयोजना प्रमुख, ठेकेदार र परामर्शदातालाई कानूनबमोजिम जिम्मेवार बनाउनुपर्ने आयोगको धारणा छ ।

**कस्ता उजुरीको संख्या बढी ?**

आयोगमा परेका उजुरीहरूमध्ये सार्वजनिक खरिद वा निर्माण, बजेट विनियोजन र अनुदान वितरणमा अनियमितता, गैरकानूनी लाभ हानी, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी सम्वन्धी रहेका छन् ।

साथै, सेवा प्रवाहमा घुस/रिसवतको लेनदेन, नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र, राजस्व चुहावट र गैरकानुनी रुपमा सम्पत्ति आर्जनसम्बन्धी उजुरीहरू बढी रहने गरेको आयोगको भनाई रहेको छ । आयोगमा प्राप्त उजुरीको छानबिन वा अनुसन्धान गर्दा, बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने गरेको पाइएको छ । आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, आवश्यकता र औचित्यको पहिचान नगरी बजेट विनियोजन गर्नेक्रम बढेको छ । न्यूनतम् मापदण्ड नै नपुगेका आयोजनामा जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने गरेको अनुसन्धानबाट खुलेको छ ।

यसका साथै बजेट तथा कार्यक्रम तर्जुमा गर्नेक्रममा अबण्डा रकम राखी आर्थिक वर्षको बिचमा बाँडफाँड गर्ने प्रवृत्ति मौलाएको आयोगको भनाई छ । यस्तो प्रवृत्तिको अन्त्य गरी वित्तीय सुशासन सुनिश्चित गर्न जिम्मेवार निकायहरूले यथाशीघ्र उचित कदम उठाउन जरूरी रहेको आयोगले औंल्याएको छ । आयोगले आयोजनाको विस्तृत अध्ययनबाट उपयुक्त देखिएका र कानूनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्टि गर्न सरकारलाई सुझाव दिएको छ ।

आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानून, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुन आवश्यक निर्देशनसमेत दिएको छ । साथै, आयोगले सार्वजनिक निकायहरूले खरिद योजनाबिना नै खरिद कार्य, सीमित प्रतिष्पर्धा, बिना प्रतिष्पर्धा सोझै खरिद गर्ने प्रवृत्ति रहेको अनुसन्धानबाट खुलेको जनाएको छ ।

**विचौलिया प्रभाव र सुशासन चुनौती**

प्रमुख आयुक्त राईले विगतमा सेवा प्रवाहका साना काममा मात्र सीमित रहेको विचौलिया प्रवृत्ति पछिल्ला वर्षहरूमा बजेट निर्माण, योजना छनोट, सरुवा-बढुवा, महत्वपूर्ण नियुक्ति र सरकार परिवर्तनसम्म प्रभाव पार्ने तहमा पुगेको उल्लेख गरे ।

उनले राज्यका सबै निकायमा विचौलिया प्रभाव नियन्त्रण गर्न नसके सुशासन नारामै सीमित हुने चेतावनी दिए । प्राकृतिक स्रोतसाधन, विशेष गरी नदीजन्य पदार्थ तथा खानीजन्य उत्खननमा मापदण्ड उल्लंघन र राजस्व संकलनमा ढिलाइ हुने प्रवृत्तिप्रति पनि आयोगले चिन्ता व्यक्त गरेको छ ।

आयोगले तीनै तहका सरकार, नागरिक समाज, विद्यालय र सञ्चार क्षेत्रसँग सहकार्य गर्दै भ्रष्टाचारविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । साथै, नेपाललाई ग्रे-लिस्टबाट बाहिर ल्याउन आवश्यक सुधारात्मक कार्ययोजना कार्यान्वयनमा आयोग सक्रिय रहेको दाबी गरिएको छ ।

आयोगले तथ्य र प्रमाणका आधारमा जुनसुकै तहका राजनीतिक वा प्रशासनिक पदाधिकारीविरुद्ध पनि निर्भीकतापूर्वक कारबाही गरिरहेको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रणमा सर्वसाधारणको विश्वास र भरोसा बढ्दै गएको दाबी गरेको छ ।

# निर्वाचनको मुखैमा मोरङमा हतियार बरामद
## 'मेड इन यूएसए' लेखिएको पेस्तोलः रहस्य के ?

साँघु संवाददाता




मोरङ । कोशी प्रदेशमा पछिल्लो समय प्रहरी सक्रियता उल्लेखनीय रूपमा बढेको छ । विशेषगरी निर्वाचन नजिकिँदै जाँदा संभावित आपराधिक गतिविधि नियन्त्रणमा राख्न सुरक्षा निकायले निगरानी कडा पारेको स्रोत बताउँछ । यही क्रममा पूर्वी नेपालको संवेदनशील जिल्ला मोरङबाट पेस्तोल र वाकिटकीसहित दुई जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय बेलबारीको टोलीले विशेष सूचनाका आधारमा सुन्दरहरैचा नगरपालिका क्षेत्रमा छापा मार्दा २८ वर्षीय सिलास लिम्बु र २९ वर्षीय प्रेमबहादुर गुरुङ नियन्त्रणमा परेका हुन् । लिम्बु सुन्दरहरैचा-२ बेलडाँगीका बासिन्दा हुन् भने गुरुङ सोही नगरपालिका-३ का रहेको प्रहरीले जनाएको छ ।

**घरबाटै हतियार बरामद**

प्रहरीका अनुसार लिम्बुको घर खानतलासी गर्दा 'मेड इन यूएसए' लेखिएको पेस्तोल एक थान, भरुवा बन्दुक जस्तो देखिने काठको हतियार एक थान तथा 'बीएओएफईएनजी' ब्रान्डका दुई वटा हेन्डसेट (वाकिटकी) फेला परेका थिए । प्रारम्भिक बयानमा लिम्बुले पेस्तोल गुरुङबाट लिएको स्वीकार गरेपछि गुरुङलाई समेत नियन्त्रणमा लिइएको हो । प्रहरी स्रोतका अनुसार, बरामद सामग्रीको प्राविधिक परीक्षण प्रक्रिया अघि बढाइएको छ । हतियार वास्तविक हो कि नक्कली, कुन प्रयोजनका लागि राखिएको थियो र यसको स्रोत के हो भन्ने विषयमा अनुसन्धान केन्द्रित छ ।

**'मेड इन यूएसए' लेखिएको पेस्तोलः रहस्य के ?**

बरामद गरिएको पेस्तोलमा विदेशी उत्पादनको संकेत दिने शब्द लेखिए पनि त्यसको वास्तविकता परीक्षणपछि मात्र स्पष्ट हुनेछ । नेपालमा अवैध रूपमा भित्रिने कतिपय हतियार नक्कली भए पनि धम्की वा त्रास सिर्जना गर्न पर्याप्त हुने विगतका घटनाले देखाएका छन् । त्यस्तै, काठबाट बनाइएको भरुवा बन्दुक जस्तो वस्तुको प्रयोग वास्तविक कारबाहीका लागि थियो वा केवल देखावटी उद्देश्यका लागि भन्ने विषयमा पनि प्रहरीले जाँच गरिरहेको छ । निर्वाचनको सन्दर्भमा कुनै पनि प्रकारको हतियार अत्यन्त संवेदनशील मानिन्छ ।

**वाकिटकीले उठायो सञ्जालको प्रश्न**

बरामद दुई थान वाकिटकीले थप शंका जन्माएको छ । यस्ता उपकरण प्रायः सुरक्षा निकाय वा व्यवस्थापन प्रयोजनका लागि प्रयोग गरिन्छ । तर आपराधिक समूहले पनि छिटो समन्वय र निगरानीका लागि यसको प्रयोग गर्ने गरेको पाइन्छ । सुरक्षा विश्लेषकहरूका अनुसार सञ्चार उपकरणको प्रयोगले संगठित सञ्जाल सक्रिय हुन सक्ने संकेत दिन्छ। यदि घटना दुई व्यक्तिमा सीमित नभई फराकिलो नेटवर्कसँग जोडिएको हो भने त्यसले सुरक्षा चुनौती थप जटिल बनाउनेछ। प्रहरीले यस कोणबाट पनि अनुसन्धान अघि बढाएको जनाएको छ ।

**सीमावर्ती जिल्ला, उच्च संवेदनशीलता**

मोरङ भारतसँग खुला सीमा जोडिएको जिल्ला हो । खुला सीमाका कारण अवैध हातहतियार, लागूऔषध र तस्करी गतिविधिको जोखिम यहाँ सधैं उच्च मानिन्छ । त्यसमाथि राजनीतिक रूपमा प्रतिस्पर्धात्मक जिल्ला भएकाले निर्वाचनको समयमा सुरक्षा सतर्कता अझ महत्वपूर्ण हुन्छ । निर्वाचनअघि अवैध हतियार बरामद हुनु सामान्य घटना नभएको प्रशासनिक स्रोतको भनाइ छ । विगतमा विभिन्न जिल्लामा निर्वाचनको बेला मतदातामाथि दबाब सिर्जना गर्ने, बुथ कब्जा गर्ने वा झडप निम्त्याउने प्रयास देखिएको सन्दर्भमा यस घटनालाई गम्भीर रूपमा लिइएको छ ।

**स्थानीयमा त्रास, प्रहरीप्रति विश्वास**

घटना सार्वजनिक भएपछि सुन्दरहरैचा क्षेत्रमा केही समय असहज वातावरण बनेको स्थानीयवासी बताउँछन् । "निर्वाचनको बेला घरमै हतियार भेटियो भन्ने सुन्दा डर लाग्नु स्वाभाविक हो," एक स्थानीयले भने। तर उनले समयमै कारबाही भएकोमा सन्तोष व्यक्त गरे । अर्का एक बासिन्दाका अनुसार, "यस्ता घटना दोहोरिन नदिन प्रहरीले निगरानी अझ बढाउनुपर्छ ।" प्रहरीले विशेष सूचनाका आधारमा छापा मारी हतियार बरामद गर्नु सुरक्षा व्यवस्थापनका दृष्टिले सकारात्मक कदम मानिएको छ । समयमै नियन्त्रणमा नलिएको भए अप्रिय घटना हुन सक्ने आकलन गरिएको छ ।

**दीर्घकालीन रणनीति आवश्यक**

सुरक्षा विश्लेषकहरू भन्छन्-अवैध हतियार नियन्त्रण केवल पक्राउमै सीमित हुन हुँदैन । हतियारको आपूर्ति सञ्जाल, स्रोत र सम्भावित प्रयोगको उद्देश्य पत्ता लगाई कानुनी दायरामा ल्याउनु अपरिहार्य छ । निर्वाचन जस्ता संवेदनशील समयमा सीमामा कडाइ, शंकास्पद गतिविधिमाथि निगरानी, समुदायसँग सहकार्य र गोप्य सूचनाको सञ्जाल सुदृढीकरण आवश्यक ठानिएको छ । नेपालको प्रचलित कानूनअनुसार अनुमति बिना आग्नेय हतियार राख्नु गम्भीर अपराध हो । दोषी ठहरिएमा कैद र जरिवाना दुवै सजाय हुन सक्छ । यदि निर्वाचनमा प्रयोग गर्ने उद्देश्य पुष्टि भएमा थप कडा कारबाही सम्भव छ ।

# बारा सीमामा तस्करको 'राज'

बारा । निर्वाचन सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको ध्यान केन्द्रित भएका बेला भारत-नेपाल सीमाक्षेत्रमा तस्करी बढेको गुनासो उठेको छ । बाराको कबहीगोठ नाका पछिल्लो समय खुला तस्करीको 'हटस्पट' बनेको भन्दै स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् । भारतको इमलिया क्षेत्रसँग जोडिएको यो सानो नाकाबाट किराना, चिनी, तेल, मसला, सुर्तीजन्य पदार्थ, रेडिमेड कपडा र इलेक्ट्रोनिक सामानलगायत उपभोग्य वस्तु दिनदहाडै भित्रिने गरेको आरोप छ । सामान कबहीगोठ हुँदै लंगडाटोल, जमुनिया र सलकपुर चोक पार गरेर नहर किनारको बाटो प्रयोग गरी भित्री गाउासम्म पुऱ्याइने गरेको स्थानीय स्रोत बताउँछ ।

स्थानीयका अनुसार साना सवारी साधन, मोटरसाइकल, साइकल र कहिलेकाहीँ पैदल बोकेर समेत सामान ओसारपसार भइरहेको छ । "बजारमा सस्तो भारतीय सामान खुलेआम बिक्री भइरहेको छ, वैध व्यापारी मारमा परेका छन्," एक व्यवसायीले गुनासो गरे । सीमा सुरक्षाका लागि कबहीगोठ क्षेत्रमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) र नेपाल प्रहरी चौकी स्थापना गरिएको छ । तर, सुरक्षा निकायको उपस्थिति हुँदाहुँदै तस्करी किन रोकिएन भन्ने प्रश्न स्थानीयले उठाएका छन् । नहर किनारको कम निगरानी हुने रुट तस्करहरूको 'सुरक्षित बाटो' बनेको दाबी छ ।

अवैध सामान भित्रिंदा भन्सार, भ्याटलगायत कर नतिरी बजारमा बिक्री हुने भएकाले राज्यलाई ठूलो राजश्व क्षति भइरहेको अनुमान गरिएको छ । यसले वैध व्यापारमा अस्वस्थ प्रतिस्पर्धा बढाएको व्यवसायीहरूको भनाइ छ । सुरक्षा निकायले भने सीमित जनशक्ति र खुला सिमानाका कारण चुनौती रहेको प्रतिक्रिया दिएको छ । नियमित गस्ती र कारबाही भइरहेको दाबी गरिए पनि स्थानीयले कडाइ नदेखिएको आरोप लगाएका छन् । कबहीगोठ नाकाबाट भइरहेको भनिएको तस्करी केवल स्थानीय समस्या नभई राष्ट्रिय अर्थतन्त्रसाग जोडिएको विषय भएकाले निष्पक्ष छानबिन, कडा निगरानी र दोषीमाथि कारबाही आवश्यक देखिएको छ । राज्यको प्रभावकारी कदमबिना यो नाका तस्करीको खुला गल्छीमै सीमित रहने खतरा औंल्याइएको छ ।

# सागरनाथ वन काण्ड : ५८ करोड बढी राजस्व चुहावटको अभियोग
# वन प्रशासन र स्थानीय सरकारबीच मिलेमतो ?

● साँघु संवाददाता

**काठमाडौं । सर्लाही जिल्लास्थित सागरनाथ वन विकास परियोजनाअन्तर्गतको राष्ट्रिय वन क्षेत्रबाट ठूलो परिमाणमा नदीजन्य पदार्थ उत्खनन् गरी ५८ करोडभन्दा बढी राजस्व चुहावट गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा २०८२ माघ २८ गते भ्रष्टाचार मुद्दा दायर गरेको छ ।**

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, ७,३८,९३,५०८.९४ क्यू फिट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, बोल्डर र मस्कट उत्खनन् गरिएको पाइएको छ। उक्त परिमाणको रोयल्टी वापत रु.५८,६२,१४,६५८। ९९ नेपाल सरकारको खातामा दाखिला हुनुपर्नेमा नगरी राजस्व चुहावट गरिएको ठहरसहित आरोपपत्र दायर गरिएको हो ।

**कानूनी हैसियत : राष्ट्रिय वन, संघीय अधिकार**

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ तथा त्यसको संशोधन आदेश (२०४३, २०५०) बमोजिम सागरनाथ वन विकास परियोजना गठन भएको हो । नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार सर्लाहीको पूर्व-पश्चिम राजमार्गदेखि दक्षिणतर्फ करिब १३,३८० हेक्टर वन क्षेत्र परियोजनालाई हस्तान्तरण गरिएको थियो । नेपालको संविधानको अनुसूची ५ अनुसार राष्ट्रिय वन नीति संघको एकल अधिकारभित्र पर्दछ ।

**राष्ट्रिय वन क्षेत्रमा पोखरी निर्माण**

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ तथा त्यसका संशोधन आदेशहरू बमोजिम सागरनाथ वन विकास परियोजनालाई सर्लाहीमा करिब १३,३८० हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको थियो । उक्त क्षेत्र संघीय सरकारअन्तर्गतको राष्ट्रिय वन मानिन्छ । तर, २०७५ चैत २ गते बागमती नगरपालिकाले वडा नं. ४ र १२ मा पर्ने परियोजनाअन्तर्गतको मूर्तिया वन व्यवस्थापन शाखाको ब्लक नं. ६, ८, ११, १२ मा करिब १५० बिघा क्षेत्रमा बहुउद्देश्यीय माछा पोखरी निर्माण गर्ने निर्णय गरेको आरोपपत्रमा उल्लेख छ । वन ऐन, २०४९ (हाल २०७६) अनुसार राष्ट्रिय वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने भए पनि नगरपालिकाले पोखरी निर्माणका लागि बोलपत्र आव्हान गरी उत्खनन् कार्य अघि बढाएको दाबी गरिएको छ ।

**विवादित निर्णय : १५० बिघामा माछा पोखरी**

आरोपपत्रअनुसार, २०७५ चैत २ गते बागमती नगरपालिकाले वडा नं. ४ र १२ मा पर्ने सागरनाथ परियोजनाअन्तर्गत मूर्तिया वन व्यवस्थापन शाखाको ब्लक नं. ६, ८, ११, १२ मा करिब १५० बिघा क्षेत्रमा "बहुउद्देश्यीय माछा पोखरी" निर्माण गर्ने निर्णय गरेको थियो । उक्त क्षेत्र प्रस्तावित रेल्वे लाइन र बागमती ड्यामबीच पर्ने पुरानो बुढी बागमती नदीको उकास क्षेत्र हो ।

वन ऐन, २०४९ (हाल २०७६) तथा वन नियमावली, २०७९ अनुसार राष्ट्रिय वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न तथा वन पैदावार उत्खनन् गर्न संघीय स्वीकृति र निर्धारित प्रक्रिया अनिवार्य हुन्छ । तर, नगरपालिकाले उक्त प्रक्रिया पूरा नगरी बोलपत्र आव्हान गरी पोखरी खन्ने कार्य अघि बढाएको आरोप छ।

**पत्राचार मात्रै, कारबाही शून्य**

सागरनाथ वन विकास परियोजना र मूर्तिया शाखाले नगरपालिकालाई उक्त क्षेत्र सरकारी वन भएको र वन ऐनबमोजिम त्यस्तो कार्य गर्न नमिल्ने भन्दै पत्राचार गरेको देखिन्छ । तर, अनुसन्धानका क्रममा, परियोजनाले औपचारिक उजुरी नदिएको, डिभिजन वन कार्यालय वा सम्बन्धित अनुसन्धान निकायमा प्रक्रिया अघि नबढाएको र उत्खनन् रोक्न प्रभावकारी कदम नचालेको पाइएको अख्तियारको दाबी छ । आयोगले यसलाई "मौन सहमति" र मिलेमतोको संकेतका रूपमा व्याख्या गरेको छ ।

**उत्खनन्, बिक्री र राजस्व**

अनुसन्धानअनुसार पोखरी उत्खननको क्रममा निस्किएको नदीजन्य पदार्थ बिक्री, वितरण, प्रयोग र भण्डारणसमेत गरिएको थियो । कुल उत्खनन् परिमाण ७,३८,९३,५०८.९४ क्यू फिट रहेको र सोको रोयल्टी रकम रु. ५८,६२,१४,६५८.९९ हुन आउने देखिएको छ । तर उक्त रकम सागरनाथ वन विकास परियोजना वा नेपाल सरकारको खातामा दाखिला नगरी नगरपालिकाका संलग्न पदाधिकारी र वन प्रशासनबीचको मिलेमतोमा हिनामिना गरिएको आरोपपत्रमा उल्लेख छ ।

**कस-कस प्रतिवादी ?**

***मुख्य प्रतिवादी (वन प्रशासनतर्फ) :*** तत्कालीन परियोजना प्रमुख विशाल घिमिरे, निमित्त परियोजना प्रमुखहरू देवेशमणि त्रिपाठी, रामकिशोर यादव, प्रेमीलाल प्रसाद कलवार, परियोजना प्रमुख जितेन्द्र कर्माचार्य, सहायक वन अधिकृतहरू चन्द्रकुमारी श्रेष्ठ, शिवेन्द्र प्रसाद चौधरी, भोला यादव ।

***मतियार (नगरपालिकातर्फ) :*** नगर प्रमुख भरत कुमार थापा, उपप्रमुख लिला कुमारी मुक्तान, प्रमुख प्रशासकीय अधिकृत विमल कुमार पोखरेल, लेखा अधिकृत विश्वराज पोखरेल, इन्जिनियर सागर पौडेल ।


मुख्य प्रतिवादीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ३ बमोजिम कैद र बिगो बराबरको दोब्बर जरिवाना माग गरिएको छ । मतियारहरूलाई दफा २२ बमोजिम मुख्य कसुरदार सरह सजाय माग गरिएको छ ।

**संघीयता र अधिकार क्षेत्रको बहस**

यो प्रकरणले संघीय शासन व्यवस्थामा अधिकार बाँडफाँट र समन्वयको प्रश्न पुनः उठाएको छ । राष्ट्रिय वन क्षेत्र संघीय सरकार मातहत पर्ने भए पनि स्थानीय तहले विकास आयोजनाको नाममा त्यस्ता क्षेत्रमा हस्तक्षेप गर्दा स्पष्ट कानूनी प्रक्रिया आवश्यक हुन्छ । वन प्रशासनको निष्क्रियता र स्थानीय सरकारको सक्रियता-यी दुईबीचको अन्तरविरोधले ५८ करोडभन्दा बढी राजस्व चुहावटको आरोपसम्म पुऱ्याएको देखिन्छ

**अब के हुन्छ ?**

मुद्दा विशेष अदालतमा विचाराधीन रहनेछ। अदालतको अन्तिम फैसला नआएसम्म अभियुक्तहरू दोषी प्रमाणित हुँदैनन् । तर, यस प्रकरणले प्राकृतिक स्रोत व्यवस्थापन, राजस्व पारदर्शिता र सार्वजनिक निकायहरूको जवाफदेहिताबारे गम्भीर प्रश्न उठाएको छ। सार्वजनिक सम्पत्ति र राष्ट्रिय वन क्षेत्रको संरक्षणमा संलग्न निकायहरू स्वयं विवादमा तानिनु राज्य संयन्त्रका लागि चिन्ताको विषय हो । अब अदालतको निर्णयले मात्र यस बहुचर्चित सागरनाथ वन काण्डको कानुनी निष्कर्ष तय गर्नेछ ।



# अर्थात् : जेमन्त



- शरदराज गौतम -

*जो जस्तो हुनु पर्ने, त्यस्ता छैनन् ।*
*पुलिस पुलिस जस्ता छैनन् ।*
*सेना सैनिक जस्ता छैननु ।*
*सत्ता चलाउने राजनैतिक छैनन् ।*
*प्रशासक प्रशासक जस्ता छैनन् ।*
*पत्रकार जति मोसो दलेर बसेका छन् ।*
*भुइँ मान्छेको अनुहार हांगामा बसेको ढुक्कुरको जस्तो छ ।*
*हुरी बतासिसत पनि बेखबर, बाजसित पनि बेखबर ।*
*सबै, जस्तो हुनु पर्ने त्यस्ता छैनन् ।*
*यस्तोमा, कोही मुलुकको शासन प्रणालीमा*
*सुशासन रोज्न विवेक खोजी बस्छ भने*
*त्यो फजुल हो ।*
*त्यो वकबास हो ।*
*राजनैतिक प्रणालीलाई निर्देश गर्ने संविधान*
*हामीले ठोकठाक र मुड्की बजाएर ल्याएका हौं ।*
*जसलाई जे चाहिए पनि जहिल्यै भेटिने ।*
*तर, कसैलाई केही पनि मिल्न नपर्ने ।*
*मनचिन्ते संविधान ।*
*खोज्दा देखिने, तर भेट्दा कहिल्यै नभेटिने ।*
*यस्तोमा संविधान सम्मत भनेर बहस गरिरहनु नै परेन ।*
*सम्मत हुने थोक भए पो सम्मत हुने ।*
*यस्तोमा दैलोमा भएको चुनावमा संगत खोज्नु*
*नाजायज मात्रै होइन, व्यर्थपन पनि हो ।*
*चुनावै हुन्न भन्नेहरु पनि*
*पूर्व राजालाई अघि लाएर बुथ जान्छन् ।*
*चुनावै गराउन सक्तैनन् भन्नेहरु*
*ठाँटिएर झुरुप्पै भएका भेटिन्छन् ।*
*चुनावै गराउने हैसियत नदेख्नेहरु पनि*
*खास्टोले मुख छोपेर मलामीमा भेटिन्छन् ।*
*त्यस्तोमा, मुलुकसित जे हुनु पर्ने हो*
*त्यस्तो भइ चाहिं राखेको छैन, साँचो हो ।*
*अफगानिस्तानमा कबिला साम्राज्य बनाउन*
*दशकौं लागेको थियो ।*
*बहादुर साम्राज्य देखाउन यहाँ पनि दशकौं लाग्ला ।*
*त्यहाँ सामाजिक विग्रहमा हाथ हतियार नपुऱ्याउञ्जेल*
*धेरैको पेटको ग्यासराइटिस बिग्रिएको थियो ।*
*यता मुलुकभित्र विग्रह न भित्रिंदा पनि*
*ड्रागनहरु तहसनहस पार्न सक्छन् ।*
*अवैध हतियारले काबु परेको छिमेकी*
*हतियारै भित्र्याउने गुल्चेमा सामेल भई नहाल्ला, कि*
*अनुमान गर्दा पनि भो ।*
*किनकि,*
*न त हिजोको जस्तो अफिमी कुलती उत्तरको छिमेकी छ ।*
*न बेलायति हुकुमीको नजिर बोली नै ।*
*भन्न त नेपालीको बहादुरीपन*
*नाला पानीमा हारेर खुम्चिएको हो भनिन्छ ।*
*तर, नेपाली बेहोरा बुझ्ने र भोग्नेहरुलाई थाहा छ*
*नेपाली सेना लड्न नसकेर खुम्चिएकै होइनन् ।*
*आफन्तहरुको घातबाट किल्ला छोडेर हिंडेका हुन् ।*
*नत्र नागा पर्वतहरुमा लडी हिंड्ने अंग्रेज सैनिकहरु*
*पानीको मुहान थुन्दै हिंड्दैनथे ।*
*तिनलाई पानी थुन्ने ज्ञान पनि आफन्तकै घातबाट मिलेको हो ।*
*आजको चुनावमा जस जसलाई जिताइन्छ भनेर भनिन्छ*
*तिनको जित्ने श्रोत बहादुरीबाट निश्चित हुने नै होइन*
*आफन्तको घातबाट निस्किने हो ।*
*मुलुकसित मुलुक हुने सारा अवयव यथावत छन्*
*तर, वैधानिक रुपमा मिलेको घात स्वभाव*
*ती नैसर्गिक हुन ।*
*जसले जितेनी मुलुकसित हार्ने बाहेक अर्थोक केही हुन्न ।*

## निर्वाचन कि...

जनमत संग्रहको आधुनिक संस्करणजस्तै देखिएको छ । तत्कालीन राजा वीरेन्द्रले पञ्चायती व्यवस्थामाथि आएको संकट टार्न जनमत संग्रहको 'सेफ्टी भल्भ' प्रयोग गरेझैं, अहिले पनि 'जेन-जी' आन्दोलन र बालेन-रवि लहरबाट त्रसित राज्य संयन्त्रले व्यवस्था बचाउन निर्वाचनको कार्ड फ्याँकेको विश्लेषण भइरहेछ ।

राजनीति शास्त्रको भाषामा यसलाई ' एक्जिट ग्यास' बाहिर निकाल्ने प्रक्रिया भनिन्छ, जहाँ जनताको चरम आक्रोशलाई मतपत्रमार्फत विसर्जन गराइन्छ ताकि विद्यमान व्यवस्थाको जगमा क्षति नपुगोस् । केपी ओलीहरूलाई निर्वाचनमा पराजित गराएर जनतालाई "भ्रष्टहरू हारे" भन्ने सन्देश दिने तर वास्तविक सत्ताको नियन्त्रण पुरानै शक्ति वा तिनका 'प्रोक्सी' हरूको हातमा सुरक्षित राख्ने गरी मञ्चन गरिएको आशंकालाई नकार्न सकिँदैन । २०३७ को जनमत संग्रहमा 'सुधारिएको पञ्चायत' जिताएर व्यवस्था थप दशक टिकाइएझैं, अहिले पनि 'ब्याक-रुम डिल'मार्फत पुरानै प्रवृत्तिको सरकार बन्ने जोखिम देखिन्छ ।

**नयाँ शक्तिहरूको भूमिका**

यस जटिल मोडमा विवादित पात्रहरु बालेन शाह र रवि लामिछानेजस्ता नयाँ शक्तिहरूको भूमिका पेचिलो बनेको छ । उनीहरू यो "मञ्चन गरिएको नाटक" का पात्र हुन् कि चक्र तोड्ने 'चेन्ज-मेकर' ? यसको फैसला ब्यालेट बक्सले गर्नेछ । एकातिर उनीहरू पुरानो 'सिन्डिकेट' भन्दा बाहिरबाट आएकाले आशा जगाएका छन् भने अर्कोतिर राज्यका भित्री शक्तिहरू (Deep State) ले उनीहरूलाई व्यवस्थापनको 'विकल्प' का रूपमा प्रयोग गरिरहेको आशंका पनि उठाइएको छ ।

अन्ततः, यो निर्वाचन 'परिवर्तनका लागि' भन्दा पनि 'व्यवस्था बचाउनका लागि' बढी केन्द्रित देखिन्छ । निर्वाचन रोक्नु संवैधानिक शून्यता र द्वन्द्व निम्त्याउनु हो, त्यसैले निर्वाचनमा जानु नै परिपक्व समाधान मानिन्छ । यद्यपि, यदि निर्वाचनको नतिजाले भ्रष्टाचारको जरैदेखि अन्त्य र प्रणालीमा सुधार ल्याउन सकेन भने नेपाल पुनः २०३६ सालकै इतिहासको पुनरावृत्तिमा फस्नेछ ।

**संवैधानिक संकटको जोखिम**

नेपाल हाल यस्तो मोडमा उभिएको छ जहाँ २०८२ फाल्गुण २१ गतेको निर्वाचन नहुनु भनेको अर्थ गम्भीर 'संवैधानिक दुर्घटना' निम्त्याउनु हो । वर्तमान कामचलाउ सरकारको म्याद थप गर्ने स्पष्ट संवैधानिक आधार नहुँदा निर्वाचन नभए मुलुक अध्यादेशको शासन र वैदेशिक अविश्वासको चपेटामा पर्न सक्ने जोखिम छ । संसद् विघटन र सरकार गठनको जग नै त्रुटिपूर्ण भएकाले हालका राजनीतिक तथा कानूनी निर्णयहरू भविष्यमा 'अवैधानिक' ठहरिने खतरा देखिन्छ, जसले गर्दा भोलि निर्वाचित भएर आउने संसद्को वैधतामाथि पनि प्रश्न उठ्न सक्छ ।

यसैबीच, सर्वोच्च अदालतको मौनतालाई कतिपयले रणनीतिक ढिलासुस्तीका रूपमा बुझेका छन्, जसका कारण संसद् पुनर्स्थापनाको मुद्दा ओझेलमा परेको छ । राजनीतिक कोर्ष र सर्वपक्षीय सहमति बिना गरिएको निर्वाचन घोषणाले समस्या समाधान गर्नुको साटो, निर्वाचनपछि हार्ने पक्षले नतिजा अस्वीकार गर्ने र थप अराजकता निम्त्याउने जोखिम देखिन्छ ।

सबैभन्दा विरोधाभासपूर्ण पक्ष भनेको 'जेन-जी' पुस्ताको सुशासन र भ्रष्टाचार नियन्त्रणको मागलाई राज्यले संसद् विघटन र निर्वाचनको कार्डमार्फत विषयान्तर गरिदिएको विश्लेषण हो । यदि यो निर्वाचनले पुरानै प्रवृत्तिलाई मात्र दोहोऱ्यायो भने यसले निकास दिनुको सट्टा जनआक्रोशको दोस्रो र अझ शक्तिशाली लहर निम्त्याउने निश्चित छ ।

## राप्रपामा...

*प्रधानमन्त्रीको मुद्दाले दुई धार बनाएको छ । यो किन भएको हो भन्ने चाहिँ नबुझिएको पनि राप्रपा नेताहरूले बताइरहेका छन् ।*

*पहिला किन उठाइएको थियो र अहिले किन 'ब्याक' गरिएको भन्ने स्पष्ट नभएकाले एजेन्डाबाट पछि हटेको अर्थको खोजी भइरहेको छ । दरबारको संकेतका कारण यसो गरिएको हो कि कसको इशारामा भन्ने पनि खुलेको छैन । राप्रपा पहिलादेखि नै संसदीय प्रणालीको पक्षमा रहँदै आएको थियो । अध्यक्ष लिङ्देनकै जोडबलमा राप्रपाले प्रत्यक्ष प्रधानमन्त्रीको कुरा पहिलादेखि उठाउँदै आएको थियो ।*

## प्रचण्डको...

प्रचण्ड र ओलीबीच संवाद भने भइरहेको छ । विभिन्न च्यानलमार्फत संवाद भएको स्रोतहरूले उल्लेख गरेका छन् । ओलीले झापा-५ मा प्रचण्डसँग साथ मागेका छन् ।

झापा-५ मा प्रचण्डले साथ दिँदा करिब ५ हजार मत थपिने ओलीको बुझाइ देखिन्छ । ती मत थपिएको अवस्थामा बालेनलाई चुनाव हराउन सकिन्छ भन्ने मनोविज्ञानमा ओली रहेका देखिन्छन् । तर, प्रचण्डले वचन भने दिइसकेका छैनन् ।

ओलीको प्रस्ताव आएको केही समयपछि प्रचण्डको बोली भने फेरिन थालेको टिप्पणी भइरहेको छ । ओली मात्र होइन, दाङमा शंकर पोखरेललाई पनि सहयोग गर्न प्रचण्डसँग ओलीले प्रस्ताव गरेका छन् । त्यसबापत ओलीले चार वटा क्षेत्रमा सहयोग गर्ने वचन दिएका थिए । स्रोत भन्छ, त्यसमा प्रचण्डले सहमति जनाइसकेका छैनन् । तर, अनौपचारिक रूपमा सहमति हुन सक्ने पनि बताइन्छ । त्यसैले प्रचण्डको बोली फेरिन थालेको टिप्पणी भइरहेको छ ।

## वैदेशिक रोजगार...

अदालतले अवधि पूरा नगरी सरूवा गरेको भनी बदर गरिदिएको थियो । त्यसपछि मन्त्रीको सुधारको कदम पनि रोकिएको स्रोत बताउँछ ।

जबकि कनिष्ठ सहसचिव रहेकी महानिर्देशक आचार्यलाई विभागका रैथाने कर्मचारीहरूले टेर्न छाडेको भनाई चर्चामा छन् । मेनपावर कम्पनीहरूले पनि तोकिएको भन्दा चार पाँच गुणा बढी शुल्क लिएर कामदारलाई विदेश उडाउने गरेको उजुरीहरु विभागमा पर्ने गरेका छन् । अझ खाडी र युरोप गएका कामदार हरूले तोकिएको काम र सेवा सुबिधा नपाएको भन्दै विभागमा उजुरी दिइरहेका छन् । नयाँ डीजीले विभागको नेतृत्व संहालेको दुई महिना हुँदासमेत पीडितहरुको गुनासो संबोधन गर्न नसकेको स्रोतले दावी गरको छ ।

अधिकांश ठगीका उजुरी परेको भएपनिले महानिर्देशक आचार्यले विभाग र कार्यालयको सेवा सुधार्न नसकेको स्रोतले दावी गरेको छ । वैदेशिक रोजगार क्षेत्रलाई स्वच्छ, मर्यादित, विश्वसनीय र भरपर्दो बनाउन महानिर्देशक आचार्य असफल भएको र मन्त्रालयको नेतृत्वले एक्सन लिन नसकेको गुनासो सुनिन्छ । वैदेशिक रोजगार कार्यालय काठमाडौंको सेवा प्रवाहलाई पुरै डिजिटलाइजेशन गरेको बताइन्छ । तरपनि कार्यालय वरपरका सेवा केन्द्र, बीमा कार्यालय, मेनपावर कम्पनी र अन्य बिचौलियाहरूले कर्मचारीहरूलाई प्रभावित पार्नेक्रम भने रोकिन नसकेको पीडितहरु बताउछन् ।

कामदारहरू ठगिने, कर्मचारीहरुलाई अतिरिक्त लाभ दिएर अन्तिम, पुन श्रम स्वीकृति लिन बाध्य भएका छन् । ठगीका उजुरी र गुनासाहरु बढेपनि मन्त्रालयका साथै प्रधानमन्त्री कार्यालयकोसमेत खासै ध्यान केन्द्रित हुन नसकेको पीडितहरु बताउँछन् । अझ मन्त्री भण्डारीले गोप्य रुपमा नेपाल प्रहरीलाई खटाएर विभागबाट हुने अनियमितता रोक्ने प्रयास गर्दै आएका थिए । तर, उनको सो प्रयासले मूर्त रुप लिन नसकिरहेको पीडितहरु बताउछन् ।

## भ्रष्टाचारका...

दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा भ्रष्टाचारमा मुद्दा दर्ता भई फैसला भएपछि सर्वोच्च अदालतमा परेको पुनरावेदनका क्रममा विशेषबाट मुद्दाका फाइलहरु झिकाइएका हुन् । सर्वोच्च पुगेका ती मिसिलहरु जलेर खरानी भएको आशंका गरिएको छ । आगजनीमा परी नष्ट भएका मिसिल कागजातको पुनर्प्राप्ति र प्रमाणीकरणको खोजीकार्यमा भ्रष्टाचारका मिशिल फेला नपरेको स्रोतको दावी छ ।

विशेष अदालत स्रोतले साँघु संवाददातालाई जनाए अनुसार, २०८२ पुस १६ गते सर्वोच्चमा पुगेका भ्रष्टाचारसम्बन्धी मुद्दाका मिसिलहरुको अवस्था माग गर्दै परिपत्र गरिएको छ । भ्रष्टाचार मुद्दा सुनुवाईकाक्रममा सर्वोच्चबाट भएको आदेश अनुरुप एक हजार ६९ थान भ्रष्टाचार मुद्दाका मिसिलहरु पठाइएको थियो । 'तै पनि चानचुन सय जति मिशिल जोगिएका छन् कि, सर्वोच्चबाट परिपत्र अनुसार विवरण आउन बाँकी छ ।' सबै शिलि जलेर नष्ट भएपछि अभिलेख नै मासिने अवस्था उत्पन्न भएको छ । स्रोत भन्छ, सर्वोच्चमा पुगेका मिसिलको अभिलेख विशेष अदालतमा छैन ।

२०८२ भदौ २४ गतेको आगजनी र तोडफोडकाक्रममा विशेष अदालतको सफ्टवेयर पनि जलेर खरानी बनेको छ । सर्वोच्च अदालतमा विशेष अदालतबाट भ्रष्टाचारका मुद्दाको मिसिल माग भए वमोजिम विवरण खोज्ने काम चलिरहेको तर फेला नपरेको भनाई कर्मचारीहरुको छ । २०८२ भदौ २४ गते कति डढे, कति बचेका छन् भनेर खोजी कार्य अझै जारी छ । यतिमात्र नभै अभ्रष्टाचारमा अन्तिम फैसला भएर कार्यान्वयनका लागि अन्य जिल्ला अदालतमा पठाइएका मिसिलको लगत समेत जलेको आशंका गरिएको छ ।

२०८२ भदौ २४ को आगजनीमा सर्वोच्च अदालत, विशेष अदालतसहित १४ वटा जिल्ला अदालत जलेका थिए । आगजनीमा काठमाडौं, मोरङ, चितवन, कास्की, तनहुँ, बाँकेलगायत १४ जिल्ला जस्ता धेरै मुद्दाका फाइल भएका अदालतहरु जलेका थिए । अरु जिल्ला अदालतमा पठाइएका भ्रष्टाचारका मिसिलको अवस्थाबारे पनि विशेष अदालतले जानकारी मागेको स्रोत बताउछ ।

मिसिल र फैसला कार्यान्वयनको अवस्थाबारे जानकारी मागिएको छ । २०८२ पुस ३० सम्म अख्तियार दुरुपयोग अनुसन्धानबाट चलाइएका भ्रष्टाचारसम्बन्धी मुद्दामध्ये गैरकानूनी सम्पत्ति आर्जनका १४ थान, निर्णयगत अनियमितता ८६, घुस रिसवत १९, नक्कली प्रमाणपत्र ८, सम्पत्ति शुद्धीकरण १ र अदालतको अवहेलनासम्बन्धी १ वटा मुद्दा चालु अवस्थामा रहेको स्रोत बताउछ । यतिबेला विशेष अदालतले भने पूर्ण क्षमताका साथ काम गरिरहेको छ ।

## महानिर्देशक...

गरिरहेको स्रोतले जानकारी दिएको छ । जबकि, निर्धारित समय र तोकिएका दिन भवन उद्घाटन नभएपनि कमिशनको लोभमा परेर यादवले भुक्तानी दिन लागेको बुझिएको छ ।

रोचक र चाखलाग्दो कुरा त यसअघिका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाईसमेत यादवले सो भवनको सेवा उद्घाटन गराइसकेका थिए । उनले ०८१ चैत २२ गते निवर्तमान मन्त्री पौडेलले औपचारिक रुपमा भवन उद्घाटन गराइसकेका हुन् । दोश्रो पटक भवनको उद्घाटन गराउनुको मुख्य रहस्य भने वर्तमान मन्त्री सुधा शर्मा गौतममार्फत प्रधानमन्त्री कार्कीसँग निकटता बढाएर अनियमितताको ढाकछोप गर्ने उनको भित्री उद्देश्य रहेको चर्चा सुनिन्छ । २०८२ माघ ४ गते पुन उद्घाटन गर्न लगाउनका लागि उनले ताम्रपत्र र सिलालेख तयार गरेर भवन परिसरमा छोपेर राखेको अवस्था सहज रुपमा देख्न सकिन्छ ।

उनले एउटै भवन दुई पटक उद्घाटन गराउन खोज्नुको मुख्य उद्देश्य के हो भन्दै विभागका कर्मचारीहरुसमेत तीनछक परेका छन । यादव हाल बिभागको निमित्त महानिर्देशक रहेका छन् । जवकि उनीभन्दा सिनियर अन्य कर्मचारीहरुलाई रोकेर चाकडीको भरमा निमित्त पड्काइरहेका छन् । जसको मूल उद्देश्य भनेकै मन्त्री शर्मा र सचिव विकास देवकोटाको चाकडी गर्दै स्वार्थमा लिप्त भएको आरोप कर्मचारीहरुले लगाएका छन् ।

पुन : प्रधानमन्त्री कार्कीको हातबाट उद्घाटन गराउनका लागि तयार गरिएको अर्को सिलालेख र ताम्रपत्रको व्यहोरा उल्लेखित तस्बिरलेसमेत बताउँछ । साथै, उक्त भवन शहरी विकास मन्त्रालयमातहतको शहरी विकास तथा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय बवरमहल काठमाडौंले तयार गरेको र सो भवन के. एस. कन्ट्रक्सन प्रा. लि. धनगढीले निर्माण गरेको बताइन्छ । भवनको कूल लागत ३३, करोड, ८३ लाख, ४४ हजार सात सय ७२ रुपैयाँ पीएस र भ्याट रकमसहित निर्माण सम्पन्न भएको बताइन्छ । यी विषयमा महानिर्देशक यादवसँग जिज्ञासा राख्दा उनले यसअघि सेवा सुभारम्भ मात्र गरेको जवाफ दिएका थिए ।

## असफल नेतृत्वले...

ती निकायमा के स्वार्थले दरबन्दी अनुसार पदस्थापन गरिरहेका छैनन् भन्ने गम्भीर प्रश्नसमेत मन्त्रालयका कर्मचारीले तेर्स्याउँदै आएका छन् ।

मन्त्री चौंलागाईंको बेथिति कार्यशैलीका कारण सुशासनको दुहाई दिंदै सरकारमा पुगेका उनको कुशासन पनि छरपष्ट हुन पुगेको अवस्था छ । उल्टै अवकासमा जाने तयारीमा रहेका भौतिकको कार्यसम्पादनमा असफल देखिएका सचिव केशवप्रसाद शर्मा बिडारीसहितको सचिवालयको टिम लिएर चुनावको मुखमा विभिन्न आयोजनाहरुको निरीक्षणको लागि भन्दै २०८२ फागुन ४ गते सोमवारसम्मका लागि उपत्यका बाहिर हानिएको मन्त्रालय स्रोतले जनाएको छ । तीनजना कर्मचारीलाई त समयमै रिक्त ठाउँमा पदस्थापन गर्न सक्दैनन् भने यस्ता मन्त्रीले विकास र सुशासन के दिन सक्थें भन्ने प्रश्न उठेको छ ।

यसअघि करिब साँढेतीन महिना मन्त्रालयको नेतृत्व गरेका निवर्तमान मन्त्री कुलमान घिसिङले ठेक्का लागेर पनि समयमा काम अघि नबढाएका तीन सयभन्दा बढी रूग्ण ठेक्का तोड्न अग्रसरता लिएका थिए । भौतिक मन्त्रालयको लक्षित वार्षिक कार्यक्रमको नतिजा दिन असफल मानिएका सचिव केशवप्रसाद शर्मा बिडारी, सडक विभागका महानिर्देशक डा. विजय जैसीले समयमा काम नगर्ने निर्माण व्यवसायीहरुविरुद्ध निर्मम भएर विभिन्न योजना, सडक डिभिजन र पुल सेक्टर प्रमुखहरूलाई दिएको निर्देशन समेतले कुनै उपलब्धि हासिल गर्न नसकेको स्रोत बताउछ । मन्त्रालय र विभागको असफल नेतृत्वकै कारण हुलाकी सडक योजना, सडक डिभिजन काठमाडौं र पुल महाशाखाअन्तर्गत धेरै रूग्ण ठेक्का रहेको बताइन्छ । अर्कोतिर, अर्थमन्त्री रामेश्वर प्रसाद खनालले तीन करोड भन्दा कम बजेटका टुक्रे र खुद्रे योजना तथा स्टिमेट नभएका नेतामुखी योजनालाई कटौती गरेका थिए ।

सचिव शर्मा, मन्त्री चौलागाई र सडक विभागका डीजी डा. विजय जैसी चालु आर्थिक वर्षको ७ महिनामा भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत २० प्रतिशत पनि भौतिक प्रगति हुन नसकेको स्रोत बताउँछ । नेतृत्वको असफलताकै कारण चालु आर्थिक वर्ष २०८२/८३ मा विकास-निर्माणको काम अति सुस्त रहेको र पुँजीगत खर्च कम हुने संभावना निकै बढेको छ । ०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको चपेटामा सडक विभाग बबरमहलको भवनसमेत परेको थियो । त्यसैगरी विभागमा रहेका महत्वपूर्ण सरकारी कागजात, फर्निचर, दराज, कम्प्युटरलगायतका संरचना पूर्ण रूपमा तोडफोड र आगजनीमा परी नष्ट भएका थिए । त्यसले पनि विभागअन्तर्गतको काम दुई महिना प्रभावित हुन पुगेको मन्त्रालय स्रोतको दावी छ ।

यही कारण रूग्ण ठेक्का, टुक्रे योजनाको बजेट अर्थ मन्त्रालयले कटौती गरिसकेको छ । मुलुक यतिखेर निर्वाचनमा होमिएकोले मन्त्रालयअन्तर्गका विकास-निर्माणको कामले सहज रुपमा गति लिन नसकेको स्रोतको भनाई रहेको छ । विकास-निर्माणको मुख्य काम हुने समय २०८२ फागुन-चैत्र महिना मानिन्छ । त्यसैले निर्वाचन कार्यक्रमले यी कार्यहरुलाई थप प्रभावित पार्नसक्ने जानकार स्रोतले बताएको छ । विगत ७ महिनामा मन्त्रालयको काममा २० प्रतिशत मात्र भौतिक प्रगति र १८ प्रतिशत वित्तीय प्रगति हुन सकेको स्थिति छ । यस्तै स्थिति रहने हो भने चालु आर्थिक वर्षमा पुँजीगत खर्च ५० प्रतिशत पनि हुन नसक्ने बताइन्छ ।

सडक विभागका महानिर्देशक जैसीले रूग्ण ठेक्का निर्ममतापूर्वक तोड्ने, धरौटी जफत गर्ने र नयाँ ठेक्का लगाएर काम सुरू गर्ने बताउँदै आएका थिए । तर, तोडिएका ठेक्काविरूद्ध निर्माण व्यवसायीहरू अदालत जानेक्रम बढेको छ । जसका कारण सडक डिभिजन, पुल सेक्टर, विभिन्न सडक योजना र विभागले गरे निर्णयले अर्को ठेक्का लाग्ने कार्यमा थप ढिलासुस्ती र कानूनी झन्झट थपिने बताइन्छ ।

## राष्ट्रहितभन्दा...

द्वन्द्व र प्रतिस्पर्धाको अवस्था अहिले पनि विद्यमान छ । नाटो अहिले पनि क्रियाशील छ र रुस, चीन, इरान, उत्तर कोरियालगायतका राष्ट्रहरूको संयुक्त राज्य अमेरिका र नाटोमा आबद्ध अधिकांश युरोपेली राष्ट्रहरूसँगको अन्तर्विरोध र प्रतिस्पर्धा अहिले पनि कायम रहेको छ । यस अर्थमा प्रभावशाली राष्ट्रहरूका दुई भिन्न समूहहरू र तिनको बीचको समूहगत द्वन्द्व अहिले पनि कायमै रहेकोले व्यवहारमा राष्ट्रहरूबीचको शीतयुद्ध अहिले पनि कायम छ ।

यस्तो अवस्थामा नेपालजस्ता सापेक्षिक रूपमा विपन्न, परनिर्भर र कमजोर मुलुकले आफ्नो स्वाधीनताको रक्षाका निम्ति आफ्नो परराष्ट्र नीतिलाई आफ्नो स्वाधीनताको रक्षाकवचको रूपमा उपयोग गर्ने कौशलको विकास र प्रयोग गर्न जरुरी देखिन्छ । पछिल्लो समयमा नेपाल यस्तो कौशल र क्षमताको उपयोग गर्न असफल वा अनिच्छुक हुँदै आएको वा चुक्दै आएको अनुभव हुन थालेको छ ।

रुस र युक्रेनको युद्ध र सो युद्धप्रतिको पश्चिमी राष्ट्रहरूको व्यवहार, भेनेजुएलाका राष्ट्रपतिमाथिको अमेरिकी व्यवहार तथा क्यानडा, ग्रीनल्यान्ड आदिलाई आफ्नो कब्जामा लिने विषयमा अमेरिकी सरकारको तर्फबाट प्रकट हुँदै आएको धारणाले साना र सापेक्षिक रूपमा कमजोर राष्ट्रलाई ठूला र शक्तिशाली राष्ट्रले कसरी हेर्छन् र त्यस्ता राष्ट्रहरूसित कस्तोसम्म व्यवहार गर्न सक्छन् भन्ने कुराको दृष्टान्तको रूपमा लिन सकिन्छ ।

**नेपालको वर्तमान परराष्ट्र चुनौती**

विडम्बना के छ भने पछिल्लो समयमा नेपाल आफ्नो परराष्ट्र नीतिको सञ्चालनमा अपेक्षित कौशलताको प्रदर्शन गर्नमा निरन्तर असफल वा बेपर्वाह हुँदै आएको देखिन्छ । तिब्बतबाट भागेर नेपालमा आउन र बसोबास गर्न चाहने तिब्बतीहरूलाई अनधिकृत रूपमा नेपाल प्रवेश गर्नबाट रोक नलगाउने तथा स्वतन्त्र तिब्बत अभियानकर्मीहरूलाई नेपालमा राजनीतिक नाराजुलुस तथा प्रदर्शन गर्नबाट पनि रोक नलगाउने अवस्थाले संवेदनशील कूटनीतिक सन्तुलनमा प्रश्न उठाएको छ ।

त्यसैगरी भारतको बाटो हुँदै अनधिकृत रूपमा नेपालमा प्रवेश गर्न चाहने रोहिङ्गाहरूको अनधिकृत प्रवेशमाथि पनि रोक नलगाउने वा विदेशी नागरिकलाई अनधिकृत रूपमा नेपाल प्रवेश गर्न दिनेजस्ता काम जानीजानी गरेर नेपाल सरकार राष्ट्रको हितको संरक्षण गर्ने कुरामा भन्दा केही बाह्य शक्ति वा राष्ट्रको चाहना र स्वार्थअनुसार हिँडेर नेपाललाई बाह्य शक्तिहरूको द्वन्द्वको अखडा बनाउने कामतिर त उन्मुख छैन भन्ने प्रश्न समेत उठ्न थालेको देखिन्छ ।

**नागरिकता, राष्ट्रिय निष्ठा र सहकार्यको आवश्यकता**

वास्तविक नेपालीलाई नेपालको नागरिकताको प्रमाणपत्र पाउन असजिलो भएको देखिएमा त्यस्ता व्यक्तिलाई नागरिकताको प्रमाणपत्र दिन कुनै कानूनी अड्चन छ, छैन भन्ने कुराको मूल्यांकन नगरीकन, कस्ता कस्ता नागरिकलाई वंशजका नागरिक भनिन्छ र नागरिकता ऐनको संशोधनबाट मुलुकमा के कस्तो प्रभाव पर्छ वा पर्न सक्छ भन्ने कुराको समुचित विश्लेषण नगरीकन हचुवा ढङ्गले पटक-पटक नागरिकता ऐनलाई खुकुलो बनाउने काममा पनि नेपाली कांग्रेस, एमाले, माओवादी, रास्वपा तथा राप्रपा समेतका सबैजसो दलहरू निरन्तर संलग्न रहँदै आएका छन् र अहिलेको सरकार समेत संलग्न भएको देखिन्छ ।

बिना भिसा नेपालमा लुकेर बसेका विदेशी नागरिकहरू ट्र्याक गर्नका निम्ति पहिले प्रस्तावित काम समेत वर्तमान सरकारले रोकेको कुरा सार्वजनिक भएको छ । यसबाट २०८२ भाद्र महिनामा भएको आन्दोलनमा सहभागी युवाहरूको समर्थनमा बनेको नेपालको अहिलेको सरकार तथा नेपालका राजनीतिक दलहरू र नेताहरूको राष्ट्र र राष्ट्रिय हितप्रतिको निष्ठामा समेत प्रश्न उठाउन मिल्ने अवस्था रहेको देखिन्छ ।

संसारको इतिहासमा राष्ट्रलाई भूराजनीतिक द्वन्द्वमा फस्न नदिनका निम्ति मुलुकमा क्रियाशील राजनीतिक शक्तिहरूले सहकार्य गरेर सफलता पाएका धेरै दृष्टान्त फेला पर्छन् । नेपालमा पनि पूर्व राजा र राजनीतिक दल समेतका सबै राजनीतिक शक्तिको सहकार्य र भूमिकाको खाँचो खट्किन थालेको छ । निर्वाचनमा पनि मतदाताले दल र उम्मेदवारको राष्ट्रप्रतिको साँचो निष्ठाको पहिचान गरेर मतदान गर्न समेत उत्तिकै जरुरी हुन्छ ।

## सेना दिवस...

उपस्थिति रहेको थियो । नेपाली सेनाको परम्परागत बाजा र सैनिक परेडपछि अमेरिकी ब्यान्डले आधुनिक धुनमा प्रस्तुति दिँदा सैनिक मञ्चमा फरक वातावरण सिर्जना भएको थियो ।

सैनिक स्रोतका अनुसार, नेपाल र अमेरिकाबीचको सैन्य सहकार्य, तालिम आदान-प्रदान तथा विपद् व्यवस्थापनलगायतका क्षेत्रमा भइरहेको सहयोगको निरन्तरतास्वरूप उक्त प्रस्तुति समावेश गरिएको हो । नेपाली सेनाले विगतमा विभिन्न मित्र राष्ट्रसँग संयुक्त अभ्यास र तालिम सञ्चालन गर्दै आएको भए पनि औपचारिक सेना दिवस समारोहमा विदेशी ब्यान्डको नाचगान प्रस्तुति पहिलो पटक समावेश गरिएको जनाइएको छ ।

सेना दिवसको अवसरमा नेपाली सेनाले आफ्नो संगठनात्मक इतिहास, योगदान र शान्ति स्थापनामा खेलेको भूमिकाबारे जानकारी गराएको थियो । २६३ वर्षे इतिहास बोकेको नेपाली सेनाले आधुनिकता र अन्तर्राष्ट्रिय सहकार्यलाई समेत प्राथमिकता दिँदै आएको सन्देश यसपटकको समारोहमार्फत दिएको देखिन्छ ।

## अवसरवादी...

निर्वाचन आचारसंहिता जारी भएपछि त झन कर्मचारी संगठका केही पदाधिकारीहरुको खेतीपाती गतिविधिहरु स्वत कम हुन पुगेको चर्चा सुनिन्छ । जसका कारण सेटिङमा कर्मचारीहरुको सरुवा गर्दै रमाउने गरेका संगठनमा आवद्ध कतिपय कर्मचारीहरुको निदहराम भएको चर्चा सिंहदरवार परिसरमा चल्ने गरेको छ । अझ निर्वाचनपश्चात कुन राजनीतिक दलको सरकार गठन होला भन्ने स्पष्ट संकेत अझै देखिइसकेको अवस्था छैन । जुन कारण यस्ता धन्दामा रमाउँदै आएका संगठनका नेता र बिचौलियाको भूमिका निर्वाह गर्दै रमाउँदै आएका कतिपय कर्मचारीहरु भने थप मारमा पर्ने भएका छन् ।

वर्षौंदेखि मन्त्रालयमा जरा गाडेर बसेका र कर्मचारीहरुको सरुवाको काम रोकिदा उनीहरुको अतिरिक्त आम्दानीसमेत गुम्न पुगेको चर्चा मन्त्रालय परिसरमा चल्ने गरेको छ । लेनदेनको आधारमा सरुवा गर्न नपाएपछि रन्थनिएका संगठनमा आवद्ध कतिपय कर्मचारीहरु गोप्य ढंगले मातृ पार्टीका नेताहरुको चुनाव प्रचार प्रसारमा हिंडेको बुझिएको छ । उनीहरु काज बिदा स्वीकृत गरेर आफू अनुकूलका उम्मेदवार हरुको निर्वाचन क्षेत्रमा पुगेको जानकार स्रोतले दावी गरेको छ । यस्ता अवसरवादी कतिपय कर्मचारीहरु सकेसम्म निर्वाचन आयोगलाई दवाव दिएर भएपनि मतदान केन्द्रमा खटिने सुरसार कसिसकेका छन् ।

उक्त रणनीति संभव नभएको खण्डमा अवसर उठाउन पल्केका कर्मचारी गोप्य ढंगले भएपनि आफू अनुकूलताका नेता तथा उम्मेदवार हरुको निर्वाचन क्षेत्रमा खटिएर भोलिका दिन लाभ उठाउने भित्री रणनीतिमा लागेको स्रोतले बताएको छ । अझ चतुर कतिपय कर्मचारीहरुले सामान्यको अतिरिक्तमा दरवन्दी राखेर भएपनि यस्ता गतिबिधिहरुमा रमाउँदै हिंडिसकेका पनि छन् । उनीहरुले दिनहुँ गर्नुपर्ने हाजिरीसमेत एकैपटक गरेर तलव भने पड्काइरहेको मन्त्रालय स्रोतले दावी गरेको छ ।

यस्ता अवसरवादी कर्मचारीहरुको खेलका बारेमा सामान्य प्रशासन मन्त्रालयकी सचिव पौडेललेसमेत राम्ररी भेउ र जानकारी पाउन भने सकिरहेकी छैनन् । निवर्तमान मुख्यसचिव एकनारायण अर्यालको आशीर्वादमा सो मन्त्रालयमा भित्रिएकी सचिव पौडेललाई विभागीय मन्त्री खनालले अर्थ मन्त्रालयका सहसचिवहरुले नेतृत्व गर्दै आएको नेपाल बीमा प्राधिकरण अध्यक्षको जिम्मेवारीमा पठाएका छन् । अध्यक्षको सेवा, सुविधा बापत राम्रै आम्दानी हुने भएकोले मन्त्री खनालले रोजेर नै सहसचिवले नेतृत्व गर्दै आएको प्राधिकरणको नेतृत्वमा सचिव पौडेललाई पठाउन मन्त्रिपरिषद बैठकमा आफैंले प्रस्ताव लगेर निर्णय गराएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोत बताउँछ ।

## सिंहदरबारमा...

गर्ने भन्नेमा पनि डर देखिन थालेको बताइन्छ। अहिले नै उनीहरू आतंकित भएको चर्चा भइरहेको छ । त्यही कारण मन्त्रीहरूलाई पनि कर्मचारीले अहिले नै असहयोग गर्न थालेका छन् । हुन त अहिलेका मन्त्रीहरूमध्ये धेरै कर्मचारीलाई नबुझ्नेहरू रहेका थिए । उनीहरूलाई देखिने गरी नै कर्मचारी र सचिवहरूले असहयोग गरेको बताइन्छ । सिंहदरबारमा चलेको चर्चा अनुसार केही दिनअघि राष्ट्रियसभामा सम्बोधनका क्रममा भाइरल भएकी मन्त्रीको अवस्था पनि कर्मचारीकै कारण भएको हो ।

महिला, बालबालिका मन्त्री श्रद्धा श्रेष्ठ राष्ट्रियसभाको रोष्ट्रममा पुगेकी थिइन् । सूचना मन्त्रालयअन्तर्गतको चलचित्र विधेयकको विषयमा चर्चा गर्न पुगेकी मन्त्रीले आफूलाई थाहा नभएको र सहसचिवलाई सोधेर आउँछु भन्दै रोष्ट्रमबाट हिँडेपछि उनी भाइरल भएकी हुन् । सभाको मर्यादा र तरिका त्यस्तो होइन । त्यसैले उनीमाथि प्रश्न उठ्यो । त्यसरी विषयवस्तुको जानकारी नै सञ्चार सचिवले नदिएको पनि बताइन्छ ।

सञ्चारमन्त्रीको हैसियतमा श्रेष्ठले उक्त विधेयक प्रस्तुत गर्नुपर्ने थियो । त्यसका लागि सचिव लक्ष्मीकुमारी बस्नेतले ब्रिफिङ गर्नुपर्ने थियो । तर सचिवले नै जानकारी नदिएपछि मन्त्री श्रेष्ठ अप्ठ्यारोमा परिन् । अनि उनलाई सहयोग गर्ने कर्मचारीको टिम नभएका कारण झन् समस्या पऱ्यो । कर्मचारीले देखिने गरी असहयोग गरेको श्रेष्ठलाई मात्र होइन, अन्य मन्त्रीहरूलाई पनि सहयोग नगरेको चर्चा छ । त्यसो गर्नुको कारण भने जेन-जीको नाममा जसरी चन्दा र सरुवा-बढुवामा आतंक सिर्जना गरिएको छ, त्यही भएको पनि बताइन्छ । प्रधानमन्त्री कार्यालयदेखि हरेक मन्त्रालयमा त्यस्तो आतंक रहेको सिंहदरबारमा चर्चा भइरहेको छ ।

## नयाँ सरकारलाई...

लागिसमेत आन्तरिक ऋण उठाउनुपर्ने बाध्यतामा मुलुक पुगेको छ । निर्वाचित भएर आउने सांसद, दलका नेता, मन्त्री, सचेतक, सभामुख, उपसभामुखलगायतलाई सवारी साधनलगायतका सेवा सुविधा उपलव्ध गराउनु पर्दा सरकारमाथि थप नयाँ आर्थिक बोझ थपिने निश्चित प्राय रहेको छ ।

उता, अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८२-८३ मा बिनियोजित गरेको बजेटसमेत अपेक्षा गरे बमोजिम कार्यान्वयन नहुने बताइसकेको छ । अघिल्लो सरकारले चालु आ.व.का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बराबरको बजेट बिनियोजन गरेको थियो । अर्थले ६ महिना अर्थात समिक्षा अवधिमा आर्थिक वर्ष असार मसान्तसम्ममा १६ खर्ब ८८ अर्ब ३२ करोड रुपैयाँ मात्र खर्च हुने अनुमान गरेको छ । जुन सुरु विनियोजनको ८५.९६ प्रतिशत बराबर मानिन्छ । यो अवधिमा चालु खर्च ११ खर्ब २५ अर्ब ९७ करोड र पुँजीगत खर्च २ खर्ब ४३ अर्ब ३० करोड बराबर हुने अनुमान गरिएको छ । वित्तीय व्यवस्थातर्फको बजेट ३ खर्ब १९ अर्ब ४ करोड बराबर खर्च हुने संशोधित अनुमान अर्थले गरेको छ ।

हाल सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ । सो बिनियोजित बजेटको ८५.९६ प्रतिशत मात्र खर्च हुने संशोधित अनुमान मन्त्रालयको रहेको छ । मन्त्रालयले गएको मंगलबार बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै बजेट खर्च अनुमान संशोधन गरेको छ । विनियोजन भने चालु बजेट ११ खर्ब ८० अर्ब, पुँजीगत बजेट ४ खर्ब ७ अर्ब र वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब रहेको छ । पुस मसान्तसम्म चालु खर्च लक्ष्यको ४१.२५ प्रतिशत, पुँजीगत खर्च १२.१२ प्रतिशत र वित्तीय व्यवस्थामा ४०.९५ प्रतिशत बराबर खर्च भएको बताइन्छ । चालु आवमा आर्थिक वृद्धि लक्ष्य ६ प्रतिशत हुने अनुमान भने मन्त्रालयले यथावत राखेको छ ।

त्यसैले पनि नयाँ सरकारले उक्त लक्ष्य भेटाउन त्यति सहज भने देखिंदैन । किनकि, सरकार गठन हुनको लागिसमेत चैत महिनाको आधाआधी समय कुर्नुपर्ने अवस्था देखिन्छ । अझ भन्नुपर्दा निर्वाचन प्रणालीका कारण एउटै राजनीतिक दलको बहुमत आउने संभावना निकै न्यून रहेको बताइन्छ । जसले गर्दा नयाँ सरकार गठनका लागि निर्वाचित दलहरु मध्यबिचमा नै समिकरण गरेर अगाडि बढ्नुपर्ने चुनौती रहेको अनुमान गरिएको छ । जसले गर्दा कोलिसन सरकारले मुलुकको गिर्दो अर्थतन्त्रलाई ट्र्याकमा ल्याउन त्यति सहज भने देखिंदैन । थप केही समय लाग्छ नै ।

जेनजी आन्दोलनका कारण पाँच बर्षको लागि गठनको संसद बिघटन तीन वर्षमा नै बिघटन गर्नु परेको थियो । जसले गर्दा प्रतिनिधि सभा निर्वाचनको लागि मात्र झण्डै रु. ३२ अर्व सरकारी रकम खर्च हुने भएको छ । उक्त रकम विकास निर्माणमा लगाउन सकिएको भए मुलुकको आर्थिक विकासमा ठूलो टेवा पुग्ने थियो । अनुत्पादक क्षेत्रका लगानी भएकोले जसबाट आर्थिक समृद्धि हुने देखिंदैन । जसका कारण नयाँ सरकार गठनपश्चात पनि आर्थिक रुपमा मुलुकलाई ट्र्याकमा ल्याउन कम चुनौती भने देखिंदैन ।


**प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो ।
- शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन् ।
- प्रतिनिधिहरुमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो ।

**प्रजातान्त्रिक आचारण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।**
**राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।**



**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार